हाम्रो

नेपाली किताब

कक्षा- ६



हाम्रो नेपाली किताब

कक्षा ६

लेखक
गोविन्दप्रसाद भट्टराई
द्रोण दाहाल

प्रकाशक
श्री ५ को सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानो ठिमी, भक्तपुर, नेपाल ।

© सर्वाधिकार प्रकाशक र मुद्रकमा

संस्करण: पहिलो: २०५१ (परीक्षणका रूपमा)
दोस्रो: २०५२ (परिमार्जित रूपमा)

तपाईंले किनेको पुस्तकमा छपाइ प्रविधिसम्बन्धी कुनै त्रुटि फेला परेमा अधिकृत वितरक साझा अथवा स्थानीय बिक्रेताबाट उक्त पुस्तक साट्न सक्नुहुनेछ ।
ज. शि. सा. के. लि.

मूल्य रु. २०/२०

मुद्रक: जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानो ठिमी, भक्तपुर

लेखकको भनाइ

श्री ५ को सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा विद्यालयस्तरका पाठ्यक्रममा समसामयिक सुधार गर्ने उद्देश्य अनुसार नयाँ पाठ्यक्रमको तर्जुमा गरी पाठ्यपुस्तक लेखाउने कार्ययोजना अनुरूप हामीले कक्षा ६ का लागि हाम्रो नेपाली किताब लेखेका हौं ।

प्रस्तुत पुस्तक भाषासँग सम्बद्ध पाठ्यपुस्तक भएकाले भाषा शिक्षणको मूल उद्देश्यलाई अङ्गीकार गरी भाषिक सीपको विकासका साथै विद्यार्थीको स्तरलाई समेत ध्यानमा राखेर पुस्तक तयार पार्ने प्रयास गरेका छौं । पुस्तक तयारीका क्रममा हामीले आधारभूत रूपमा केही प्रमुख कुराहरूको मनन गरेका थियौं, जसमध्ये पाठ्यक्रमको उद्देश्य, विद्यार्थीको स्तर, उमेर र आवश्यकता, सिर्जनात्मक सीपमा जोड, निर्धारित पाठ्यभार अन्तर्गत शिक्षण सुगमतालाई ध्यानमा राखेर पाठ्यसामग्रीमा विविधता ल्याउने प्रयास तथा पाठ्यसामग्रीको चयनमा आधुनिकता, व्यावहारिकता र रोचकताका साथै अभ्यास प्रक्रियामा जोड दिनेजस्ता प्रस्तुत पुस्तकका उल्लेखनीय पक्ष हुन् ।

शिक्षण प्रक्रिया, खास गरी भाषा शिक्षणका प्रक्रियामा विद्यार्थी र शिक्षक दुवैको सक्रिय सहभागिता आवश्यक हुने सन्दर्भमा प्रस्तुत पुस्तकमा हामीले विद्यार्थीलाई सक्रिय बनाउने प्रयास गरेका छौं ।

अन्त्यमा, पाठ्यक्रम र पाठ्यपुस्तकमा समयको गतिसँगै सुधार, संशोधन र परिमार्जन गर्नुपर्ने हुन्छ । शिक्षाविद् एवं सम्बद्ध विषयका विशेषज्ञहरूबाट यसमा त्रुटिहरू देखिन आएमा रचनात्मक सुझाव र सल्लाह प्राप्त हुने नै छ भन्ने हामीले आशा एवं विश्वास राखेका छौं । यस पुस्तकको तयारीका क्रममा प्रेरणा दिने एवं सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरूप्रति हामी हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छौं ।

धन्यवाद !

लेखकहरू

पुस्तकका सम्बन्धमा

शिक्षालाई व्यावहारिक जीवनमा समय सापेक्ष बनाई विद्यार्थीहरूमा राष्ट्रियता, राष्ट्रिय एकता, सार्वभौमिकता, बहुदलीय प्रजातान्त्रिक मान्यताअनुरूपको भावना विकास गराउने र इमानदारी एवं नैतिकता जस्ता आधारभूत मानवीय गुणहरूको विकास गराई सामाजिक जीवन यापनका लागि आवश्यक ज्ञान र सीप हासिल गराउने उद्देश्यअनुसार विद्यालय स्तरका पाठ्यक्रम पाठ्यपुस्तकहरूको विकास गर्ने प्रक्रिया चालू रहिआएको छ ।

यसै क्रममा शिक्षालाई बढी प्रभावकारी र व्यावहारिक बनाउन वर्तमान राष्ट्रिय सन्दर्भमा पाठ्यक्रम, पाठ्यपुस्तकमा व्यापक सुधार गरिएको छ । तदनुरूप कक्षा ६ का नयाँ पाठ्यक्रम र पाठ्यपुस्तक लागू गरिएको र विभिन्न पक्षबाट प्राप्त हुन आएका सुझावका आधारमा प्रस्तुत पाठ्यपुस्तक संशोधन एवं परिमार्जन गरी प्रकाशमा आएको छ । पाठ्यपुस्तक परीक्षण भएका जिल्लाका सम्बन्धित विषय शिक्षकहरूसँग प्रतिक्रिया सङ्कलन, आवश्यक छलफल एवं गोष्ठी सञ्चालन गर्न माध्यमिक शिक्षा विकास परियोजनाबाट केही विषयहरूमा सहयोग प्राप्त भएको छ । यस पाठ्यपुस्तकको परिमार्जन कार्यमा सागरनाथ उप्रेती, शिवप्रसाद सत्याल, डा. मोहन हिमांशु थापा, महेश्वर न्यौपाने, डा. भूपहरि पौडेल, शिवराज उपाध्यायको संलग्नता थियो भने सम्पादन कार्य भरत नेपाली प्याकुरेलले गर्नुभएको छ । रूपसज्जा र दृष्टान्त चित्र निर्माण टार्जन राई र नगेन्द्र पौडेलले गर्नुभएको हो ।

पाठ्यपुस्तकको सुधार गर्ने सिलसिलामा अझै कैयौं त्रुटिहरू रहन गएका होलान्, आगामी संस्करणमा परिमार्जन गर्न शिक्षक, विद्यार्थी, अभिभावक एवं विषय विद्हरूबाट आवश्यक सल्लाह तथा सुझावका लागि यो केन्द्र हार्दिक अनुरोध गर्दछ ।

पाठ्यपुस्तक स्वयं आफैंमा केही होइन । शिक्षण सिकाइउपलब्धिका धेरै साधनहरू मध्ये प्रमुख साधन हो । यसको मुख्य प्रयोगकर्ताका रुपमा शिक्षक, विद्यार्थी र अभिभावक हुन् । त्यस्तै- शिक्षा प्रशासक, निरीक्षक सम्बद्ध विज्ञहरू पनि यस कार्यबाट पृथक रहन सक्तैनन् । पाठ्यक्रम र पाठ्यपुस्तकको निर्माण र सुधार कार्य निरन्तररुपमा चलिरहने प्रक्रिया भएकाले यसमा देखिन आएका कमी, कमजोरी जस्तै- विषयवस्तु, भाषिक शुद्धता, प्रस्तुति, क्रमिकता, स्तर सुहाउँदो, रोचकता एवं अभ्यास पक्षमा सिर्जनात्मकता जस्ता पक्षलाई दृष्टिगत गरी रचनात्मक सुझावहरूका लागि यो केन्द्र आशा एवं विश्वास गर्दछ ।

पाठ्यक्रम विकास केन्द्र

सानो ठिमी, भक्तपुर

विषयसूची

१. ईश्वर-स्तुति १
२. युक्तिसामु शक्ति टिक्दैन ५
३. विद्वान् गुरु पद्मप्रसाद भट्टराई १२
४. सामाजिक मेलमिलाप १८
५. नीति श्लोक २५
६. गुरु शिष्यको सम्बन्ध २९
७. परिश्रम नगरी फल पाइन्न ३५
८. भूकम्प: एक परिचय ४१
९. लुइ पास्चर ४७
१०. आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ ५३
११. झरना ६१
१२. दाजुलाई चिठी ६५
१३. साहित्यकार भवानी भिक्षु ७०
१४. हिमाल हाँस्छ ! ७५
१५. राष्ट्रको अखण्डता ८०
१६. युधिष्ठिरको परीक्षा ८६
१७. वातावरणको रक्षा ९६
१८. छिमेकी १०७
१९. प्रधानाध्यापकलाई निवेदन ११४
२०. महामानव गौतमबुद्ध ११८
२१. कम्प्युटर १२४
२२. सानो देशका ठूला समाजसेवी १३०
२३. सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ १३६
२४. नाटककार जर्ज् बर्नाड शा १४६
२५. खेतीपातीका लागि कृषिमल १५२

ईश्वर-स्तुति

- कविशिरोमणि लेखनाथ पौड्याल

जय जगदीश्वर ! जय अविनाशी
जय जय भगवन् ! करुणाराशि !
शक्ति छ प्रभुको अपरम्पार
घुम्दछ जसमा सब संसार ॥ १ ॥

जलचर, थलचर, ग्रहगण, तारा
सूर्य लगायत सुर, मुनि सारा ।
केवल प्रभुको करुणा पाई
गर्छन् निज-निज कर्म रमाई ॥ २ ॥

सुर-मुनिदेखि भुसुनासम्म
प्रभु नै सबका घटमा टम्म ।
प्रभुका लेखा प्राणीमात्र
पुत्र-बराबर करुणा-पात्र ॥ ३ ॥

प्रभु नै सब सुख-सम्पति-दाता
प्रभु नै सबको भाग्य-विधाता ।
प्रभु नै सबमा करुणाधारी
प्रभु नै सबको पालनकारी ॥ ४ ॥

बालक हामी शिर निहुराई
प्रभुका पदमा भक्ति लगाई
पढ्न तयारी छौं सब नाथ !
पार लगाऊ करुणा-साथ ॥ ५ ॥



शब्द र अर्थ

जगदीश्वर	:	संसारका मालिक, ईश्वर
अविनाशी	:	नाश नहुने, अमर
करुणा-राशि	:	दयाका खानि, दयालु
अपरम्पार	:	पार पाइनसक्नु, अपार
जलचर	:	पानीमा बसेर जीविका गर्ने जनावर, जलजन्तु
थलचर	:	जमिनमा रहने जनावर
ग्रहगण	:	ग्रहहरूको समूह
सुर	:	देवता
मुनि	:	ऋषि, तपस्वी
निज-निज	:	आ-आफ्नो
घट	:	हृदय
लेखा	:	लागि, निम्ति
पात्र	:	व्यक्ति, कुनै कुरा राख्ने आधार
विधाता	:	सृष्टिकर्ता, ब्रह्मा
पद	:	पाउ, खुट्टा
नाथ	:	मालिक, स्वामी
पालनकारी	:	पालन गर्ने, रक्षा गर्ने
सुख-सम्पत्तिदाता	:	सुख र सम्पत्ति दिने
टम्म	:	टनाटन, भरिभराउ

अभ्यास

१. तलका प्रश्नको उत्तर लेख

- प्रभुको शक्ति कस्तो छ ?
- प्रभुको करुणा किन आवश्यक पर्छ ?
- प्रभु कस-कसका घटमा रहनुहुन्छ ?
- प्रभु प्राणीलाई कुन रुपमा हेर्नुहुन्छ ?
- बालकले प्रभुको भक्ति किन गर्नुपर्छ ?

२. **अर्थ स्पष्ट पार**

- शक्ति छ प्रभुको अपरम्पार
- घुम्दछ जसमा सब संसार ।

३. 'ईश्वर-स्तुति' कवितामा बताइएका कुराहरू आफ्ना शब्दमा लेख ।

४. **ठीक भनाइहरूमा (√) यस्तो चिनो लगाऊ**

- प्रभु भनेर सर्वशक्तिमान् ईश्वरलाई भनिएको हो ।
- बालकले ईश्वरको भक्ति गर्नुपर्छ ।
- यो संसार प्रभुको शक्तिमै घुम्ने गर्छ ।
- ईश्वरको करुणा सबै प्राणीलाई एकनासको हुँदैन ।
- ईश्वर सबैका घट-घटमा बस्छन् ।

५. **पङ्क्ति पूरा गर**

जलचर ---------- ग्रहगण ----------
------- लगायत ------- मुनि सारा ।
केवल ------- करुणा पाई
---------- निज -------- कर्म ------- ॥

६. **उल्टो अर्थ दिने शब्द लेख**

जस्तो: सम्पत्ति - विपत्ति
सुख -
अविनाशी -
भाग्य

७. **उच्चारण गर**

जगदीश्वर, ग्रहगण, शक्ति टम्म, अपरम्पार ।

८. **शुद्ध पारेर लेख**

प्रानी, करुणारासी, सन्सार, केबल, पर्भु, दुनियाभर, बालक,

९. **वाक्यमा प्रयोग गर**

जलचर, भगवान्, भुसुना, करुणा, भक्ति ।

सिर्जनात्मक अभ्यास

१. 'ईश्वर-स्तुति' कविता लय मिलाएर पढ ।

२. 'ईश्वर-स्तुति' कवितामा तिमीलाई सबभन्दा मनपरेको पङ्क्ति कुन हो र मनपर्नाको कारण के हो, छलफल गर ।

पर्यायवाची शब्द	व्याकरण
ईश - ईश्वर	पद - पाउ
शक्ति = तागत, क्षमता	पुत्र = छोरो, सन्तति
संसार = विश्व	करुणा = दया, प्रेम

माथि सँगसँगै दिइएका शब्दहरूमा एक शब्द र अर्को शब्दको अर्थ उस्तै छ । कुनै शब्दको उस्तै अर्थ दिने अर्को शब्दलाई पर्यायवाची शब्द भन्दछन् ।

तलका शब्दको पर्यायवाची शब्द लेख

तारा, सूर्य, निज, पालन, पार

युक्तिसामु शक्ति टिक्दैन

धेरै पहिलेको कुरा हो । कुनै जङ्गलमा 'चतुर्दन्त' नामको एउटा हात्ती बस्तथ्यो । ऊ हात्तीहरूको राजा थियो । हात्तीहरू उसलाई 'गजराज' भन्दथे । त्यस जङ्गलमा हजारौं हात्तीहरूका अतिरिक्त अरू पशुपन्छीहरू पनि त्यत्तिकै मात्रामा बस्तथे । त्यो जङ्गल मानौं- वन्यजन्तु आरक्षण केन्द्रकै रूपमा रहेको थियो ।



एक समयको कुरा हो । लामो समयसम्म खडेरी पऱ्यो । सारा हरियाली हराएर गयो । माटो बुरुर्र फुकेर खरानीजस्तो भयो । वनमा बेपत्तासँग छारो र धूलो उड्न थाल्यो । पानी कतै छिट्याएन । सबै साना ठूला कुवा, इनार, तलाउ, पोखरी र धाराहरू सुकेर गए । हाहाकार मच्चियो । तिर्खाले वन्यजन्तुहरू प्याक-प्याकी मुख बाउन थाले । कति मरे, कति प्राण-रक्षाका लागि यत्रतत्र लागे । हात्तीको बथान पनि ठूलो कष्टमा पऱ्यो । आखिरमा प्राण-रक्षाको उपाय निकाल्ने उद्देश्यले त्यो बथान गजराज चतुर्दन्तकहाँ पुग्यो ।

'गजराज ! हामी तिर्खाले ब्याकुल छौं । हजुरलाई थाहै छ- पानी पिउन नपाएर हाम्रा छावाहरू मरणान्त अवस्थामा छटपटाइरहेका छन् । कैयौं छावाहरू त मरी सके हामीहरूको पनि त्यही अवस्था छ । कुनै उपाय निकालिबक्सियोस् । यस जङ्गललाई त्यागेर अर्कै

जङ्गलतर्फ बाटो तताउनु नै बुद्धिमानी होला भन्ने हामीले ठानेका छौं ।' चतुर्दन्तसमक्ष हात्तीहरूले आफ्नो विचार पोखे ।

गजराज चतुर्दन्त पनि हात्तीहरूको त्यस विचारमा सहमत भयो । "यहाँबाट निकै टाढा पर्ने कुनै जङ्गलमा एउटा ठूलो जलाशय छ । त्यस जलाशयको नाम पाताल-गङ्गा हो । त्यसको मुहान पातालमा छ, त्यसैले त्यस जलाशयमा सधैं पानी टनाटन भइरहन्छ । खडेरीको असर नपर्ने हुँदा पानी सुक्ने सम्भावना पनि कहिल्यै हुँदैन । अत: हामी पाताल-गङ्गा भएको जङ्गलतर्फ प्रस्थान गरौं ।" गजराज चतुर्दन्तले उपाय निकाल्यो । दिन-रात, साँझ-बिहान गर्दै हात्तीको समूह केही दिनमा पाताल-गङ्गा भएको जङ्गलमा पुग्यो । त्यहाँ पुगेर हात्तीहरूले पानीको धोको पुऱ्याए । जलविहार गर्न पाउँदा तिनीहरू असाध्यै रमाए । दिउँसोको चर्को घाममा जलविहार गर्ने र साँझ बिहान पाताल-गङ्गा वरिपरिको रमाइलो वातावरणमा घुमफिर गरेर तिनीहरू समय बिताउन थाले ।

पाताल-गङ्गाकै छेउछाउमा खरायाहरू बस्दथे । हात्तीहरूको रजाइँले उनीहरूको बसोबासमा बाधा पुग्न थाल्यो । हात्तीहरूले कुल्चिदिंदा खरायाहरूका गुँड भत्किए । कति साना-ठूला खरायाहरू स्वाहा भए । यसले गर्दा उनीहरू ठूलो सोचमा परे र एक आपसमा भेला भएर छलफल गर्न लागे । उनीहरूको लामो छलफलबाट एउटै निष्कर्ष निस्कियो- "हात्तीहरूले गर्दा उनीहरूको नाश र वंशको विनाश हुने भयो ।"

'हामीहरू यो ठाउँ छाडेर अन्तै जाऔं' - एउटा खरायाले भन्यो । 'पुर्खौं-पुर्खादिखिको यो ठाउँ छाड्नु राम्रो होइन । बरु हात्तीहरूलाई पो यहाँबाट लखेट्नुपर्छ ।'- अर्का खरायाले आफ्नो विचार प्रकट गऱ्यो ।

"कुरा त ठीकै हो, तर उपाय के छ र ? हात्तीहरू हामीभन्दा धेरै बलवान छन् । उनीहरूसँग जोरी खोज्दा कतै हामी हात्तीको मुखमा जीरा त हुँदैनौं ?'- तेस्रो खरायाले शङ्का प्रकट गऱ्यो ।

सबै खरायाहरू आफ्नो बिचल्लीमा निन्याउरा देखिएका थिए । खरायाहरूको त्यस समूहमा 'लम्बकर्ण' नामको एउटा खरायो अलिक बाठो थियो । ऊ साँच्चिकै युक्तिवाल पनि

थियो । उसले मनमनै केही उपाय सोच्यो र अरूहरूलाई धैर्य गर्न लगाएर आफू फुत्त बाहिर निस्कियो । अरू खरायाहरू लम्बकर्णको त्यो चाल देखेर एकछिन ट्वाल्ल परे ।

उता लम्बकर्ण सरासर चतुर्दन्तकहाँ गयो र आफ्नो परिचय दिंदै भन्न थाल्यो-

"पाताल-गङ्गाको यो जङ्गल खरायाहरूको बसोबासका लागि हो । हाम्रा राजा चन्द्रदेव चन्द्रमण्डलमा बस्तछन् । हामी चन्द्रवंशी हौं । यो जङ्गल पनि चन्द्रदेवकै अधीनमा छ । म चन्द्रदेवले पठाएको लम्बकर्ण नाम गरेको दूत हुँ । दूतले भनेको कुरामा विश्वास गर्नु र चन्द्रदेवको आज्ञापालन गर्नु तिम्रो कर्तव्य हुनेछ । त्यसैमा तिमीहरूको हित पनि छ ।"

गजराज चतुर्दन्तका मनमा चस्का पसिसकेको थियो । उसले लम्बकर्णसँग सोध्यो- 'लम्बकर्ण ! चन्द्रदेवबाट हामीहरूलाई के आज्ञा भएको छ ? त्यो कुरा सुनाऊ । हामी आज्ञापालन गर्न तयार छौं ।"

चन्द्रवंशी खरायाहरूलाई तिमीहरूले तहस-नहस पाऱ्यौ । कति मरे, कति बिचल्लीमा परेका छन् । यो कुरा चन्द्रदेवलाई पनि थाहा भयो । आफ्नो वंश-रक्षाका निम्ति चन्द्रदेवबाट तिमीहरूलाई यो जङ्गल छाडेर अन्तै जान आदेश भएको छ ।" लम्बकर्णले स्पष्टसँग बतायो र फेरि थप्यो - "तिमीहरू यहाँबाट हटेनौ भने चन्द्रदेव रिसाउनुहुनेछ र तिमीहरूको ठूलो अनिष्ट हुनेछ ।"

"किन्तु, चन्द्रदेव कहाँ हुनुहुन्छ ?" - चतुर्दन्तले उत्सुकतापूर्वक सोध्यो । "चन्द्रदेव अहिले त्यसै तलाउमा हुनुहुन्छ ।" लम्बकर्णले उत्तर दियो । "साँच्चिकै अहिले चन्द्रदेव त्यसै तलाउमा हुनुहुँदोरहेछ भने, म तिम्रा कुरामा विश्वास गर्छु र उहाँको आदेश तुरुन्तै स्वीकार गर्छु । लौ, बरु मलाई पनि चन्द्रदेवको दर्शन गराइहाल ।" चतुर्दन्तले शर्तसहित वाचा गऱ्यो । पूर्णिमाको साँझको समय थियो । चन्द्रमाको प्रकाशले चारैतिर उज्यालो छाएको थियो । यस्तैमा 'के खोज्छस् काना, आँखो' भनेझैं लम्बकर्ण अघि लाग्यो र गजराज चतुर्दन्त उसका पछि-पछि लस्कन थाल्यो । ती दुवै पाताल-गङ्गाका छेउमा पुगे । नभन्दै स्वच्छ जलाशयमा चन्द्रमाको छाया ऐनामा मानिसको अनुहारजस्तै छर्लङ्ग टल्किरहको थियो । त्यो देखेर लम्बकर्णको कुरामा चतुर्दन्तलाई पूरै विश्वास भयो । उसले परैबाट चन्द्रदेवको दर्शन गऱ्यो र पहिलेको वाचाअनुसार आफ्नो बथानसहित गजराज त्यो जङ्गल छाडी पुरानो बस्तीतर्फ लाग्यो । लम्बकर्णको युक्तिले खरायाहरूको दिन फिरे र उनीहरू पहिले झैं पाताल-गङ्गा वरिपरि खुसीले नाच्न थाले ।

शब्द र अर्थ

गजराज	:	हात्तीहरूका राजा
वन्यजन्तु	:	वनमा बस्ने पशु-प्राणीहरू
आरक्षण	:	जङ्गली पशुपन्छीको सुरक्षाका निम्ति छुट्याइएको वन-जङ्गलको सुरक्षित क्षेत्र
यत्रतत्र	:	जहाँतही, सर्वत्र
व्याकुल	:	दुःख-पीरले गर्दा मनमा शान्ति नभएको, आत्तिएको
छावा	:	हात्तीको बच्चा
निष्कर्ष	:	निचोड, निर्क्योल
जलविहार	:	पानीमा खेलेर अनान्द लिने क्रिया, जलक्रीडा
तहसनहस	:	बिग्री-भत्की नाश हुने स्थिति, समाप्ति ।
निन्याउरो	:	मलिन, टीठलाग्दो
युक्तिवाल	:	जुक्तिवाल, कुनै समस्या-समाधान गर्न उपाय निकाल्न सक्ने क्षमता भएको
चन्द्रमण्डल	:	चन्द्रमा वरिपरिको गोलाकार परिधि
चन्द्रवंशी	:	चन्द्रवंशसँग सम्बन्धित
चस्का	:	च्वास्स घोचेको अनुभव, दुःखाइ
वंश-रक्षा	:	वंशको रक्षा, कुल-परम्पराको रक्षा,
अनिष्ट	:	हानि, नाश
शर्त	:	कबोल, सन्धि अथवा सम्झौता गर्दा पालन गरिने कुरा
स्वच्छ	:	सफा निर्मल
जलाशय	:	तलाउ, पोखरी
प्राणरक्षा	:	ज्यानको रक्षा, प्राणको रक्षा

अभ्यास

१. **तलका प्रश्नको उत्तर लेख**

- हात्तीहरू चतुर्दन्तकहाँ जानुपर्ने कारण किन पऱ्यो ?
- हात्तीहरूले चतुर्दन्तसामु के-कस्तो विचार प्रकट गरे ?
- पाताल-गङ्गाको विशेषता के थियो ?
- हात्तीहरूको प्रवेशले खरायोको बस्तीमा कस्तो असर पऱ्यो ?
- हात्तीहरूलाई लखेट्न लम्बकर्णले कस्तो युक्ति निकाल्यो ?
- चतुर्दन्त आफ्नो बथानसहित किन पुरानो बस्तीतर्फ लाग्यो ?
- यो कथा पढेर के कस्तो शिक्षा पाइन्छ ?

२. "जुक्ति-बुद्धिका सामु शक्तिको केही चल्दैन" भन्ने कुरा पाठ्यकथाका आधारमा स्पष्ट पार ।

३. **कसले किन भनेको के हो ?**

- अर्को जङ्गलतर्फ बाटो तताउनु नै बुद्धिमानी होला ।
- पुखौँपुखदिखिको ठाउँ छाड्नु राम्रो होइन ।
- दूतले भनेको कुरामा विश्वास गर्नु र चन्द्रदेवको आज्ञापालन गर्नु तिम्रो कर्तव्य हुनेछ ।
- लौ, बरु मलाई पनि चन्द्रदेवको दर्शन गराइहाल ।

४. यस कथाको दोस्रो अनुच्छेद पढी कक्षामा सुनाऊ ।

५. **यस पाठमा**

- बाटो तताउनु, स्वाहा हुनु, हाहाकार मच्चिनु, ट्वाल्ल पर्नु, मनमा चस्का पस्नु, दिन फिर्नु जस्ता टुक्काको प्रयोग भएको छ । त्यसै गरी-
- 'हात्तीको मुखमा जीरा', 'के खोज्छस् काना आँखो' जस्ता उखानहरूको पनि प्रयोग भएको छ । तिनको प्रयोग कुन ठाउँमा कसरी भएको छ, पत्ता लगाएर राम्ररी पढ र प्रयोग गर्ने तरीका समेत बुझ ।

६. **वाक्यमा प्रयोग गर**

प्याकप्याक्ती मुख बाउनु, छावा, बलवान्, लौ, वन्यजन्तु ।

७. **शुद्धसँग लेख**

हात्ति, प्रान-रक्छया, निस्कर्श, एत्ततत्र, अइना ।

सिर्जनात्मक अभ्यास

१. कथाका आधारमा बलभन्दा बुद्धि ठूलो हुन्छ भन्ने विषयमा आपसमा छलफल गर ।

२. तिमीले जाने-सुनेको शिक्षाप्रद कथा लेखी शिक्षकलाई देखाऊ ।

व्याकरण

पद-सङ्गति

१. **लिङ्ग**

- पुलिङ्ग - बालक रुन्छ । केटो हाँस्छ । छोरो आयो । त्यो पढ्छ ।
- स्त्रीलिङ्ग - गीता गाउँछे । बहिनी सुत्छे । तिनी जान्छिन् । छोरी रुन्छे ।
- नपुंसक लिङ्ग - कमिलाले टोक्छ । बिरुवा बढ्छ । खोलो सुसाउँछ ।

- पुलिङ्गको सम्बन्ध भाले वा पुरुष जातिसँग हुन्छ ।
- स्त्रीलिङ्गको सम्बन्ध पोथी वा स्त्रीजातिसँग हुन्छ; र
- नपुंसकलिङ्गको सम्बन्ध भाले पोथी नछुट्टिने र निर्जीवसँग हुन्छ ।

त्यसै सम्बन्धका आधारमा पुलिङ्ग, स्त्रीलिङ्ग र नपुंसक लिङ्ग गरी लिङ्ग तीन किसिमका मानिन्छन् । क्रियापद पनि लिङ्गअनुसार प्रयोग गर्नुपर्छ ।

तलका थप अभ्यास गर

१. **कर्ताअनुसार क्रियापदको लिङ्ग सच्याऊ**

- केटी कुद्छ -
- रामेश जान्छे -
- उडुस टोक्छे -
- सीता रमाउँछ -
- भाले बास्छे ।

२. **जोडा मिलाऊ**

भाइ	लेखिन्
घोडा	रुन्छ
सानी	हिनहिनाउँछ
हात्ती	उठ्छे
प्रतिमाले	लम्कन्छ

३. **लिङ्गको आधारमा वाक्य-परिवर्तन गर**

जस्तै: त्यसले कुट्यो = त्यसले कुटी ।

- भाइले लेख्यो =
- छोरीले बोलाउँछे =
- नोकर बारी खन्छ =
- छात्रा पढ्लिन् =
- साने सुतेको छ -

४. **दिइएका क्रियापदहरू राखी वाक्य बनाऊ**

जस्तै : बल्छ - आगो बल्छ ।

खान्छ | उड्छ | खेल्छे | उम्रन्छ | हेरिन | बल्छ | आइन

पोख्यो | गाउँछे | सुस्ताउँछ | पलाउँछ | अस्ताउँछन् | बर्सिए | रोयो

आएन | नाचिन् | खेल्छिन्

विद्वान् गुरु पद्मप्रसाद

'आचार्य देवो भव'- गुरु देवतासमान पूज्य हुन्छन् । गुरुको सधैं आदर गरिन्छ । सधैं श्रद्धापूर्वक आदर गरिने गुरुहरूमध्ये पं. पद्मप्रसाद भट्टराईलाई पनि लिन सकिन्छ । संस्कृतको भन्दा अङ्ग्रेजीको प्रभाव बढिरहेका समयमा संस्कृत-विद्याका एक विभूतिका रूपमा पं. पद्मप्रसाद देखा पर्दछन् । नेपालमा मात्र होइन, भारतमा पनि संस्कृत विद्वान्हरूका बीच उनको ठूलो सम्मान छ ।

पद्मप्रसाद भट्टराईको जन्म वि.सं. १९५३ साल वैशाख १४ गते रामेछाप जिल्लाको सालु भन्ने गाउँमा भएको हो । पिता दीनानाथ र माता कृष्णमायाका सुपुत्र पद्मप्रसादमा सानै उमेरदेखि पढाइप्रति अभिरुचि उब्जिएको थियो । सामान्य परिवारमा जन्मिएका भट्टराई एघार वर्षको उमेरमा विद्या-अध्ययनका लागि काठमाडौं आई संस्कृतको अध्ययन गर्न लागे । उनी प्रतिभा सम्पन्न छात्र थिए, त्यसो हुँदा सबै विषयका पाठहरू कण्ठस्थ सुनाउन सक्थे । कुनै परीक्षामा पनि उनलाई असफलताको डर हुँदैनथ्यो । वास्तवमा मेघावी विद्यार्थीका निम्ति परीक्षा उत्साह र अभिरुचिको विषय हुने गर्छ । यस आधारमा एकपछि अर्को परीक्षामा प्राप्त गरेको सफलताले पद्मप्रसादमा पढाइप्रतिको अनुराग बढ्दै गयो । वि.सं. १९७३ सालमा उनले वनारस विश्वविद्यालयबाट मध्यमा परीक्षा प्रथम श्रेणीमा प्रथम भएर उत्तीर्ण गरे । त्यसभन्दा माथिल्लो तहको पढाइ त्यतिखेर काठमाडौंमा नभएकाले उनी वनारसमै बसेर अध्ययन गर्न लागे ।

'विद्या हराए काशी जानु' भन्ने जनविश्वास अनुसार वनारस विद्याको केन्द्र मानिन्थ्यो । विद्वान्हरूसँगको सम्पर्क र उनीहरूबाट प्राप्त ज्ञानले पद्मप्रसादले संस्कृतका विभिन्न विषयमा दखल गरे । उनको विद्वत्ता बढेर गयो । उनले विद्यार्थी जीवनमै संस्कृत विषयका

सम्मेलन र गोष्ठीहरूमा भाग लिएर शास्त्रार्थ गरी आफ्नो ज्ञानको परिचय दिए । वि.सं. १९८० सालको नव्य न्याय विषयको आचार्य परीक्षामा पनि उनले प्रथम श्रेणीमा प्रथम भएर सफलता हासिल गरे । पं. पद्मप्रसादले 'पोष्टाचार्य' को उपाधि समेत प्राप्त गरेका थिए ।

पद्मप्रसाद भट्टराईका अध्ययनको मुख्य विषय न्याय र व्याकरण भए पनि उनमा साहित्य, वेदान्त, ज्योतिष र धर्मशास्त्रको पनि राम्रो ज्ञान थियो ।

एउटा अध्ययनशील विद्यार्थी नै लगनशील गुरु बन्न सक्छ । वि.सं. १९८६ साल मा वनारस संस्कृत कलेजको प्राचार्यमा नियुक्त भएर पं. पद्मप्रसादले संस्कृतका विभिन्न विषयहरू पढाए । त्यसबेलादेखि नै उनले वनारसमा विद्वान् गुरुको प्रसिद्धि प्राप्त गरेका थिए । २००८ सालसम्म उनी त्यहीं बसे । त्यहाँ रहँदा संस्कृत विषय र हिन्दू दर्शनको शास्त्रार्थमा त्यहाँका कुनै विद्वान्ले पनि उनलाई खोट लगाउन सकेनन् । वास्तवमा पं. पद्मप्रसाद भट्टराई आधुनिक समयका आत्मज्ञानी याज्ञवल्क्य जस्तै थिए । यसैले उनलाई २००८ सालमा वनारसको विद्वत् - सभाले "न्याय-रत्न" को पदवी प्रदान गऱ्यो ।

"जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी"- पं. पद्मप्रसाद भट्टराईमा देश-सेवाको भावना छँदै थियो । देशको सेवा गर्ने उनको इच्छा र उनको विद्वत्ताको कदर गरी राष्ट्रपिता श्री ५ त्रिभुवनले उनलाई सम्मानपूर्वक नेपालमा बोलाए । उनी २००९ सालमा नेपाल राजकीय संस्कृत महाविद्यालयको उप-प्राचार्यको पदमा नियुक्त भए ।

जीवनभन्दा कर्म, सुखभन्दा ज्ञान र सन्तानभन्दा आफ्ना शिष्यलाई महत्त्व दिने र माया गर्ने पद्मप्रसाद भट्टराईको अध्ययन-अध्यापनमा विशेष रुचि थियो । दर्शनजस्तो कठोर विषयलाई पनि सरल तरिकाले छर्लङ्ग बुझाउन सक्ने क्षमता उनमा पाइन्थ्यो । उनी कहिलेकाहीं आफूले चाहेजस्तो अध्ययनशील र लगनशील छात्र नपाउँदा खिन्न पनि हुन्थे तर आफ्ना अगाडि आएर विद्यार्थीले पुस्तक फुकाउँदा उनी एकाएक खुसी हुन पुग्थे ।

हिन्दू-धर्म संस्कृतिका अनुयायी पं. पद्मप्रसाद भट्टराई नित्य सन्ध्या, उपासना, पूजा, पाठ तथा शुद्ध खानपिन र अध्ययन-अध्यापनमा विशेष ध्यान दिन्थे । ईश्वरको उपासनामा

लागेका पद्मप्रसादले आफ्ना परिवारको हेरचाहमा भने त्यति समय दिन सकेनन् । स्वयं आफ्ना बारेमा पनि उति वास्ता गरेनन् । अध्यापन कार्यमा नै प्रायः संलग्न रहे ।

वि.सं. २०१४ सालमा प्राचार्य पदमा उनको पदोन्नति भयो । त्रिभुवन विश्वविद्यालयको संस्कृत विभागको अध्यक्ष भएर पनि उनले काम गरे ।

उनी राजसभाका सदस्य पनि भए । गोरखा दक्षिण बाहु तेस्रा र दोस्राले उनलाई विभूषित गरियो । २०२२ सालसम्म उनले कर्मठ जीवन बिताए, त्यसपछि भने पक्षाघातले थला परे । व्यथा निको हुन सकेन । लामो समयसम्म पक्षाघातको पीडा सहँदै २०३० सालमा विद्वान् गुरु पं. पद्मप्रसाद भट्टराई यस संसारबाट बिदा भए । उनी यस संसारमा नभए पनि उनको जीवनीबाट हामीले सधैं मन लगाएर पढ्ने, मिहिनेत गरेर आर्जन गरेको विद्याको सदुपयोग गर्ने प्रेरणा लिनुपर्दछ ।

शब्द र अर्थ

विद्वत्ता	:	विद्वान्मा हुने गुण
मेधावी	:	प्रतिभाशाली, प्रखर बुद्धि भएको
भय	:	डर-त्रास
अनुराग	:	प्रेम, लगाव
शास्त्रार्थ	:	शास्त्रका विषयमा गरिने तर्क-वितर्क
पोष्टाचार्य	:	पि.एच.डी. जस्तो उपाधि, आचार्यपछि तीनवर्षसम्म अध्ययन गरेर पाइने एक प्रकारको उपाधि,
अध्ययनशील	:	अध्ययन गर्ने बानी बसेको, पठनपाठनमा लगाव भएको
आत्मज्ञानी	:	आत्मा र परमात्माको ज्ञान भएको, ब्रह्मज्ञानी
कट्टर	:	अर्काका तर्कमा नअलमलिने, आफ्नो सिद्धान्तमा कठोर
अनुयायी	:	पिछलग्गू, अनुसरण गर्ने
पदोन्नति	:	बढुवा
पक्षाघात	:	शरीरका अङ्ग नचल्ने एक रोग, पक्षवात

पूज्य : पूजा गर्न लायक, सम्मानयोग्य

शिष्य : विद्यार्थी वा चेलो

मध्यमा परीक्षा : आइ.ए. स्तरको संस्कृत तर्फको परीक्षा

कर्मठ : काममा कुशलतापूर्वक संलग्न, काममा डटेर लाग्ने किसिमको

अभ्यास

१. तलका प्रश्नको उत्तर लेख

- पद्मप्रसादले विद्यार्थी जीवनमा आफ्नो प्रतिभाको परिचय कसरी दिए ?
- पद्मप्रसादलाई संस्कृत जगत्का विभूति किन भनिएको हो ?
- पद्मप्रसादले गुरुका रूपमा प्रसिद्धि पाउनाको कारण के थियो ?
- पद्मप्रसादलाई के-कस्ता सम्मानद्वारा विभूषित गरिएको पाइन्छ ?
- पद्मप्रसादले आफ्ना बारेमा किन उति वास्ता गरेनन् ?
- पद्मप्रसादको जीवनीबाट विद्यार्थीले सिक्नुपर्ने कुराहरू के-के हुन् ?

२. पाठका आधारमा खाली ठाउँ भर

- गुरुको सधैं ..... गरिन्छ ।
- वनारसको विद्वत्-सभाले पद्मप्रसादलाई ..... को पदवी प्रदान गऱ्यो ।
- वास्तवमा मेधावी विद्यार्थीका निम्ति परीक्षा ..... विषय हुने गर्छ ।
- ..... ले पद्मप्रसादलाई सम्मानपूर्वक नेपालमा बोलाए ।
- वि.सं. १९८० को ..... परीक्षामा पनि उनले ..... भएर सफलता हासिल गरे ।

३. ठीक-बेठीक छुट्याऊ

- पद्मप्रसादको जन्म वि.सं. १९५३ साल वैशाख १४ गते भएको थियो ।
- पद्मप्रसाद एघार वर्षकै उमेरमा पढ्नका लागि वनारस गएका थिए ।

- पद्मप्रसादको मुख्य विषय वेदान्त र ज्योतिष थियो ।
- पद्मप्रसादले गोरखा दक्षिण बाहु दोस्रा र तेस्रा पनि पाएका थिए ।
- पद्मप्रसाद सन्ध्या, उपासना, पाठ, पूजा गर्न झ्याउ मान्थे ।

४. **शुद्धसँग लेख**

बिभुती, आत्मग्यानी, बिश्वविद्यालय, अनुयाई अध्ययनसील

५. **शुद्धसँग उच्चारण गर**

शास्त्रार्थ, विद्वत्ता, अध्ययन, प्राचार्य, ज्योतिष, केन्द्र, शिष्य

६. **अर्थ स्पष्ट पार**

- विद्या हराए काशी जानु
- जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी ।

७. **पढ र विचार गर**

- एउटा अध्ययनशील विद्यार्थी नै लगनशील गुरु बन्नसक्छ ।
- गुरु देवतासमान पूज्य हुन्छन् ।
- पं. पद्मप्रसाद भट्टराई आधुनिक समयका आत्मज्ञानी याज्ञवल्क्य जस्तै नै थिए ।

सिर्जनात्मक अभ्यास

१. तिमीलाई प्रभाव परेका कुनै एक गुरुको जीवनी लेखी शिक्षकलाई देखाऊ ।

२. सफल गुरु हुन आवश्यक पर्ने गुणहरू बारे कक्षामा छलफल गर ।

व्याकरण

पद-सङ्गति

(ख) पुरुष

- मैले भात खाएँ ।
- हामीले भात खायौं । **प्रथमपुरुष**
- तिमीले भात खायौ ।
- तिमीहरूले भात खायौ । **द्वितीयपुरुष**
- तैंले भात खाइस् ।
- तपाईंले भात खानुभयो ।

- त्यसले भात खायो ।
- तिनले भात खाए ।
- उहाँ । त्यहाँ । यहाँ । ले भात खानुभयो **तृतीय पुरुष**
- तिनीले भात खाइन् ।

प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुष गरी पुरुष तीन प्रकारका हुन्छन् । क्रियापद पनि पुरुषअनुसार प्रयोग गर्नुपर्छ ।

तलका थप अभ्यास गर

१. खाली ठाउँ भर

- श्याम चिठी ..... (लेख्छु, लेख्छस्, लेख्छ)
- म पाठ ..... (पढ्छु, पढ्छौ, पढ्छ)
- त्यो भनेको ..... (मान्छस्, मान्छु, मान्छ)
- हामी मिलनसार ..... (छस्, छन्, छौं)
- तिमी आफ्नो काम आफैं ..... (गर्छौं, गर्छौं, गर्छ)

२. कर्ताको पुरुषअनुसारको क्रियापद प्रयोग गरी वाक्य पूरा गर

- नोकरले दाउरा .....।
- भरियाले भारी .....।
- गोठाल्नीले घाँस .....।
- हामी जाँच .....।
- तिमी सफल ..... ।

३. तल दिइएका वाक्यलाई भिन्नै पुरुषमा लगी परिवर्तन गर

उदाहरण : म कलम किन्छु : - तिमी कलम किन्छौ । - त्यो कलम किन्छ ।

- त्यो टेबुल पुच्छ :
- तिमी कुचो लाउँछौ :
- हामी शिक्षक हुन्छौं :
- तँ खेल जित्छस् :
- म बुबालाई ढोग्छु ।

सामाजिक मेलमिलाप

मानिस विद्या, बुद्धि र विवेकको खानी हो । यिनै विशेष गुणहरूले गर्दा ऊ पशुको तहभन्दा धेरै माथि उठ्न सकेको हो । धेरै कुराहरू त मानिस र अन्य प्राणीका बीच मिल्दाजुल्दा नै देखिन्छन् । सबै प्राणीहरूले खानेकुरा खानै पर्छ । निद्रा सबै प्राणीका लागि प्यारो हुन्छ । सबै प्राणीका मनमा एक-न-एक प्रकारको डर रहेकै हुन्छ । जन्मने र मर्ने क्रिया सम्पूर्ण पशु-प्राणीमा एकै रूपमा देखिन्छ । यी कुराहरू मानिस र पशुका बीच समान रूपले रहेका हुन्छन् तर सबैको कल्याण चाहने, गर्न नहुने काम नगर्ने र ठीक-वेठीक छुट्याउने शक्ति चाहिँ मानिसबाहेक अरू प्राणीमा पाइन्न । यस्तो शक्तिलाई कसैले 'धर्म,' कसैले 'कर्तव्य' र कसैले 'विवेक' भन्छन्, यही विशेष गुण भएकाले प्राणीहरूमा मानिस सबैभन्दा श्रेष्ठ सामाजिक प्राणी मानिएको हो ।

समाज भन्नासाथ त्यसमा विविधता पाइन्छ । अनेक जात-जाति, धर्म-संस्कृति, वर्ग-सम्प्रदाय, भेष-भूषा र भाषा, चिन्तन-मनन र जीवन-पद्धतिको संमिश्रणबाट नै कुनै पनि समाजको निर्माण भएको हुन्छ । मानिसमा यस्तो विविधता नहुँदो हो त त्यो पनि कुनै कारखानाको उत्पादनजस्तै एकै किसिमको हुने थियो, तर मानिस कदापि त्यस्तो छैन । आफ्नो ज्ञान, सीप, श्रम र बुद्धिले गर्दा मानिस अरूभन्दा कुनै-न कुनै रूपले बेग्लैजस्तो बनेर समाजमा आफ्नो परिचय दिन चाहन्छ । मानिसमा पाइने यस्तो भिन्न स्वभावले गर्दा नै मानव-समाज झन्-झन् उन्नतितर्फ लम्कँदै गएको हो । मानिसमा विशेष देन दिने उत्सुकता मरेर गयो भने, विकासको मुहान नै सुक्छ र संसार मरुभूमिझैं निरस बन्न पुग्छ । त्यसैले संसारको सार भन्नु नै वास्तवमा अगाडि बढ्नु हो । अगाडि बढ्ने र संसारलाई अगाडि बढाउने शक्ति केवल मानव-समाजसँग मात्र छ र मानिसले आपसी सहयोग, सहिष्णुता, शान्ति मित्रता, दया, करुणा, मानवता र स्वतन्त्रताको रक्षा गर्दै अगाडि बढ्दै रहनुपर्दछ ।

मानिस देवता होइन तर असल विचार र राम्रा कामले ऊ देवताजत्तिकै मान्न लायक पनि हुन सक्तछ । त्यसो त कुनै पनि समाजमा खराब आचरण र विचार भएका मानिसहरू पनि प्रशस्त मात्रामा भेटिन्छन् । आपसी कलह, मारकाट र अशान्ति मच्चाएर आफू आनन्द मान्ने स्वभावका मानिसले पक्कै पनि मानव-समुदायलाई कालो धब्बा लगाएका छन् तर समाजमा गलत र सही कुरा खुट्याएर एकता कायम गर्न सकियो भने खराब विचारका मानिसहरू स्वतः कमजोर हुन पुग्छन् । मानिस त आखिर सर-सङ्गतले पनि सुध्रने जात हो । हामीले रत्नाकर डाँकू, महर्षि वाल्मीकि बनेको कथा पनि त सुनेका छौं, तर त्यसका लागि सामाजिक वातावरण ठीक हुनुपर्छ, सामाजिक वातावरण ठीक हुन समाजका सदस्यका बीच आपसी प्रेम, आदरको भावना, कर्तव्यको ख्याल र मर्यादित बानी-बेहोरा हुनु अत्यावश्यक मानिन्छ । यी कुरातर्फ मानिसले खुबै विचार पुऱ्याउनुपर्दछ ।

मानिसमा पहिल्यैदेखि मेलमिलापको गुण रहँदै आएको पाइन्छ । मानिस-मानिस बीच मात्र होइन, अरू पशु-पन्छीसँग समेत उसले मित्रता र मेलमिलाप गरेका उदाहरणहरू हामी पाउँदछौं । वनवासी रामचन्द्रले सुग्रीवसँग मेलमिलाप गरेको कुरा हामीलाई थाहै छ । कहाँ

रामचन्द्र, कहाँ सुग्रीव वानर ! तर यसले मानिसको मेलमिलाप गर्ने गुणको परिचय चाहिं राम्रैसँग दिन्छ । अझ ऋषि-मुनिहरूका आश्रममा हिंस्रक जङ्गली जनावरहरू ऋषि-मुनिकै शिष्य वा सन्तानझैं लुटपुटिने गरेका कुराको वर्णन पहिले-पहिलेका काव्यहरूमा पाइन्छ, त्यसले पनि मानिसको मिलनसार बानी-बेहोराबारे अनुमान गर्न सकिन्छ । पशुपन्छी र जनावरहरूलाई समेत आफ्नो प्रेमले रद्द पार्न सक्ने मानिसले मानिस-मानिसकै बीच मेलमिलाप गर्न नसक्ने कुरा होइन, तर विभिन्न स्वार्थ, चुक्ली, लुच्याइँ-फट्याइँजस्ता तुच्छ कुराहरूले मानव-समाजमा लडाई, झगडा, हिंसा-हत्या र उपद्रवहरू मच्चिने गरेका घटनाहरू घट्ने गर्दछन् । यी कुराहरू मानिसका लागि पटक्कै नसुहाउने कुरा हुन् ।

आखिरमा मेलमिलाप गर्ने उद्देश्यले नै मानिसले समाजको कल्पना गरेको हो । एक्ला-एक्लै बस्दा अनेक प्रकारका समस्या भोग्नुपर्ने र कहिलेकाहीं त जीवनकै पनि सुरक्षा नहुने भएकाले मानिसका लागि समाज सबभन्दा उपयुक्त आश्रय बनेको हो । आफ्नो सबभन्दा सुरक्षित आश्रयस्थललाई मानिसले आफैंले सिंगार्नुपर्छ, आफैंले सजाउनुपर्छ, त्यसका लागि रङ्गीचङ्गी - फूलबुट्टे वस्तुहरूको कुनै आवश्यकता पर्दैन, फगत मानिस-मानिसका बीच संयम र समझदारी, परस्परको हित र सहयोगको भावना, आपसी प्रेम र मित्रता, अर्काका विचारको कदर, खराब आचरण र विचारको त्याग तथा मानवमात्रको एकताको चाहनाजस्ता सामाजिक सद्गुणहरू आवश्यक हुन्छन् । सामाजिक मेलमिलापको स्थितिले नै मानिस सभ्य कहलाउँछ र उसले मानव-समाज र आफ्नो राष्ट्रको गौरव बढाउन सक्दछ । वास्तवमा हामीले महान् भनेर मान्दै आएका मानिसहरू पनि त्यस्तै गुणहरूले गर्दा महान् बनेका हुन् ।

शब्द र अर्थ

विविधता	:	विभिन्न प्रकारको
कदापि	:	कहिल्यै पनि
सहिष्णुता	:	सहने शक्ति, परस्परमा मिलेर बस्ने गुण
धब्बा	:	दाग, चिह्न
मर्यादित	:	मर्यादामा रहेको, नियम-अनुशासनमा बसेको
मिलनसार	:	मेलमिलाप गर्ने गुण भएको
रद्द	:	दङ्ग, छक्क
उपद्रव	:	उत्पात, उपद्रो, बिजाईं
आश्रयस्थल	:	आश्रय लिने ठाउँ
सद्गुण	:	असल गुण, राम्रा बानी-बेहोरा

अभ्यास

१. तलका प्रश्नको उत्तर लेख

- मानिस अरू प्राणीभन्दा किन श्रेष्ठ मानिएको हो ?
- सामाजिक मेलमिलापका निम्ति के-कस्ता कुरामा विचार पुऱ्याउनुपर्दछ ?
- समाजमा के-कस्तो विविधता पाइन्छ ?
- समाजलाई सिंगार्न कस्ता गुणहरू आवश्यक हुन्छन् ?
- कहिलेकाहीं मानव-समाजमा किन नराम्रा घटना घट्ने गर्छन् ?

२. स्पष्ट गर

- संसारको सार भन्नु नै वास्तवमा अगाडि बढ्नु हो ।
- सामाजिक मेलमिलापको स्थितिले नै मानिस सभ्य कहलाउँछ ।

३. 'सामाजिक मेलमिलाप' भन्ने पाठमा परेका मुख्य-मुख्य कुराहरू छोटकरीमा आफ्नै शब्दमा वर्णन गर ।

४. **उदाहरणमा झैं खाली ठाउँमा शुद्ध रूप लेख**

उदाहरण : स्वतन्त्र-मानिसले स्वतन्त्रताको रक्षा गर्दै अगाडि बढ्नुपर्छ ।

विविध - समाजमा विविधता पाइन्छ ।

उत्सुक - विशेष देन दिने ..... मानिसमा मरेर गयो भने विकासको मुहान नै सुक्छ ।

सुध्रनु - मानिस त आखिर सर-सङ्गतले पनि ..... जात हो ।

वनवास - ..... रामचन्द्रले सुग्रीवसँग मेलमिलाप गरेका थिए ।

सुरक्षा - समाज मानिसको सबभन्दा ..... आश्रयस्थल हो ।

५. **ठीक-बेठीक छुट्याऊ**

- मानिसले मेलमिलाप गर्ने उद्देश्यले नै समाजको कल्पना गरेको हो ।
- मानिस र अरू प्राणीमा कुनै भिन्नता पाइन्न ।
- मानिस-मानिसका बीच मेलमिलाप गर्न नसकिने कुरा हो ।
- समाजमा खराब आचरण र विचार भएका मानिसहरू प्रशस्त भेटिन्छन् ।
- सामाजिक मेलमिलापविना पनि मानिस सभ्य बन्न सक्छ ।

६. **उदाहरणमा दिएझैं तलका शब्दहरू शुद्ध गरी लेख**

उदाहरण - मेलमिलाप = मेलमिलाप (पदयोग)
प्राणी हरूमा = प्राणीहरूमा (पदयोग)
विद्याकोखानी = विद्याको खानी (पद-वियोग)
सामाजिकवातावरण = सामाजिक वातावरण (पद-वियोग)
स्वतन्त्रता को =
समाज सँग =
गति शीलता =
मानिस लाई =
कुराहरू =
असलविचार =
हिंसारहत्या =
संगतलेपनि =

सिर्जनात्मक अभ्यास

१. मानिस सामाजिक प्राणी हो भन्ने विषयमा कक्षामा छलफल गर ।

२. तिमी बसेका समाजमा असल र खराब दुवै किसिमका मानिसहरू हुन सक्छन्, असल मानिसका गुण र खराब मानिसका दुर्गुणहरू के-कस्ता पाएका छौ ? उत्तर लेख ।

३. सामाजिक वातावरण राम्रो बनाउन के-के गर्न सकिन्छ । साथीहरू बीच छलफल गरी एउटा कार्यक्रम बनाऊ ।

व्याकरण

पद-सङ्गति

- वचन :
- एकवचन : माली फूल टिप्छ । म दूध दुहुन्छु । तँ पाठ पढ्छस् ।
- बहुवचन : मालीहरू फूल टिप्छन् । हामी दूध दुहुन्छौं । तिमीहरू पाठ पढछौं

एउटालाई बुझाउँदा एकवचन र एकभन्दा धेरैलाई बुझाउँदा बहुवचन हुन्छ । यसरी वचन दुई प्रकारका हुन्छन् । क्रियापदको पनि वचन हुन्छ ।

तलका थप अभ्यास गर

१. **वचनका आधारमा वाक्य-परिवर्तन गर**

उदाहरण : म बजार जान्छु = हामी बजार जान्छौं ।

- राम किताब किन्छ =
- प्रहरी चोर समात्छ =
- हामी ढिलो सुत्छौं =
- तँ गाई चराउँछस् =
- तिमीहरू बजार जान्छौ =

२. **खाली ठाउँ भर**

- मैले लेख ..... (लेख्यौ, लेखें)
- ..... छाता ओढ्छौं । (म, हामी)
- पुष्पा माला ..... (उन्छन्, उन्छे)
- ..... घरमा बस्छन् (भूषणहरू, वन्दना)
- खरायाहरूले हात्तीलाई ..... (छक्यायो, छक्याए)

३. **पाँच-पाँच ओटा वाक्य लेख**

एकवचन	बहुवचन
(क)	
(ख)	
(ग)	
(घ)	
(ङ)	

४. **माथिको पाठमा परेका क्रियापदमध्येबाट एकवचन र बहुवचनका पाँच-पाँच ओटा क्रियापदहरू टिपी शिक्षकलाई देखाऊ -**

जस्तै :
- हुन्छ - एकवचन
- भन्छन् - बहुवचन

नीति-श्लोक

– आदिकवि भानुभक्त आचार्य

सुन्यौ भाइ ! संसारमा शरिर अति कच्चा छ जनको
शरिर् कच्चा जानी नगर तिमी रिस् कत्ति मनको ।
सबै भोग् चञ्चल् छन् बिजुलीसरि एकछिन् नरहन्या
विचार् यस्तो राखी सहु तिमि बडो हुन्छ सहन्या ॥ १ ॥

पूजा पुस्तकको गऱ्या पनि त फल् एक् अश्वमेध्का सरी
पाऊँछन् सुनियो कहीं पनि भन्या पाप् छुट्तछन् तेस् घरी ।
जो ता पुस्तकका नजिक् गइ नमस्कारै फगत् गर्दछन्
तेस्ता जन् सब देवता पुजि हुन्या फल् भोगमा पर्दछन् ॥ २ ॥

धीरा भै रहनू विपत्ति सहनू कस्तै परुन् ता पनी
कैल्हयैमोंहविषे नपर्नु जनले माया छ संसार् भनी ।
क्रोधै हो यमराज सर्वजनको वैतर्नि भन्नू पनि
तृष्णा हो भनि यो बुझेर तिमिले कैल्हयै नबिर्स्या पनि ॥ ३ ॥

शब्द र अर्थ

कच्चा	:	कमजोर, नाशवान्
भोग	:	सुख-दुःखको अनुभव, उपभोग गर्ने काम
चञ्चल	:	चुलबुले स्वभावको, अस्थिर
अश्वमेध	:	घोडा छाडेर त्यसकै बलि दिई गरिने एक प्रकारको ठूलो यज्ञ
घरी	:	बेला, समय, घडी
धीरा	:	धीर, धैर्यशाली

मोहबिषे	:	माया-मोहमा, कसैप्रतिको आकर्षण
माया	:	भ्रम, छलकपट, लीला, प्रेम वा अनुराग
क्रोध	:	रिस
सर्वजन	:	सबै मानिस, सम्पूर्ण जनता
बैतर्नी	:	वैतरणी नदी
तृष्णा	:	तिर्सना, कुनै कुराको चाख
बडो	:	ठूलो, महान्

अभ्यास

१. **तलका प्रश्नको उत्तर देऊ**

- मानिसले किन रिस गर्नुहुँदैन ?
- के गर्नाले मानिस ठूलो हुन्छ ?
- पुस्तकका सम्बन्धमा माथिको कवितामा के-के भनिएको छ ?
- मानिसले कहिल्यै बिर्सन नहुने कुराहरू के-के हुन् ?
- यो कविता पढेर के शिक्षा पाइन्छ ?

२. 'नीति-श्लोक' कवितामा भनिएका कुराहरू आफ्नै शब्दमा लेख ।

३. माथिको कविताको पहिलो र तेस्रो श्लोक कण्ठ सुनाऊ ।

४. **उदाहरणमा दिएझैं तलका अनेकार्थक शब्दको अर्थ लेख**

उदाहरण-	कच्चा - कम्जोर	घरी - केराको घरी
	कच्चा - अपरिपक्व	घरी - समय
	माया - प्रेम	भोग - भोग्ने काम

अर्थ - [ ] बेला - [ ]

अर्थ - [ ] बेला - [ ]

उत्तर -		पेटी -	
उत्तर -		पेटी -	
बल -		साँचो -	
बल -		साँचो -	
कल -		ताल -	
कल -		ताल -	

५. **चलनचल्तीको भाषामा लेख**

नरहन्या, सहन्या, गन्या, भन्या, तेस्, हुन्या, कैल्हयै नबिर्स्या ।

सिर्जनात्मक अभ्यास

१. सरल भाषामा एउटा कविता लेखी कक्षामा सुनाऊ ।

२. पाठमा दिइएको तस्वीरका आधारमा भानुभक्तको वर्णन गरी शिक्षकलाई देखाऊ ।

व्याकरण

कालः सामान्य वर्तमान

- वनिता बिरुवा रोप्छे ।
- आमा पात गाँस्नुहुन्छ ।
- हरि दाउरा चिर्छन् ।
- तिमी आँप टिप्छौ ।
- ऊ खेल खेल्छ ।
- म सबेरै उठ्छु

क्रियाले समयको विभिन्न अवस्था बुझाउनुलाई काल भन्दछन् । काल भनेको समय हो । अहिलेको समय वर्तमानकाल हो । माथिका उदाहरणमा - रोप्, गाँस्, काट्, टिप्, खेल, उठ् - जस्ता धातुहरूमा छे, हुन्छ, छन्, छौ, छ, छस्, छौं, छु - जस्ता सहायक क्रिया जोडेर सामान्य वर्तमानकाल बुझाइएको छ ।

तलका थप अभ्यास गर

१. **सामान्य वर्तमानकालका क्रियापद बनाऊ**

उदाहरण :	भन् + छ = भन्छ,	भन् + छन् = भन्छन् ।
	भन् + छु = भन्छु,	भन् + छौं = भन्छौं ।

पढ् -
दि -
धु -
खा -
जा -
बस -
गर् -

२. **दिइएका क्रियापदलाई प्रयोग गर**

खन्छु, गन्छ, देख्छौं, पुज्छ, सुन्छे

३. **तलका क्रियापदमध्ये कुन-कुन सामान्य वर्तमानकालका होइनन्**

घुम्यो, लुट्ला, सुत्छौं, हाऱ्यो, गाउँछे, भुट्छिन्, हाँस्छु, भन्नेछ ।

४. **सामान्य वर्तमानकालका क्रियापद राखी वाक्य पूरा गर**

- साथी सिनेमा ..... ।
- भतिजो भात ..... ।
- बहिनी घाँस ..... ।
- विद्या सबेरै ..... ।
- सुशीला सर्वत ..... ।

५. उदाहरणसहित सामान्य वर्तमानकालको परिचय देऊ ।

गुरु-शिष्यको सम्बन्ध

महाभारतको कथा प्रसिद्ध नै छ। त्यस कथामा युधिष्ठिर र भीष्मको नाम खुबै चर्चित छ । तिनै युधिष्ठिर एकदिन भीष्मसँग एउटा प्रश्न गर्छन्- 'तपाईं कस्ता व्यक्तिलाई मनपराउनुहुन्छ ?' उत्तरमा भीष्म भन्छन्- 'जसले विद्या अध्ययन गरेको छ, जो शिष्ट छ, जसको बोली मीठो छ र चरित्र पनि सफा छ, अनि जो अक्षर-तत्त्वको महत्त्व जान्दछ त्यस्तो व्यक्ति नै मलाई अत्यन्त मनपर्छ। यस प्रसङ्गले विद्याको महत्त्व झल्किन्छ ।

विद्याको महत्त्व प्राचीन समयदेखि उत्तिकै रहेको छ। पढ्ने-पढाउने पद्धतिमा परिवर्तन आए तापनि गुरु र शिष्यको सुमधुर सम्बन्धमा सधैं जोड दिइँदै आएको पाइन्छ । गुरु र शिष्यमध्ये एकलाई पन्छाएर विद्याको महत्त्व सुरक्षित राख्न सकिन्न । आधुनिक युगमा पनि यो कुरा त्यत्तिकै सत्य मानिन्छ ।

असल गुरु हुन जति गाह्रो छ, असल शिष्य हुन पनि त्यत्तिकै कठिन छ । "गुरु" शब्दको अर्थ गर्दा 'गु' को अर्थ अन्धकार, र 'रु' को अर्थ अन्धकारलाई रोक्ने वा हटाउने भन्ने बुझिन्छ। यसबाट अज्ञानरूपी अन्ध-कारलाई हटाएर ज्ञानको ज्योति छर्ने व्यक्ति नै 'गुरु' हुन् भन्ने अर्थ स्पष्ट हुन्छ, तर आजभोलि 'गुरु' शब्दको गलत प्रयोग पनि हुने गरेको पाइन्छ ।

असल शिष्यमा पनि केही विशेष गुणहरू हुन्छन् । त्यस्ता शिष्यका सम्बन्धमा कौटिल्यले भनेका छन्- "जसमा सेवाको भावना, सुन्ने सावधानी र लिनसक्ने स्वभाव हुन्छ, जुनसुकै विषयमा विचार गर्ने र छलफल गर्ने क्षमता हुन्छ र कुनै पनि कुरा जान्ने उत्सुकता रहन्छ, त्यस्ता शिष्यलाई प्रदान गरिएको विद्या सफल हुन्छ ।" यसबाट पुस्तकका पंत्ति खर्रर पढ्नु, कुनै भाषा फर्रर बोल्नु र प्रमाणपत्रहरू बटुल्नु मात्र विद्या पाएको लक्षण होइन भन्ने कुरा बुझ्न सकिन्छ ।

वास्तवमा, व्यक्तिको विचारधारा माझिएर ठीक-बेठीक छुट्याउन सक्ने क्षमता नबनेसम्म विद्या प्राप्त गरेको कुनै महत्त्व पनि हुन्न । यसका लागि विद्या, विनय र शिष्टता सिकाउन सक्ने, अन्धकारबाट प्रकाशतर्फ डोऱ्याउन सक्ने र जीवनको मूल्य बुझाउन सक्ने गुरुले नै शिष्यलाई साँचो विद्या प्रदान गर्न सक्छन् र ती कुरा ग्रहण गर्न सक्ने स्वभाव शिष्यमा पनि आवश्यक हुन्छ ।

गुरु-शिष्यको सम्बन्धका बारे महर्षि याज्ञवल्क्यको विचार पनि निकै घतलाग्दो छ । उनका विचारमा गुरुले शिष्यलाई त्यस्तो विद्या दिनुपर्छ जसबाट भविष्यमा गएर शिष्यहरू गुणी, समाजप्रति उत्तरदायी, दयावान्, पढेअनुसारको आचरण गर्ने, रोगव्याधबाट जोगिन सक्ने, अरूको गुण ग्रहण गर्ने, चरित्रवान्, स्पष्ट वक्ता, सबैसँग समान मित्रता राख्न सक्ने र परेका बेला क्षमताअनुसारको आर्थिक सहायता गर्न पनि पछि नहट्ने स्वभावका होऊन् ।' यस विचारले गुरु-शिष्यको आदर्श सम्बन्धको पनि पुष्टि गर्छ ।

विद्याको साधना गर्दा गुरु र शिष्य दुवै एकसाथ गाँसिन आउँछन् । प्राचीन समयमा शिष्यले अनुशासनपूर्वक गुरुका समीपमा बसेर विद्या प्राप्त गर्नुपर्दथ्यो अब त्यस्तो परिस्थिति छैन, तर मानिसलाई गुरुको खाँचो भने जीवनभर नै परिरहन्छ । संसारका ठूला-ठूला राजनीतिज्ञ, कुटनीतिज्ञ, वैज्ञानिक र विद्वान् जसकसैलाई पनि गुरुको आवश्यकता परेका उदाहरण प्रशस्तै पाइन्छन् । तसर्थ जीवनको पाठशालामा गुरु बन्नुभन्दा शिष्य बन्नु नै रमाइलो हुन्छ ।

पौराणिक कालको कुरा गर्दा रामजस्ता ज्ञानी व्यक्ति पनि वशिष्ठको निर्देशनविना डेग चल्दैनन्। पाण्डवहरू वनवास जाँदासमेत गुरुको अभाव महसुस हुन नदिन धौम्यऋषिलाई गुरु थाप्छन्। अर्जुनले कृष्णलाई गुरु बनाएर महाभारतको लडाईंमा विजय प्राप्त गर्छन्। सबभन्दा मजाको कुरा त बेदलाई छुट्याउन सक्ने, महाभारत र अठारपुराणको रचना गर्ने महाज्ञानी व्याससमेत कृष्णलाई गुरु बनाई आफू उनका शिष्य बन्न रुचाउँछन् ।

यी कुरा विचार गर्दा गुरु सधैं प्रेरणाका स्रोत बन्ने कुरा थाहा हुन्छ। तसर्थ, हामी सबैले असल गुरुका असल शिष्य बन्ने प्रयास गर्नुपर्छ र गुरु-शिष्यको राम्रो सम्बन्ध कायम गरेर विद्याको महत्त्व झल्काउन सक्नुपर्छ।

शब्द र अर्थ

शिष्ट	:	सभ्य, असल बानी-बेहोराको
अक्षरतत्त्व	:	अक्षरको भित्री रहस्य, कहिल्यै नाश नहुने कुरा
प्राचीन	:	पुरानो, पहिलेको
उत्सुकता	:	चासो, जान्ने जिज्ञासा,
लक्षण	:	पहिचान, चिह्न
विनय	:	तम्रता, नरमपना,
विचारधारा	:	व्यक्तिको सोचाइ वा विचार
प्रकाश	:	उज्यालो, आलोक
महर्षि	:	ठूला ऋषि
घतलाग्दो	:	घत लाग्ने किसिमको, मनपर्ने खालको
गुणी	:	गुण भएको
दयावान्	:	दया-माया भएको, दयालु स्वभावको
स्पष्टवक्ता	:	सही कुरा बोल्न नहिचकिचाउने, यथार्थवक्ता

कूटनीतिज्ञ : कूटनीति जान्ने, कससँग कस्ता समयमा कस्तो व्यवहार गर्नुपर्छ भन्ने कुरा जान्ने,

पौराणिक काल : पुराणको समय,

महाज्ञानी : ज्ञानको लेखाजोखा गर्न नसकिने भन्ने कुरा जान्ने, ठूला ज्ञानी

अभ्यास

१. **तलका प्रश्नको उत्तर लेख**

- कौटिल्यले असल शिष्यका कस्ता गुणहरू बताएका छन् ?
- भीष्मलाई कस्ता व्यक्ति अत्यन्त मन पर्छ ?
- 'गुरु' शब्दको खास अर्थ के हो ?
- पाठमा पौराणिक कालमा क-कसले क-कसलाई गुरु बनाएको चर्चा गरिएको छ ?
- गुरु र शिष्यको सम्बन्ध किन राम्रो हुनुपर्दछ ?
- 'गुरु' जीवनभर प्रेरणाका स्रोत बन्ने कारण के हो ?

२. **भाव स्पष्ट पार**

- जीवनको पाठशालामा गुरु बन्नभन्दा शिष्य बन्न नै रमाइलो हुन्छ ।
- गुरु र शिष्यमध्ये एकलाई पन्छाएर विद्याको महत्त्व सुरक्षित राख्न सकिन्न ।

३. **'गुरु शिष्यको सम्बन्धमा गुरु शिष्यका बारेमा के-के कुरा भनिएका छन्, आफ्नै शब्दमा बयान गर ।**

४. **पाठका आधारमा तलका कुन भनाइ सत्य र कुन भनाइ असत्य हुन्, छुट्याऊ**

- मानिसलाई जीवनभर गुरुको खाँचो परिरहन्छ ।
- विद्या, विनय र शिष्टताविना पनि शिष्य असल हुनसक्छ ।
- आजभोलि 'गुरु' शब्दको गलत प्रयोग हुने गरेको छ ।
- गुरु बन्न ज्यादै सजिलो छ र जो कोही सजिलै गुरु बन्न सक्छ ।
- आजभोलि पनि शिष्यले गुरुका समीपमा बसेर नै शिक्षा प्राप्त गर्ने चलन छ ।

५. **विपरीतार्थक शब्द लेख**

जस्तै - गलत - सही

ज्ञान - अज्ञान

सफल -

अन्धकार

चरित्रवान्

प्राचीन

असल

६. **शुद्धसँग उच्चारण गर**

याज्ञवल्क्य, धौम्य, स्पष्टवक्ता, प्रमाणपत्र, महर्षि, पद्धति

७. वाक्यमा प्रयोग गर - विद्या, सम्बन्ध, चर्चित, सुरक्षित, फर्रर्र ।

सिर्जनात्मक अभ्यास

१. गुरुको महत्त्वका बारे साथीभाइ बीच छलफल गर ।

२. असल शिष्यमा हुनुपर्ने खास-खास गुणहरूको टिपोट गरी कक्षामा सुनाऊ ।

३. तल दिइएको निर्देशनका आधारमा छात्र जीवनमा अनुशासनको महत्त्व शीर्षकमा एक प्रबन्ध लेखी शिक्षकलाई देखाऊ

निर्देशन : - छात्रजीवनको अर्थ

- अनुशासनको महत्त्व
- छात्र जीवन र अनुशासनबीच गाढा सम्बन्ध
- अनुशासन सबैका लागि आवश्यक
- अनुशासनमा नरहनाले हुने हानि
- छात्रजीवनमा अनुशासन अत्यावश्यक

व्याकरण

काल : अपूर्ण वर्तमान

बाटामा मोटर गुड्दो छ ।	गुड् + दो + छ
कुकुर गल्लीमा डुल्दो छ ।	डुल् + दो + छ
शीला सानीलाई फुल्याउँदी छे ।	फुल्याउ + दो । दी + छे
हामी जाँच दिंदा छौं ।	दि + दै - दा । छौं
उमेश साथीसँग बोल्दै छ ।	बोल् + दै + छ
रेजिना हाँस्तै छिन् ।	हाँस् + तै + छिन्

अपूर्ण वर्तमान कालले वर्तमान समयमा काम पूर्ण नभएको अवस्थालाई जनाउँछ। अपूर्ण वर्तमान काल बुझाउन धातुमा तो दो, तै, दै जोडेर त्यसपछि छ-छन्, छस्, छु-छौं जस्ता सहायक क्रियाको प्रयोग गरिन्छ।

तलका थप अभ्यास गर

१. अपूर्ण वर्तमानकालका क्रियापद बनाऊ

उदाहरण : टेक् + दो छ = टेक्दो छ
गर् + दा छौं = गर्दा छौं
माग् + दै छन् = माग्दै छन्

नाच् -
बग् -
बोल् -
लेख् -
खेल् -

२. अपूर्ण वर्तमान काल जनाउने तलका क्रियापदलाई वाक्यमा प्रयोग गर।

उदाहरण : सुन्दो छ = श्याम पुराण सुन्दो छ।
घोक्ता छन् = विद्यार्थीहरू हिसाबका सूत्र घोक्ता छन्।

लुक्दो छ -
तर्दा छन् -
बग्दै छन् -
आउँदै छु -
बोक्दी छे -

३. तलका वाक्यलाई अपूर्ण वर्तमान कालमा बदल

- गोठालो गाईलाई कुट्छ।
- सिकर्मी काठ चिर्छ।
- तिमी मीठो बोल्छौ।
- यसले सामान जोख्छ।
- हामी डुल्न जान्छौं।

४. उदाहरणसहित अपूर्ण वर्तमान कालको परिचय देऊ।

५. अपूर्ण वर्तमान कालका क्रियापदहरू प्रयोग गरी आफ्नै बारेमा एक अनुच्छेद लेख।

परिश्रम नगरी फल पाइन्न

एउटा गाउँमा सानो बस्ती थियो । त्यहाँका मानिसहरू पढे-लेखेका थिएनन् । जाय-जेथामा पनि गरीब थिए । अर्म-पर्म गरेर आफ्नो खेत-बारीको काम गर्थे । वर्षका बाँकी दिनहरू खेतालापात गर्थे । हिउँदमा भारी बोल्न तराईसम्म पनि झर्थे र कहिले त मुग्लानसम्म पनि पुग्थे । यस किसिमको कमाइबाट उनीहरूले आफ्नो हात-मुख जोर्ने समस्या टार्ने र दशैं-तिहारजस्ता चाड मनाउने गरेका थिए । निमेक र ज्यालाको भरमा आफ्नो दुखेसो गर्ने ती मानिसहरू पशुपालनमा त्यति चासो राख्दैनथे । गरीब भएकाले पशुहरू किन्न पनि सक्तैनथे । केवल अधियाँ वा साझेको रूपमा बाख्रा-पाठा र पाडा-बाछा पाल्ने गर्थे ।

त्यस बस्तीमा एउटा माइलो पनि थियो । उसको नाम के थियो, कसैलाई थाहा भएन । सबै उसलाई माइला भनेर बोलाउने गर्थे । उसका दुई भाइ छोरा थिए । जेठाको नाम माने र कान्छाको नाम साने थियो । माइलाले एउटा पाडी अधियाँ पालेको थियो र त्यसलाई उसले केही समयदेखि एकलौटी बनाएको थियो । पाडी पनि नभन्दै चिल्लो र सलक्क परेको थियो । माइलाका छोराहरू त्यस पाडीको स्याहार-सुसारमा हुरुक्क हुन्थे । वस्तुभाउको नाममा उनीहरूको यही पाडी मात्र थियो । माइलाका छोराहरू बिहान उठ्नेबित्तिकै पाडालाई घाँस हाल्न पुग्थे । गोबर सोहोर्थे । पाडीको जीउ पानीले पखाल्थे । शरीरमा झिँगा बस्न दिदैनथे । थलो ओबानु हुन्थ्यो । दिनभर घाँस काटेर खुवाउँथे । पाडीलाई मोती भनेर बोलाउँथे । सानेका लागि मोती 'मोती'को टुक्राजस्तै थियो । नभन्दै मोती पनि एक दिन माउ भैंसी बन्यो ।

माइलाका छोराहरूमा साने अलिक सुकिलो-मुकिलो रहन्थ्यो । नुवाइ, धुवाइमा ध्यान दिन्थ्यो । ऊ काममा फुर्तिलो र जाँगरिलो पनि थियो । माने चाहिं अलि अल्छे र ईर्ष्यालु स्वभावको थियो । ऊ केही बाठो भने अवश्य थियो ।

माइलो बुढेस कालमा थला पर्दै गयो । उसकी स्वास्नी मरिसकेकी थिई । उसलाई पनि आफू अब धेरै दिन बाँच्तिन जस्तो लाग्यो र आफ्ना छोराहरूलाई सधैं आपसमा मिलेर बस्न भन्यो । नभन्दै एक दिन माइलाले यस संसारलाई छाड्यो ।

माइलो मरेको केही दिनपछि नै माने र सानेमा सामान्य मनमुटाव सुरु भयो । माने आफू जेठो-बाठो भएकाले सानेलाई बढी काम लाउन र झर्को-फर्को गर्न थाल्यो । गाउँलेहरूले सानेलाई केही उक्साउन पनि थाले । आखिरमा दाजु-भाइमा अंशवण्डाको कुरा उठ्यो । उनीहरू छुट्टिने नै भए । उनीहरूले आफ्नो जाय-जेथा बाँड्न थाले । पहिले घरभित्रको अन्नपात र भाँडा-कुँडा बाँडे । त्यसपछि जग्गा-जमिन बाँडे । यसमा कुनै समस्या भएन । आखिरमा आएर कुरा अडियो मोती भैंसीको विषयमा । मोती भैंसी दुवैका लागि लोभलाग्दो थियो । उनीहरूले बेच्न पनि सकेनन् । कसरी बाँड्ने भन्ने समस्या नै भयो । उनीहरू आफैंले समस्या सुल्झाउन सकेनन् । गाउँका भलादमीलाई बोलाए । उनीहरूको पनि आफ्नै स्वार्थ थियो । त्यो भैंसी बेचिएमा उनीहरू सस्तैमा किन्ने सुरमा थिए, तर भैंसी नबेच्ने विचार बुझेपछि उनीहरू भैंसीको अंशवण्डा गर्ने उपाय बताउन थाले ।

जम्मा हुने भलादमीमध्ये साहिंलो साहु पनि एक थियो । उसले एउटा युक्ति निकाल्यो । त्यो युक्तिअनुसार टाउकापट्टिको आधा भाग एउटालाई र पुच्छारपट्टिको आधा भाग अर्कालाई हुने गरी बाँडिने भयो । टाउकापट्टिको भाग रोज्नेले बिहान बेलुका घाँस काटेर हाल्नुपर्छ र पुच्छर पट्टिको भाग रोज्नेले गोबर सोहोर्ने र दिनमा चराउने गर्नुपर्छ भन्ने शर्त राखियो । सबैले यस कुराको समर्थन गरे । रोज्ने अधिकार कान्छाको हुन्छ भन्ने कुराको समेत उनीहरूले निर्णय दिए ।

दाजु मानेले भाइ सानेलाई रोज्न भन्यो । साने गोबर सोहोर्न सिकसिको मान्ने गर्दथ्यो । साथै, बिहान-बेलुका घाँस काटेर दिउँसो फुर्सद मिल्छ र दिनमा अरू मेलापातको काम गर्न पनि पाइन्छ भन्ने सोचेर उसले बठ्याइँपूर्वक टाउकापट्टि रोज्यो । मानेलाई पनि ढुङ्गो खोज्दा देउता मिलेजस्तै भयो । उसले रोज्न पाएको भए ऊ पुच्छरपट्टि नै रोज्ने ताकमा थियो ।

केही दिनसम्म दाजु-भाइले मिलेर भैंसीको स्याहार गरे । पछि गएर मानेले पुच्छर पट्टिको भाग मेरो हो भनेर भैंसीको दूध आफूले मात्र खान थाल्यो र गोबर पनि आफ्नो जग्गा जमिनमा मात्र हाल्न थाल्यो । भाइ सानेलाई त न दूध, न मल, केही पनि भएन । ऊ त घाँस काट्ने र भैंसीलाई पोस्नेमा मात्र पऱ्यो ।

सानेलाई घाँस काट्न अल्छी लाग्दै गयो । खानु-पाउनु केही छैन, घाँसमात्र कति दिन काट्ने भनेर उसले भैंसीको हेरचाह गर्न छाड्यो । भैंसी पनि दुब्लाउँदै गयो । घाँस खान नपाएपछि भैंसीले के दूध देओस् ! एक दिन भैंसीले दूध दिन छाड्यो । एक दिन त माने भैंसी दुहुन जाँदा भैंसी बुरुक्क उफ्रियो र ऊ गोबरमा पछारियो । उसलाई रिस उठ्यो र भाइलाई गाली गर्न थाल्यो । भाइ सानेले पनि मुखभरिको जवाफ दियो-

"दूध खाने बेलामा तिमी मात्र खान्छौ, गोबर पनि तिमी आफ्नो बारीमा मात्र हाल्छौ । म तिम्रो नोकर हुँ र घाँस काटेर मात्र बसौं ।"

माने नाजवाफ भयो । उसले गाउँलेहरू बोलाएर आफ्नो आङ कन्याई छारो उडाउनुभन्दा भाइसँग मिल्नु नै बुद्धिमानी हुने विचार गऱ्यो र भाइसँग सल्लाह गऱ्यो ।

"अब हामी मिलौ । भैंसीको स्याहारसम्भार दुवै मिलेर गरौं त्यसको आयस्ता पनि दुवैले बाँडौं ।"

दाजुको चित्त बुझ्दो कुरा सुनेर भाइ साने पनि खुसी भयो । त्यसपछि उनीहरू आपसमा मिलेर बस्न थाले ।

शब्द र अर्थ

जाय-जेथा	:	धन-सम्पत्ति, खजाना ।
अर्म-पर्म	:	आफू-आफूमा आलोपालो गरी एकले अर्काको काम गरिदिने चलन
हात-मुख जोर्नु	:	खानेकुराको जोरजाम गर्नु, जसो-तसो खानु
सोख	:	रुचि, चाहना
दुखेसो	:	दु:खले व्यवहार चलाउने काम, दु:खजिलो
एकलौटी	:	एक्लैको मात्र अधिकार भएको, एकाधिकार
संसारलाई छाड्नु	:	मर्नु, स्वर्गे हुनु
मनमुटाव	:	मनमनै हुने फाटो, अमेल
युक्ति	:	उपाय, जुक्ति
सिकसिको	:	घिन, निकनिक
ढुङ्गो खोज्दा देवता मिल्नु	:	खोजेभन्दा उत्तम वस्तु पाइनु
आङ कन्याएर छारो उडाउनु	:	कुरा काटेर बदख्वाइँ बढाउनु ।

अभ्यास

१. तलका प्रश्नको उत्तर लेख

- सानो बस्तीका मानिसहरूले कसरी जीवन चलाएका थिए ?
- माइलाका छोराहरूको स्वभावमा के-कस्तो भिन्नता थियो ?
- माने र सानेमा किन मनमुटाव सुरु भयो ?
- मोतीको भागबण्डा कसरी गर्ने निधो भयो ?
- सानेले मोतीको टाउकापट्टिको भाग रोज्नाको कारण के थियो ?
- भैंसीले किन दूध दिन छाड्यो ?
- माने र साने आखिरमा किन मिल्नुपर्‍यो ?
- माने र सानेमध्ये तिमीलाई कुनचाहिं बुद्धिमान् लाग्यो र किन ?
- यो कथा पढेर के शिक्षा पाइन्छ ?

२. 'परिश्रम नगरी फल पाइन्न" - भन्ने कथा छोटकरीमा आफ्नै शब्दमा लेख ।

३. यस कथाको पहिलो अनुच्छेद शिक्षकबाट सुनेर लेख ।

४. **उदाहरणमा झैं तलका उखान र टुक्काहरूलाई वाक्यमा प्रयोग गर**

उदाहरण-

(क) हात-मुख जोर्नु - गरीबहरूलाई हात-मुख जोर्न निकै समस्या पर्छ ।

(ख) ढुङ्गा खोज्दा देवता मिल्यो - समीर हिसाब नजानेर कसले सिकाइदेला भनेर झोक्राइरहेको थियो, हिसाब पढाउने शिक्षक नै उसका घरमा आइपुग्दा ढुङ्गा खोज्दा देवता मिल्यो भनेजस्तै भयो ।

- काला अक्षर भैंसी बराबर (लेखपढ गर्न नजान्नु)
- हात्तीको मुखमा जीरा (आवश्यकभन्दा साह्रै सानो चीज पाउनु)
- जसले मह काट्छ, उसले हात चाट्छ (काम गर्नेले फाइदा लिन्छ)
- संसारलाई छाड्नु
- मुखभरिको जवाफ दिनु

सिर्जनात्मक अभ्यास

१. तिमीले सुने-जानेको कुनै कथा सिलसिलाबद्ध रूपमा लेखेर कक्षामा सुनाऊ ।

२. माथिको कथाका आधारमा परिश्रमको महत्त्वबारे साथी-साथी बीच छलफल गर ।

व्याकरण

कालः सामान्य भूत

खेलाडीले खेल हार्‍यो । हामीले तिमीलाई ढाँट्यौं । चराहरू उडे । सीताले कोक्रो हल्लाई । भकुन्डो उफ्रियो ।

बितेको समयलाई भूतकाल भन्दछन् । भूतकालको सामान्य अवस्था जनाउँदा सामान्य भूतकाल हुन्छ । भूतकाल बुझाउँदा हार्‍यो, खेले, पढ्ी, लेखे जस्ता क्रियापदहरू राख्नुपर्छ ।

तलका थप अभ्यास गर

१. **भूतकालका क्रियापद बनाऊ**

उदाहरण : सोच् + यो = सोच्यो । राख् + एँ = राखें/लेख + यौ = लेख्यौ

जान् -

भन् -

हिंड् -

सक् -

पोल् -

२. **तल दिइएका क्रियापदलाई वाक्यमा प्रयोग गर**

उदाहरण - सिद्धयायो - वानरले मकै सिद्धयायो ।
बर्सिए - आकाशबाट असिना बर्सिए ।

झऱ्यो -

गऱ्यो -

कराई -

हाऱ्यो -

राखें -

देखिस् -

३. **तलका क्रियापदलाई सामान्य भूतकालमा बदलेर वाक्यमा प्रयोग गर**

उदाहरण : सम्झन्छु - मैले साथीलाई सम्झें ।
बिर्सन्छौं, हाँस्छिन्, झुक्छन्, पाल्छ, जान्छ

४. **खाली ठाउँ भर**

- हरिले भात ..... । (खान्छ, खायो, खाएँ)
- शिवा असल छात्रा ..... । (थिइन्, थिएँ, थिइस्)
- अनुपले पढ्न अल्छी ..... । (गर्छ, गर्छौं, गऱ्यो)
- अनिता माइत ..... । (गयो, जान्छ, गइन्)
- अरुण रूखबाट ..... । (खस्छिन्, खस्छौं, खस्यो)

५. **उदाहरणसहित सामान्य भूतकालको परिचय देऊ ।**

६. **भूतकालको क्रियापद प्रयोग गरी आफ्ना साथीका बारे पाँच वाक्य लेख ।**

भूकम्प : एक परिचय

भूकम्प पृथ्वीको विनाशकारी आपत्ति हो। 'भूकम्प' 'भू' र 'कम्प' मिलेर बनेको शब्द हो। भूको अर्थ पृथ्वी र कम्पको अर्थ काँप्नु हन्छ। अतः भूमि काँप्नु या थर्किनुलाई भूकम्प भनिन्छ। यसलाई हामी भुइँचालो पनि भन्छौं। भूमि चलायमान भएको अवस्थालाई नै भुइँचालो भनिएको हो।

भूकम्पको समय सङ्कटको समय हो। भूकम्प जाँदा धन-जनको क्षति हुन्छ। तर त्यसको असर सधैं एकनासको हुँदैन। कहिले ठूलो भुइँचालो जान्छ र कहिले सानो भुइँचालो जान्छ। कति भूकम्प गएको त हामी थाहा पनि पाउँदैनौं। साना ठूला गरेर विश्वमा प्रत्येक दिन कैयौं पटक भूकम्प जान्छन् र प्राय प्रत्येक वर्ष ठूला-ठूला भूकम्पहरू पनि जाने गर्छन्। यसैले भूकम्प वैज्ञानिकहरूका लागि चासो र चिन्ताको विषय बन्न गएको छ।

भूकम्पको अध्ययन विभिन्न ढङ्गबाट गरिन्छ। भूकम्पसम्बन्धी अध्ययन गर्ने शास्त्रलाई भूकम्प-विज्ञान भन्दछन्। नक्षत्र-विज्ञान र ज्योतिषशास्त्रमा पनि भूकम्पका बारे अध्ययन गरिन्छ। भूकम्प-विज्ञानलाई अङ्ग्रेजीमा 'सिस्मोलोजी' भूकम्पद्वारा भएको क्षति नाप्ने यन्त्रलाई 'भारसेली' र भूकम्पको गति नाप्ने यन्त्रलाई 'रेक्टर स्केल' भन्ने गरेको पाइन्छ।

भूकम्पको उत्पत्तिस्थल पृथ्वीको भित्री भाग हो। भूकम्पको उत्पत्तिस्थललाई भूकम्पको नाभीय केन्द्र भन्दछन् । नाभीय केन्द्रको ठीक माथिको पृथ्वीको सतहलाई अधिकेन्द्र भनिन्छ ।

भूकम्पको इतिहास पनि पृथ्वीको इतिहास जत्तिकै पुरानो छ । त्यसैले भूकम्पका बारेमा जानकारी हासिल गर्न हामी बढी चासो राख्छौं । हाम्रा पुर्खाहरूका लागि पनि यो त्यत्तिकै चासोको विषय थियो । पृथ्वीका विभिन्न भागमा बस्ने मानिसहरू भूकम्पका बारेमा आ-आफ्नो किसिमका अनुमान लगाउने गर्छन् । तिनै अनुमान अहिलेसम्म पनि हाम्रा गाउँ-घरमा किंवदन्तीका रूपमा प्रचलित छन् ।

भूकम्प के कारणले आन्छ भन्ने विषयमा वैज्ञानिकहरूले विभिन्न अनुसन्धान गरिरहेका छन् । भूकम्प जानुका दुई मुख्य कारण छन् । एउटा त पृथ्वीभित्रका चट्टानहरूको ठाउँ ठाउँमा धाँजाँ फाट्छन् । यसरी धाँजा फाट्नाले अलग-अलग चट्टानका ढिस्काहरू बन्दछन् । यी ढिस्काहरू धाँजा फाटेको ठाउँमा चापका कारणले गर्दा हलचल हुन्छन् । विश्वका अधिकांश भूकम्पहरू यसै कारणबाट हुन्छन् । उदाहरणका लागि १९९० सालमा नेपालमा गएको भूकम्प र संयुक्तराज्य अमेरिकाको क्यालिफोर्नियाको विध्वंशकारी भूकम्पलाई यसै रूपमा लिन सकिन्छ । त्यस्तै अर्को पृथ्वीको ज्वालामुखी क्षेत्रमा ज्वालामुखीको विस्फोटनबाट पनि भूकम्प हुन्छ । जापान र इटालीका केही ठाउँमा जाने भूइँचालोको कारण यही हो ।

वैज्ञानिकहरूका विचारमा पाँच रेक्टर स्केलसम्मको भूकम्प सामान्य मानिन्छ । सात रेक्टर स्केलभन्दा माथिको भूकम्प अत्यन्त विध्वंसक हुन्छ । बढी आवादी भएको ठाउँमा भूकम्पको ज्यादा असर देखिन्छ ।

प्रत्येक वर्ष भूकम्पका कारण संसारमा प्रशस्त धनजनको क्षति हुन्छ । त्यसै अनुसार कैयौं व्यक्ति घायल हुन्छन् र अरबौंको सम्पत्ति नाश हुन्छ । यसैले भूकम्पको भविष्यवाणी गर्ने सम्बन्धमा धेरै वैज्ञानिकहरू लागिपरेका छन्, तर यसको निचोड भने हालसम्म पनि

प्राप्त हुन सकेको छैन । तर ती भविष्यवाणीमध्ये कति मिले र कति मिलेका छैनन् ।

भूकम्पका विषयमा सबै पूर्व सङ्केत नमिल्न सक्छन्, तर कतिपय पशुपन्छीको व्यवहारमा आएको परिवर्तनबाट त्यस विषयमा केही अनुमान गर्न सकिन्छ । उदाहरणको रूपमा भेडाहरूको बथान एकाएक दौड्नु, कुकुरहरूले जमिन सुँघ्ने र भुक्ने गर्नु, चराहरू बढी चिर्बिराउनु, मूसाहरू प्वालबाट बाहिर निस्कनु, माछाहरू पानीमा तैरिएर छटपटाउनु जस्ता कुराहरूले पनि भूकम्प आउने कुरालाई सङ्केत गर्दछन् भन्ने भनाइ छ । यस किसिमका कुराको राम्रोसँग अध्ययन गरियो भने केही सत्य फेला पर्ला भन्ने विश्वास लिन सकिन्छ ।

भूकम्प एक प्राकृतिक प्रकोप भएकाले यसबाट बच्नु संयोगकै कुरा मानिन्छ । भूकम्प गएको हो भन्ने लाग्नेबित्तिकै खुला ठाउँतर्फ लाग्नु पर्दछ । घरको आसपासमा बस्न हुँदैन । भूकम्प जानेबित्तिकै घरभित्र पस्नु पनि हुँदैन । भूकम्पको असरले केही छिनपछि पनि घर भत्किन सक्छ । साथै त्यसको झड्का तुरुन्त दोहोरिने सम्भावना रहन्छ । जमिन हल्लिन थालेपछि खुल्ला ठाउँतर्फ जानु, नसकिए कुनै चीजको आड लिएर टाँड परेकँ ठाउँमा बस्नु सुरक्षित मानिन्छ । हडबडाएर दगुर्दा बीचैमा ठक्कर-लागेर दुर्घटना हुने सम्भावना पनि रहन्छ । यस्ता कुराहरूमा होसियार हुन सकियो भने भूकम्पको असरबाट केही मात्रामा सुरक्षित हुन सकिन्छ ।

शब्द र अर्थ

विनाशकारी	:	नाश गर्ने किसिमको
चलायमान	:	चलिरहेको, हल्लिरहेको, अस्थिर
क्षति	:	नाश
गति	:	रफ्तार, चाल, वेग
नाभीय केन्द्र	:	पृथ्वीभित्र रहेको तरल चट्टान भएको स्थान

अधिकेन्द्र	:	नाभीय केन्द्रभन्दा माथिको पृथ्वीको सतह
किंवदन्ती	:	परम्परादेखि चल्दै आएको अन्धविश्वासपूर्ण कथा, जनश्रुति
भनायक	:	डरलाग्दो, भयङ्कर
विश्वसनीय	:	विश्वास गर्न लायक
भविष्यवाणी	:	पछि हुन्छ भनेर पहिले नै ठोकुवा गरिएको कुरा
पूर्वानुमान	:	कुनै कुराका बारेमा गरिने अडकल वा अनुमान
नक्षत्र विज्ञान	:	नक्षत्र र ताराहरूका बारेमा अध्ययन गर्ने शास्त्र
ज्योतिष शास्त्र	:	ज्योतिषसम्बन्धी कुराहरू बुझाउने शास्त्र, ज्योतिष विद्या
प्राकृतिक	:	प्रकृतिसँग सम्बन्धित
प्रकोप	:	महामारी र रोगको प्रबलता
दुर्घटना	:	कुनै व्यक्ति वा वस्तुको हानि वा क्षति हुने आकस्मिक घटना अशुभ घटना
सुरक्षित	:	सुरक्षा गरिएको, सुरक्षायुक्त
टाँड	:	कुनै कुराको चाङ लगाउँदा बीचमा रहने खाली ठाउँ

अभ्यास

१. तलका प्रश्नको उत्तर लेख

- भूकम्प भन्नाले के बुझिन्छ ?
- भूकम्पसम्बन्धी अध्ययन गर्ने शास्त्र कुन-कुन हुन् ?
- पशुपन्क्षीका के-कस्ता व्यवहारबाट भूकम्पको सम्बन्धमा अड्कल गर्न सकिन्छ ?
- भूकम्प जाँदा ध्यान दिनुपर्ने कुराहरू के-के हुन् ?

२. कोष्ठकभित्रबाट ठीक शब्द छानी खाली ठाउँ भर

- भूकम्पको उत्पत्ति स्थल पृथ्वीभित्र रहेको ..... हो ।
  (पृथ्वीको सतह, अधिकेन्द्र, तरल चट्टान)
- विश्वमा सबभन्दा बढी भूकम्प जाने देश ..... हो ।
  (चीन, जापान, नेपाल)

३. **वाक्यमा प्रयोग गर**

भूकम्प, इतिहास, भविष्यवाणी, असर, दुर्घटना ।

४. **तलका शब्दको अर्थ लेख**

उदाहरण - भूकम्प-विज्ञान = भूकम्पसम्बन्धी अध्ययन गर्ने शास्त्र

- नक्षत्र-विज्ञान
- प्रकोप
- भूकम्पीय क्षेत्र
- उत्पत्ति स्थल
- चलायमान

सिर्जनात्मक अभ्यास

१. **तलका शीर्षकमा कम्तीमा बीस वाक्य प्रयोग गरी वर्णन गर**

- डढेलो
- बाढी
- पैह्रो

व्याकरण

काल - सामान्य भविष्यत्

कोपिला फक्रिनेछ ।
सूर्य अस्ताउनेछ ।
विपुल पास हुनेछ ।
बेहुली घर जानेछिन् ।
तिमी चुनाव जित्नेछौ ।
ज्योति हाँस्नेछिन् ।
विद्यार्थीहरू पढ्नेछन् ।
तिमीहरू खेल्नेछौ ।

पछिको समयलाई भविष्यत् काल भनिन्छ । भविष्यत् कालको सामान्य अवस्थालाई सामान्य भविष्यत् भन्दछन् । सामान्य भविष्यत् बुझाउन धातुमा नेछु, नेछ, नेछौं, नेछस्, नेछिन्, नेछन् जोड्ने गरिन्छ । त्यस्ता क्रियापद गर्नेछ, बस्नेछ, भन्नेछौं आदि हुन् ।

तलका थप अभ्यास गर

१. **सामान्य भविष्यत्का क्रियापद बनाऊ**

उदाहरण - तिर् + नेछ = तिर्नेछ । पिर् + नेछ = पिर्नेछ । गिर् + नेछिन् = गिर्नेछिन् ।

- झर् -
- बिझ् -
- च्याप् -
- बिझ् -
- पढ् -

२. **दिइएका क्रियापदलाई वाक्यमा प्रयोग गर**

उदाहरण - सहनेछैन = ऊ अन्याय सहनेछैन । जानेछैनौं = हामी भोलि विद्यालय जानेछैनौं ।

- हुनेछैनन् =
- लाग्नेछैनौ =
- पर्नेछैन =
- बाँचिनेछैन =
- पुगिनेछैन =

३. **तलका सामान्य भूतकालका क्रियापदलाई सामान्य भविष्यत् कालमा बदलेर वाक्य बनाऊ**

उदाहरण : भाग्यो - श्याम यहाँबाट भाग्नेछ ।

तुल्यायो, देख्यो, भुक्यो, मास्यो, चितायौं

४. **तलका क्रियापदमध्ये सामान्य भविष्यत् जनाउने क्रियापदहरू मात्र कापीमा सार**

ढल्कनेछ, थालिन्, हरायो, धुरिनेछन्, जोत्छ, धाउनेछन् ।

५. **उदाहरणसहित सामान्य भविष्यत् कालको परिचय देऊ ।**

विशेष कुरा - गरौंला, खाला, लेख्ली, जस्ता ला, लास्, लिन, लान् जस्ता जोडिएर बनेका क्रियापदले पनि भविष्यत् काल बुझाउँछन् ।

लुइ पास्चर

आजको युगलाई विज्ञानको युग भनिन्छ। विज्ञानका क्षेत्रमा भएका प्रगति र नयाँ-नयाँ आविष्कारले गर्दा संसारले कोल्टो फेरेको छ। हिजोसम्म असम्भव ठानिएका कुराहरू आज सम्भव भएका छन्। आफ्नो प्रयोगशालामा दिनरात जुटेका वैज्ञानिकहरू दिनहुँ एउटा न एउटा नयाँ आविष्कार गर्न तम्सिएका छन्। संसारमा एक प्रकारले नयाँ-नयाँ आविष्कारको होडबाजी नै चलेको छ तर आजको संसार एकाएक यस परिस्थितिमा आइपुगेको होइन, यसका पछाडि कैयौं वैज्ञानिकहरूको निरन्तरको प्रयास, संलग्नता र प्रयास साधना रहेको कुरा चाहिं हामीले बुझ्नुपर्दछ। यस्तै वैज्ञानिकहरूमध्ये लुइ पास्चरको नाम पनि आउँछ।

लुइ पास्चरको जन्म २७ डिसेम्बर १८२२ मा फ्रान्सको डोल जुरामा भएको थियो। उनले प्रारम्भिक शिक्षा आरबाइस भन्ने ठाउँको क्वस्टाइनलेटिन स्कूलबाट प्राप्त गरेका थिए। सत्र वर्षकै उमेरमा स्कूलको शिक्षा पूरा गरी सन् १८४७ मा पास्चरले विज्ञानमा डाक्टरको उपाधि पनि प्राप्त गरे। उनी ज्यादै मिहिनेती थिए, त्यसैले २६ वर्षको उमेरमा स्टासवर्ज विश्वविद्यालयमा र सायनशास्त्रका प्राध्यापक भए। त्यसको केही समयपछि उनी लिल्ले भन्ने ठाउँको विज्ञान कलेजका प्रधानाचार्य पनि भए। यस सँगसगैं उनले प्रयोगशालामा विज्ञानसम्बन्धी विभिन्न अनुसन्धान र प्रयोगहरू पनि जारी नै राखेका थिए। त्यसबाट उनको प्रतिभा निकै फस्टाउँदै गएको थियो। उनको वैज्ञानिक प्रतिभाबाट प्रभावित भएर एक जना रसायनशास्त्रका प्राध्यापकले उनलाई आफ्ना सहायक बनाए। त्यसपछि त पास्चरलाई आफ्ना काममा झन् ठूलो मदत मिल्यो। हुँदाहुँदा उनी संसारका एक महान् र सायनविज्ञका रूपमा चिनिन पुगे।

लुई पास्चरको चिकित्सा र रसायन विज्ञानका क्षेत्रमा साह्रै ठूलो देन छ । उनले विभिन्न रोगका उपचारहरू पत्ता लगाई मानव जगत्को अमूल्य सेवा गरेका छन् । कुखुरामा लाग्ने रोग, रेशमकीराको रोग र बौलाहा कुकुरले टोकेको औषधि पत्ता लगाई संसारलाई गुन लगाउने वैज्ञानिक लुइ पास्चर नै हुन् । बौलाहा कुकुरले मानिसलाई टोक्दा एक किसिमका जीवाणुहरू च्यालबाट घाउमा प्रवेश गरी रगतको सम्पर्कले मगजमा पुग्छन् र त्यसको खराब असरबाट कोही बँच्न सक्दैन । तसर्थ, बौलाहा कुकुरले टोकेपछि रेबिज विरुद्धको सुई लगाउनुपर्छ । त्यसमा ढिलासुस्ती र हेलचेक्र्याइँ गर्नुहुन्न, तर रेबिज विरुद्धको त्यो सुई यदि लुइ पास्चरले पत्ता नलगाइदिएका भए यस संसारका कति मानिसहरू अकालमै मृत्युको मुखमा पर्ने थिए, सम्झँदा मात्र पनि कहाली लाग्छ ।

लुइ पास्चरले लामो समयसम्म कीटाणु-सिद्धान्तको अध्ययन गरे । त्यसको परिणाम उनले कुनै पनि वस्तु वा पदार्थमा आफ-से-आफ रोगका कीटाणुहरू पैदा हुने होइन्, त्यसका लागि हावा, पानी या यस्तै अन्य स्रोतबाट ती प्रवेश गर्छन् भन्ने कुरा प्रमाणित गरे । उनले कुनै पनि वस्तु जस्तै दूध, माछा-मासु, फलफूल र रक्सीजस्ता पदार्थहरू सड्ने वा बिग्रने कारण रासायनिक प्रक्रिया मात्र होइन, 'ब्याक्टेरिया' भन्ने जीवाणुहरूका कारणले ती बिग्रन्छन् भन्ने कुरा पत्ता लगाए । साथै, यसरी सड्न सक्ने वस्तुहरूलाई एउटा भाँडामा राखेर त्यसमा रहेको हावालाई बाहिर निकाल्ने र बाहिरको हावा पनि भित्र पस्न नदिने हो भने, त्यस्ता वस्तुहरूलाई सड्न नदिईकन निकै दिनसम्म सुरक्षित राख्न सकिन्छ भन्ने कुरा पास्चरले नै पत्ता लगाएका हुन् । उनले दूधलाई शुद्ध बनाउने विधि पनि निकाले, यसअनुसार दूधलाई ५०/६० सेन्टीग्रेड सम्मको तापक्रममा आधा घण्टाजति तताएर रेफ्रिजरेटरमा राखी बाहिरका कीटाणुहरू पस्न नसक्ने गरी सेलाउन दिएमा हानिकारक कीटाणुहरू नष्ट हुन्छन् र दूध शुद्ध हुन्छ । यसो गर्नाले टी.बी. उत्पन्न गर्ने कीटाणुहरू समेत नष्ट हुन्छन् । यसरी दूधलाई शुद्ध पार्ने पास्चरको प्रक्रियालाई 'पास्चराइजेसन' भनिन्छ र यस्तो विधि आजभोलि संसारभरि नै अपनाएको पाइन्छ ।

यस प्रकारका जीवाणुहरूको उत्पत्ति रोक्ने र उत्पत्ति भइसकेका जीवाणुहरूलाई नष्ट गर्ने उपायको खोज गरी लुइ पास्चरले रोगको उपचार गर्ने र खाद्यपदार्थ सुरक्षित राख्ने काममा ठूलो सहायता पुऱ्याएको मानिन्छ ।

लुइ पास्चर प्रतिभाशाली र लगनशील थिए । केटाकेटीदेखि नै उनमा देशभक्तिको भावना थियो । लजालु स्वभावका लुइलाई प्रकृति, चित्रकला र विज्ञान विषयमा अध्ययन गर्दा विशेष आनन्द आउँथ्यो । उनी 'फ्रेन्च एकेडेमी' का सदस्य पनि भएका थिए । फ्रान्समा उनको खुब सम्मान गरिन्छ । संसारभरकै मानिसका दुःख-दर्दहरू शान्त गर्दै मावनताको सेवामा लागेका लुइ पास्चरको ७३ वर्षको उमेरमा सन् १८९५ मा देहावसान भयो । उनी यस संसार बाट बिदा भएको सय वर्ष नाघिसकेको छ तापनि उनका अमर कामबाट एक महान् वैज्ञानिकको रूपमा पास्चरको कीर्ति संसारभर फैलिएको पाइन्छ । उनका आविष्कारको प्रेरणाले पछिपछिसम्मका वैज्ञानिकहरूलाई घचघच्याइरहने कुरामा विश्वास गर्न सकिन्छ ।

शब्द र अर्थ

आविष्कार	:	नयाँ सिद्धान्तको प्रतिपादन, नयाँ-नयाँ वस्तुको उत्पादन
प्रयोगशाला	:	विभिन्न पदार्थ र रसायन सम्बन्धका तथ्यहरू पत्ता लगाउन जाँचबुझ वा प्रयोग गरिने स्थान
अनुसन्धान	:	कुनै नयाँ कुरा खोज्ने वा पत्ता लगाउने काम
चिकित्सा	:	उपचार, इलाज
जीवाणु	:	आँखाले देख्न नसकिने र अनेक रोग उत्पन्न गर्ने जीवन शक्ति भएका कीटाणु
विधि	:	तरीका, पद्धति
तापक्रम	:	तातोपन घटीबढी हुने क्रम, तापको मात्रा
कीर्ति	:	यश, ख्याति
मगज	:	मस्तिष्क
अमर	:	नमर्ने, कीर्तिशाली
रसायनविज्ञ	:	रसायनसम्बन्धी अध्ययनका जानिफकार

अभ्यास

१. तलका प्रश्नको उत्तर देऊ

- लुइ पास्चरको जन्म र शिक्षा-दीक्षाका सम्बन्धमा प्रकाश पार ।
- लुइ पास्चरले कुन-कुन क्षेत्रमा योगदान दिएको पाइन्छ ?
- कीटाणु सिद्धान्तको अध्ययन गरेर पास्चरले के कुरा प्रमाणित गरे ?
- सड्ने वा गल्ने वस्तुहरूलाई कसरी लामो समयसम्म सुरक्षित राख्न सकिन्छ ?
- दूध शुद्ध पार्ने पास्चरको विधिबारे उल्लेख गर ।
- लुइ पास्चरले गरेका मुख्य-मुख्य कामहरू के-के हुन् ?
- आजको युगलाई किन विज्ञानको युग भनिन्छ ?

२. पाठका आधारमा खाली ठाउँ भर

- हुँदा-हुँदा लुइ पास्चर संसारका एक महान् ..... का रूपमा चिनिन पुगे ।
- बौलाहा कुकुरले टोकेपछि ..... सुई लगाउनै पर्छ ।
- दूध शुद्ध पार्ने पास्चरको प्रक्रियालाई ..... भन्दछन् ।
- पास्चर ..... का सदस्य पनि भएका थिए ।
- पास्चरले कुनै पनि वस्तु वा पदार्थमा रोगका कीटाणुहरू ..... यस्तै अन्य स्रोतबाट ती प्रवेश गर्छन् भन्ने कुरा प्रमाणित गरे ।
- बौलाहा कुकुरको न्यालमा हुने जीवाणुहरू घाउमा प्रवेश गरेपछि ..... को सम्पर्कले ती मानिसको मगजमा पुग्छन् ।

३. तलका शब्दको अर्थ बुझी वाक्यमा प्रयोग गर

प्रयोगशाला, तापक्रम, चिकित्सा, आविष्कार, अनुसन्धान ।

४. "लुइ पास्चर विश्वका एक महान् वैज्ञानिक हुन्"- किन ?

५. यस पाठमा बताइएका मुख्य-मुख्य कुरा क्रम मिलाएर लेख ।

सिर्जनात्मक अभ्यास

१. पदार्थहरूलाई सुरक्षित राख्ने सम्बन्धमा पाठमा बताइएका तरीका र गाउँघरमा अपनाइने तरीकाबारे कस्तो भिन्नता पाइन्छ, ख्याल गर ।

२. गाउँघरमा रेबिजको असर फैलन नदिन के-कस्ता उपायहरू अपनाउन सकिन्छ, साथी-साथीमा छलफल गर ।

व्याकरण

अर्थ वा भाव

(क) सामान्यार्थ

१. गोपालले पुस्तक किन्यो ।

२. सीता फूल टिप्छे ।

३. गीता पाठ पढ्छिन्

४. हाम्रो खसी हरायो ।

यी वाक्यले सामान्य अर्थ बुझाएका छन् ।

(ख) आज्ञार्थ

१. तिमी यहाँबाट जाऊ ।

२. तँ झट्टै यो काम गर् ।

३. सरासर खाना खा ।

४. आफ्ना ठाउँमा नचली बस ।

यी वाक्यमा आज्ञा वा आदेश अर्थ बुझिएको छ ।

क्रियाको सामान्य अर्थ बुझिंदा सामान्यार्थ र आज्ञा अर्थ बुझिंदा आज्ञार्थ हुन्छ ।
जस्तै

सामान्यार्थ	आज्ञार्थ
● तिमी घर जान्छौ	● तिमी घर जाऊ ।

तलका थप अभ्यास गर

१. **सामान्यार्थ र आज्ञार्थ छुट्याऊ**

- दु:ख माथि दया गर ।
- विद्यार्थीहरूले पाठ पढे ।
- सोधिएका प्रश्नको जवाफ देऊ ।
- हामी आफ्नो काम गर्छौं ।
- रीता नाच्न सिपालु छिन् ।

२. **तीन-तीन ओटा सामान्यार्थ र आज्ञार्थ बुझाउने वाक्य लेख**

सामान्यार्थ	आज्ञार्थ
(क)	(क)
(ख)	(ख)
(ग)	(ग)

३. **आज्ञार्थमा बदल**

जस्तै : विनीता घुम्न जान्छिन् - विनीता, घुम्न जाऊ ।

- तिमी विद्यालय जान्छौ । [ ]
- तँ पत्रिका बेच्छस् । [ ]
- तिमी सबेरै उठ्छौ । [ ]
- गोपाल पाठ पढ्छ । [ ]
- मोहन आँप खान्छ । [ ]

आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ

अलका - तिमीहरूले आज समाचार सुन्यौ ?

आस्था - के समाचार ! कस्तो समाचार हँ ?

शुभेच्छा - रेडियो कि टेलिभिजनको समाचार नि ?

अलका - रेडियो वा टेलिभिजन जेको भए पनि सुन्यौ कि सुनेनौ ? समाचार त आखिर एकै त हो नि !

आस्था - म त समाचार भन्ने कुरा कहिल्यै सुन्दिन । रेडियो, टेलिभिजन खोल्दा पनि नाचगान र रमाइलो कार्यक्रम रहेछ भने मात्रै, नत्र बन्दै गरिदिन्छु ।

शुभेच्छा - म पनि समाचार त सुन्दै सुन्दिन ब्यारे । हाम्रा बुबा, दाइहरू भने समाचार आउने बेलामा कान थापेर सुन्नुहुन्छ, मलाई र दिक्क लाग्छ, त्यस्तो जाबो समाचार पनि के सुन्न मन लागेको हो कुन्नि ।

अलका - तिमीहरूका कुरा सुनेर म त छक्क परें । रिसाउँदैनौ भने, म एउटा कुरा भनूँ ?

आस्था र शुभेच्छा - (एकसाथ) - किन रिसाउने नि, मज्जाले भन् न !

अलका - समाचार सुन्नाले हामी संसारमा कहाँ के भइरहेछ भन्ने कुरा थाहा पाउन सक्छौं । विद्यार्थीहरूले त संसारका गतिविधि बुझ्दै गर्नुपर्छ । तिमीहरू गृहकार्य गऱ्यो, पुस्तकका पाना पल्टायो - भइहाल्छ भन्छौ, देश-विदेशका कुरा नबुझ्ने हो भने पढेर मात्र के हुन्छ र ?

शुभेच्छा - हेर् न, आस्था ! यो अलके कति न संसार बुझ्ने भएकी ।

आस्था - तबैतारे ! आफू त आफ्नो पाठ कण्ठ गरिन्छ, रमाइलो कार्यक्रम रहेछ भने, रेडियो - टेलिभिजन पनि सुनिन्छ - हेरिन्छ, नत्र बरु मस्त निदाइन्छ, कि कसो शुभु ?

शुभेच्छा - यस कुरामा चाहिं तेरो र मेरो विचार ठ्याम्मै मिल्यो है आस्था, आफ्नो पनि त्यही हो ताल । बरु, कुरा उठाइहालिस् - समाचार चाहिं के थियो नि अलका भन् न सुनूँ ।

अलका - तिमीहरूका कुरा सुनेर मलाई मेरो कुरा भन्नै मन लागेन, घुम्न हिंड्दा पनि तिमीहरूलाई कतै दिक्क लाग्दो नहोस् ।

आस्था - होइन, साथी-साथी बीच कुराकानी गर्दा त समाचार पनि दिक्क लाग्दो हुन्न नि, रेडियो, टि.भी. मा कान थापेर सुन्दा पो दिक्क लाग्छ त ! भन् न हामी पनि तेरो मुखबाट समाचार सुनौं । (जिस्काउँदै) ल, यो रेडियो नेपाल हो, अब अलकाबाट समाचार ..... ।

अलका - आस्थालाई अझै जिस्कन पुगेको छैन, के समाचार सुनाउनु ?

शुभेच्छा - ल, ल, भै गो, हामी चूप लागौंला, त्यस्तो महत्त्वपूर्ण कुरा के रहेछ, छिटो सुना ।

अलका - क्या नि, अब सरकारले नारी - शिक्षालाई विशेष महत्त्व दिने भयो अरे । छात्राहरूलाई पढ्न प्रोत्साहित गर्ने उद्देश्यले विभिन्न सुविधाहरू पनि दिने भएको छ रे । अझ, अब त नारीहरूलाई पढाइ-लेखाइतर्फ आकर्षित गर्न प्रत्येक विद्यालयमा महिला शिक्षिका राख्नैपर्ने नियम पनि लागू गर्ने भएको छ रे .....

आस्था - त्यो सबै त ठीकै छ, बरु छात्राहरूलाई चाहिं के-के सुविधा दिने रे नि, बता न ।

शुभेच्छा - अँ त, के-के सुविधा पाइने भएछ नि, कतै हामीलाई पनि केही मिलिहाल्छ कि ?

अलका - त्यो सबै कुरा भन्न त म पनि कहाँ सक्छु र । तर छात्राहरूलाई निःशुल्क पढाउने र पुस्तकहरू पनि सित्तैं दिने भन्ने कुराहरू सुनेकी छु । महिला शिक्षिकाको व्यवस्था पनि त हाम्रा लागि खुसीको कुरा हो नि ।

शुभेच्छा - तर हाम्रा लागि त केही मतलबको कुरा भएनछ नि ।

आस्था - त्यै त, टन्न पैसा छँदैछ, निःशुल्क भन्ने कुरा पनि हामीलाई किन चाहियो ? पुस्तक सित्तैं लिएर पनि के पढ्नु ? महिला शिक्षिका राख्ने भन्ने कुरा आफू मास्टर्नी भएर बाँच्न नपर्ने मानिसलाई 'कागलाई बेल पाक्यो, हर्ष न विस्मात' भनेझैं भएछ, सोची ल्याउँदा हामीलाई त क्यै न क्यै ?

अलका - गलत, यो हामी सबैलाई फाइदा पुग्ने कुरा होइन र ? हामी आफैं पनि एस.एल.सी. उत्तीर्ण गरेपछि त्यस्तै पऱ्यो भने स्कूलमा शिक्षिका भएर बाँच्न सक्ने र आफ्ना खुट्टामा उभिन सक्ने हुन्छौं । यो सानो कुरा हो त ? फेरि, लौ मानौं, पैसा हुनेलाई त ठीकै छ, नहुनेका लागि त्यही शुल्क तिर्न र किताब किन्न पनि कति झ्याउलो हुन्छ नि ? एकचोटि सोच् त !

शुभेच्छा - हेर् न आस्था, अलका त मास्टर्नी पो हुने भैछ, अझ आफ्ना खुट्टामा उभिने रे । अहिले चाहिं कसका खुट्टामा उभिएकी छेस् नि, आफ्नो खुट्टामा उभिएकी होइनस् र ?

आस्था - अरू जे भए पनि रिसाउन चाहिं नरिसा है । बरु घुम्न हिंड्दा पनि कति गहिरा कुरा सोचेर हिंडेकी होली यो ? अझ आफ्ना खुट्टामा उभिनेसम्म कुरा गर्न थालिसकी यो त ! हाम्रा बुबाहरूले टन्न जोडेको सम्पत्ति हामी छोराछोरीहरूले नउडाइदिए, उहाँहरूको चित्त कत्तिको दुख्ला नि, भन् त ?

अलका - तिमीहरूको विचार पनि एक प्रकारले ठीकै हो - बुबाहरूले जोडेको सम्पति हामीले पानीझैं बगाइदिनुपर्छ, नत्र कसरी सिद्धिने, होइन त ? तर, त्यो सम्पत्ति उहाँहरूले कति दुःख गरेर जोड्नु भएको होला - तिमीहरूले कहिल्यै सोचेकासम्म छौ ? एक दिन बुबा-मुमाबाट खर्च नलिई हिंड त, तिमीहरूको ताइँ देखिइहाल्छ

नि । अर्काले जोडेको सम्पत्ति उडाउन त मजा हुन्छ तर आफैं जोड्ने कोसिस गर त, कति गाह्रो हुन्छ । फेरि, सम्पत्ति भनेको हातको मैला त हो नि - त्यो एकाएक स्वाहा पनि हुन सक्छ । हामीहरू जो लेखपढ गर्छौं - हाम्रो खास सम्पत्ति त त्यही हो । त्यसैबाट हामीले आफ्नो गुजारा गर्न सक्नुपर्छ, आफ्ना खुट्टामा उभिन सिक्नुपर्छ ।

(एकछिन सबैजना गम खान्छन्)

शुभेच्छा - भो अब छोड् यी कुरा, म त तेरा कुरामा पूरै सहमत भएँ, आज तैंले मेरा आँखै खोलिदिइस् । मैले जीवनबारे यति गहिरा कुरा सोचेकी पनि थिइनँ ।

आस्था - मलाई त अलका यति गम्भीर कुरा गर्नीजस्तो लागेको पनि थिएन । आज यसले धेरै कुरा सोच्न बाध्य तुल्याइदिई ।

अलका - यसको मतलब तिमीहरूको आजको दिन पनि मैले बेकार गरिदिएँ ...

आस्था र शुभेच्छा - (एकैचोटि) बेकार होइन, तेरो - हाम्रो सङ्गत भए यताको सबभन्दा उपयोगी दिन ।

शुभेच्छा - (गम्भीर हुँदै) सोच्यो भने, नारी-शिक्षाको महत्त्व वास्तवमा कम छैन ।

आस्था - (झन् गम्भीर हुँदै) आफ्ना खुट्टामा उभिने भन्ने कुरा चाहिं झन् कम छ र ? मलाई त त्यस कुराले कता-कता च्वास्स घोचेझैं भएको छ ।

अलका - छाडिदेओ अब यी कुरा । तिमीहरूलाई चित्त बुझ्यो भने, म एउटा कुरा अझै भन्न चाहन्छु, सुन्छौ ?

आस्था र शुभेच्छा - (एकसाथ) किन नसुन्नु भन् न !

अलका - हामी सानातिना कुरामा उति ध्यान दिदैनौं, तर सानातिना कुराले नै मानिसलाई महान् बन्न प्रेरित गर्छ । प्रत्येक कुराको मूल्य र महत्त्व बुझ्नतिर नलाग्ने हो भने, जीवनको मूल्य पनि केही रहन्न । सोच्ने कामबाट मानिस कहिल्यै औताउनुहुन्न र असल कुरा सोच्न कहिल्यै पछि पनि पर्नुहुन्न । सोच्ने स्वतन्त्रता केवल मानिसको एकलौटी स्वतन्त्रता हो !

(गम्भीर मुद्रामा सबै जना चुपचाप रहन्छन्, एकछिनपछि ।

अब निकै समय भिड्किसक्यो घरतर्फ लागौं । बरु, सबभन्दा पहिले मेरो घर पर्छ, त्यहाँ एकछिन बसेर सँगै चियानास्ता गरौं, अनि आ-आफ्नो बाटो लागौंला, हुन्न ?

शुभेच्छा र आस्था (एकैचोटि) - किन नहुनु, यो त अत्युत्तम कुरा भइहाल्यो नि । दिनभरि ज्ञानगुनका कुरा पिलाइस्, अब चिया पनि तँ पिला, आज हाम्रो काम पिउने मात्र .....

(तीनै जना हाँस्दै घरतर्फ फर्कन्छन् ।

शब्द र अर्थ

गतिविधि	:	क्रियाकलाप, घट्ने घटनाहरू
ठ्याम्मै	:	ठयाक्कै, कत्ति पनि, ठिक्कसँग मिल्ने गरी
ताल	:	छाँट, चाल ।
प्रोत्साहित	:	कुनै काम गर्न हौसला बढाइएको
आकर्षित	:	लोभिएको, झुम्मिएको
नि:शुल्क	:	विना शुल्कको, फीस नलाग्ने किसिमको
अनिवार्य	:	नभई वा नगरी नहुने, गर्न करै लाग्ने
ताइँ	:	शक्ति वा फूर्ति, घमण्ड
गुजारा	:	निर्वाह, व्यवहार चलाउने काम
सहमत	:	एउटा विचार भाएको, राय मिलेको
आँखा खोलिदिनु	:	ज्ञान दिनु, महत्त्वपूर्ण कुरा जानकारी गराउनु
बाध्य	:	नगरी नहुने स्थितिमा नियम, वचन आदिले बाँधिएको
औताउनु	:	आत्तिनु, परिणामबारे चिन्ता लिनु
स्वतन्त्रता	:	कुनै शासनको बाधाबन्धन नभई उचित काम आफैं गर्न पाउने अधिकार वा शक्ति
एकलौटी	:	एउटै मात्र भएको, आफ्नै एकाधिकारको
अत्युत्तम	:	अत्यन्त उत्तम, अति बेस
ज्ञानगुन	:	विभिन्न कुराको जानकारी, ज्ञान

अभ्यास

१. तलका प्रश्नको उत्तर देऊ

- विद्यार्थी-जीवनमा समाचारको के महत्त्व हुन्छ ?
- सरकारले नारी-शिक्षाका लागि के-कस्ता सुविधा दिएको छ ?
- आफ्ना खुट्टामा उभिन सक्ने कुरामा ध्यान दिनुपर्छ ?
- शुभेच्छा र आस्था आखिर अलकाका विचारसँग किन सहमत भए ?
- 'असल कुरा सोच्न कहिल्यै पछि पर्नु हुन्न" भनेको के हो ?

२. "शिक्षा जीवनका लागि नभई नहुने कुरा हो" यस भनाइको व्याख्या गर ।

३. तलका भनाइ कसका हुन् चिनो लगाऊ

- देश-विदेशका कुरा नबुझ्ने हो भने पढेर मात्र के हुन्छ ? (आस्था, शुभेच्छा, अलका)
- घुम्न हिंड्दा पनि कति गहिरा कुरा सोचेर हिंडेकी होली यो ? (अलका, आस्था, शुभेच्छा)
- मैले जीवनबारे यति गहिरा कुरा सोचेकी पनि थिइनँ (शुभेच्छा, आस्था, अलका)
- आफ्ना खुट्टामा उभिने भन्ने कुराचाहिँ झन् कम छ र ? (शुभेच्छा, आस्था, अलका)
- सोच्ने स्वतन्त्रता केवल मानिसको एकलौटी स्वतन्त्रता हो । (अलका, आस्था, शुभेच्छा)

४. यस पाठबाट शिक्षकले तोकेजति अंश पालैपालो अभिनयात्मक रूपमा पढी कक्षामा सुनाऊ ।

५. वाक्यमा प्रयोग गर

कार्यक्रम, त, भोज, गुजारा गर्नु, नि:शुल्क

६. तात्पर्य खुलस्त पार

- सम्पत्ति भनेको हातको मैला त हो नि, त्यो एक दिन स्वाहा पनि हुन सक्छ ।
- सानातिना कुराले नै मानिसलाई महान् बन्न प्रेरित गर्छ ।

७. शुद्धसँग लेख

ग्रिहकार्य, ग्यानगुन, स्वटन्ट्रता, अनीबार्ये, हर्स

सिर्जनात्मक अभ्यास

१. विनय, विपिन र विजयका बीच बिदाका दिन घुग्न गएका सिलसिलामा भएका कुराकानीलाई संवादका रूपमा लेखी कक्षामा सुनाऊ ।

२. माथिको संवादलाई अभिनयसहित प्रस्तुत गर्ने प्रयास गर ।

व्याकरण

अर्थ वा भाव

● प्रश्नार्थ

१. तिमीहरूले आज समाचार सुन्यौ ?
२. तिम्रो नाम के हो ?
३. उसलाई कस्तो रङ मनपर्छ ?
४. कक्षामा कति विद्यार्थी छन् ?
५. तिमी पढ्दै छौ ?

यी वाक्यमा प्रश्न अर्थ बुझिएको छ ।

● सम्भावनार्थ

१. आज पानी पर्ला
२. दाजु भोलि आउनुहोला ।
३. श्यामा पोखरा पुग्ली ।
४. छोरो डाक्टर होला ।

यी वाक्यमा कामको निश्चय नभई हुन सक्ने सम्भावना मात्र बुझिएको छ ।

वाक्यमा प्रश्न बुझिंदा प्रश्नार्थ र सम्भावना मात्र बुझिँदा सम्भावनार्थ हुन्छ ।

तलका थप अभ्यास गर

१. कुन-कुन प्रश्नार्थक वाक्य हुन् ?

- अकबरी सुनलाई कसी लाउनुपर्दैन ।
- परिश्रमको फल मीठो हुन्छ
- के बाघको पनि बच्चा हुन्छ ?
- हुने हुनामी कसैले टार्न सक्तैन ।
- तिमी भोलि आउँछौ ?

२. तलका कुनचाहिं वाक्य सम्भावनार्थक होइनन् छुट्याऊ

- दशैँमा छोरो घर आउला ।
- किसानको परिश्रम खेर जाँदैन ।
- मेरो भनाइ तिमीलाई मन नपर्ला ।
- मेरो परीक्षा सफल होला ।
- हामीलाई स्वतन्त्रता प्यारो लाग्छ ।

३. खाली ठाउँ भर

- तिमीलाई कुन विषय मनपर्छ .....) !, ?, !,)
- तिम्रा गोठमा ..... ओटा गाईहरू छन् ? (कस्ता, कुन, कति)
- आज ..... बार रहेछ ? (के, कत्रो, कति)
- भावनालाई ..... साथी मनपर्छ ? (कस्तो, कहाँ, कति)
- उषा ..... पढ्छिन् ? (कत्रो, किन, कहाँ)

४. तीनओटा प्रश्नार्थ र सम्भावनार्थ बुझाउने वाक्य लेख ।

झरना

- महाकवि लक्ष्मीप्रसाद देवकोटा

पहाडको शिखरबाट
देखें झरेको जल ।
मेरो मनमा बत्ती बले
हज्जारौं झलमल ॥
त्यो पानीको झरनामा
शक्ति कति छ लुकेको ।
देख्न सके कति त्यसमा
बत्ती बिजुली बलेको ॥
तर हाय त्यसै नै पग्ली
पानी व्यर्थ बहन्छ ।
तत्त्व हामी जान्दैनौं
भित्रै-भित्र रहन्छ ॥
के हामी मानिसका
हृदयका गिरिमा ।
छैनन् यस्तै अटूट
निर्मल जलका झरना ?
हामीभित्र भए यदि यस्ता
सुन्दर झरना हजार ।
हाय छ कस्तो अपसोच ?
अझ छ अँध्यारो संसार !

शब्द र अर्थ

शिखर	:	पहाड, पर्वत
हज्जारौं	:	हजारौं-हजार
झलमल	:	झलमल, झलमल्ल, घाम-बत्ती आदिको उज्यालो
हाय	:	दया, करुणा, खिन्नता, सहानुभूति र शोक आदि प्रकट गर्न प्रयोग गरिने शब्द, हरे !
व्यर्थ	:	बेकार, बिनाकाम
तत्त्व	:	भित्री रहस्य, वास्तविक कुरा
गिरि	:	पर्वत, शिखर
अटूट	:	नटुटीकन, निरन्तर,अविरल
निर्मल	:	स्वच्छ, सफा
अपसोच	:	सुर्ता, शोक, दुःख

अभ्यास

१. तलका प्रश्नको उत्तर लेख

- कविका मनमा झलमल बत्ती किन बल्यो ?
- कविले अझै संसार अँध्यारो छ भन्नाको कारण के हो ?
- पानी व्यर्थ बगेको देखेर कवि किन अपसोच गर्छन् ?
- झरनाको पानीमा कस्तो शक्ति लुकेको हुन्छ ?
- 'झरना' कविताको मुख्य भाव के हो ?

२. भाव स्पष्ट गर

- तत्त्व हामी जान्दैनौं
  भित्रै-भित्र रहन्छ ।

३. उपयुक्त भनाइमा ठीक चिह्न लगाऊ

'झरना' कविताले

- बिजुलीको महत्त्व बताएको छ,
- पानीको महत्त्व बताएको छ,
- पर्वतको महत्त्व बताएको छ,
- मानव-हृदयको महत्त्व बताएको छ
- संसारको महत्त्व बताएको छ ।

४. **जोडा मिलाऊ**

पानी	शिखर
मानिस	बल्नु
पहाड	झरना
बिजुली	हृदय
संसार	अपशोच
	अँध्यारो

५. **वाक्यमा प्रयोग गर**

जल, निर्मल, हाय, झलमल, व्यर्थ, अटूट, हज्जारौं ।

६. **सुन र लेख (श्रुत-लेख)**

सुन्दर, हृदय, जान्दैनौं, शिखर, तत्त्व शक्ति, त्यसमा ।

सिर्जनात्मक अभ्यास

१. 'झरना' कविताका आधारमा पानीको उपयोगिताबारे कक्षामा छलफल गर ।

२. तिमीले कुनै झरनाको दृश्य देखेका छौ भने त्यस दृश्यको आफ्नै शब्दमा वर्णन गर ।

३. "हिमाल" शीर्षकमा एउटा कविता लेखी कक्षामा सुनाऊ ।

४. 'ईश्वर-स्तुति' र 'झरना' कविता पढ्दा के भिन्नता पायौ, विचार गर ।

व्याकरण

पद-सङ्गति र वाक्य-परिवर्तन

- पद-सङ्गति

  अघिल्ला पाठहरूमा हामीले लिङ्ग, पुरुष र वचनका बारेमा केही कुरा जान्यौं । वाक्यमा लिङ्ग, पुरुष र वचनका आधारमा पदहरू मिलाउने कामलाई पद-सङ्गति भन्दछन् ।

- वाक्य-परिवर्तन - अघिल्ला पाठहरूमा हामीले लिङ्ग, पुरुष र वचन बदल्ने अभ्यास गरेका छौं ।
  - पुलिङ्लाई स्त्रीलिङ्ग र स्त्रीलिङ्गलाई पुलिङ्गमा,
  - प्रथम, द्वितीय र तृतीय पुरुषलाई एक अर्कामा र
  - एकवचनलाई बहुवचन र बहुवचनलाई एकवचनमा परिवर्तन गर्ने कामलाई वाक्य-परिवर्तन भन्दछन् ।

तलका थप अभ्यास गर

१. पदसङ्गति मिलाएर लेख

- हामी पढ्दैन ।
- तिमीहरू धेरै बेर खेल्छ ।
- मनीषाले यो कुरा भन्यो ।
- बहिनीले भाइलाई रुवाउँछ ।
- आज कविता स्कूल आएन ।
- हामी सुन्छ, तिमी भन्छ ।
- उनीहरू जाँदैन रे ।

२. लिङ्ग बदली वाक्य परिवर्तन गर

उदाहरण : बहिनी बोल्छे - भाइ बोल्छ ।

- भान्जी आइन् -
- भाइ हिजो गयो -
- छोरी पढ्न मन गर्दिन -
- त्यो यतैतिर आई -
- तँ यो कुरा भन्छेस् -

३. पुरुष बदली वाक्य परिवर्तन गर

उदाहरण : त्यसले समाचार सुनायो - मैले समाचार सुनाएँ ।

- हामीले किताब किन्यौं -
- तिमीहरूले गृहकार्य गऱ्यै -
- म चिठी लेख्छु -
- ऊ सरासर जान्छ -
- तँ कहिले आउँछस् ? -

४. वचन बदली वाक्य परिवर्तन गर

उदाहरण : त्यो समाचार सुन्छ - तिनीहरू समाचार सुन्छन् ।

- हामीहरू घुम्न जान्छौं -
- तँ आज घरै बस्छस् -
- तिनीहरू बजारतिर निस्कन्छन् -
- गोठालाहरू गीत गाउँछन् -
- कल्पना छमछम नाच्छे -

दाजुलाई चिठी

श्री बरुणेश्वर मा.वि.
ओखलढुङ्गा, रामपुर
दिनाङ्क - १५ आषाढ, २०५१

श्री आदरणीय दाजुमा
दण्डवत् ढोग ।

आज आषाढको पन्ध्र, यतातिर खेतीपातीको धमाधम छ । सबैजना काँधमा हलो र हातमा कोदाली लिएर रोपाइँको तयारीमा छन् । कतिले त रोपाइँ सुरु गरिसकेका छन् । हाम्रै काकाले पनि गैरी-खेतको एकखण्ड रोपाइँ हिजै सक्नुभयो । हामीले भने अझै सुरु गरेका छैनौं । धानको बीउ राख्ने बेला बुबालाई अलि सञ्चो नभएकाले एकहप्ता जस्तो ढिला भयो । 'सोम खेती बुध घर' भन्ने चलनअनुसार सायद आगामी सोमबारदेखि रोपाइँ सुरु गरिन्छ होला ।

मेरो अर्धवार्षिक परीक्षा हिजो मात्र सकियो । परीक्षा सन्तोषजनक नै भएको छ । परीक्षाभन्दा पनि पढाइ ठूलो कुरा रहेछ । परीक्षाफल प्रकाशित हुन बाँकी नै भए तापनि आफ्नो मिहिनेत अनुसार प्रथम हुने विश्वासमा छु ।

खेतीपातीको सम्बन्धमा उत्तम खेती भनिए तापनि काम गर्ने मानिस पटक्कै पाइन छाडे । भनेजस्तो गरी पानी पनि पर्न सकेको छैन । हामीलाई सधाउँदै आएका पात्लेली दाजुभाइहरू कामका खोजीमा सहरतिर गएका अझै फर्किएका छैनन् । त्यसले गर्दा बुबा मुमा झन् चिन्तित हुनुभएको छ । छोरो आउँथ्यो कि भनेर तपाईंको सम्झना खुब गर्नुहुन्छ । सायद यतिखेर तपाईंको पनि जाँचको समय होला, आउन सक्ने कुरै भएन । तर चिठी पत्र भने पठाउँदै गर्नुहोला ।

यसपालि दशैंमा त अवश्य आउनुहुन्छ भन्ने हामीले विश्वास लिएका छौं । त्यतिखेर आउँदा मेरा लागि केही उपयोगी पुस्तकहरू ल्याइदिनु हुनेनैछ । बुबामुमालाई कहिलेकाहीं सामान्य बिसन्चो भए पनि यतिखेर सबैलाई आराम छ । अरू ज्यादा के लेखूँ, गल्तीमा माफ पाऊँ । तपाईंको पत्रको प्रतीक्षा गर्दै आजलाई यत्ति नै ।

आज्ञाकारी भाइ
सरोज सञ्जेल

टिकट

पाउने

श्री .....

पठाउने
सरोज सञ्जेल
रामपुर ।

शब्द र अर्थ

दण्डवत्	:	भुइँमा लेटेर गरिने एक प्रकारको ढोग
उपयोगी	:	काम लाग्ने किसिमको, उपयोगमा ल्याउन मिल्ने
आज्ञाकारी	:	आज्ञा मान्ने, आज्ञाको पालना गर्ने
आदरणीय	:	आदर गर्न लायक, आदर गर्नुपर्ने
धमाधम	:	कुनै काम सरासर गरिरहने प्रक्रिया
प्रतीक्षा	:	पर्खाइ, कुनै कुराको आशामा बस्ने काम

अभ्यास

१. **तलका प्रश्नको उत्तर लेख**

- आफ्नो पढाइ-लेखाइबारे भाइले दाजुलाई के लेखेका छन् ?
- खेतीपाती गर्न गाह्रो हुँदै जानाको कारण के हो ?
- भाइले दाजुलाई घर आउँदा के ल्याइदिनु भनेका छन् ?
- दोस्रो चिठीको अनुच्छेदमा के कुरा लेखिएको छ ?

२. **आशय स्पष्ट पार**

- परीक्षाभन्दा पनि पढाइ ठूलो कुरा रहेछ ।
- सोम खेती बुध घर ।

३. आफ्नो पढाइ-लेखाइ र घरायसी कुराहरू समावेश गरी टाढा बसेका साथीलाई एउटा चिठी लेख ।

४. **मिल्दो शब्द राखेर खाली ठाउँ भर**

- ..... साथी रमेश, (आदरणीय, पूजनीय, प्रिय)
- गाउँघरतिरको ..... ठीकै छ । (समाचार, स्वास्थ्य, पानी)
- तिमीले पठाएको ..... को उत्तर दिदै छु । (पैसा, पत्र, खबर)
- हजुरको ..... पुत्र हरिभक्त (मिलनसार, बाठो, प्यारो)
- यसपालिको दशैँमा ..... भन्ने विश्वास छ । (आउनुहुन्छ, पठाउनुहुन्छ, जानुहुन्छ ।)

५. **शब्द बनाऊ**

जस्तै - रोप् + आइँ = रोपाइँ

पढ् + आइ =

बस् + आइ =

हिंड् + आइ =

लेख् + आइ =

६. **शुद्धसँग कापीमा सार**

आदर्नीए, बाताबरण शीक्षा, वीस्वाश, दाजू । आग्याकारी

सिर्जनात्मक अभ्यास

१. चिठी पठाउँदा खाममा ठेगाना कसरी लेखिन्छ, खामको ढाँचासमेत बनाएर शिक्षकलाई देखाऊ ।

२. चिठी-पत्रको महत्त्वबारे कक्षामा छलफल गर ।

३. पाइएसम्मका विभिन्न चिठीहरू हेरी चिठी लेख्ने कलाबारे जानकारी हासिल गर ।

व्याकरण

करण-अकरण

- शङ्कर विद्यालय गएछ ।
- रमेश परीक्षामा सफल होला । करण
- तिमीले भनेको मान्यौ ।

- शङ्कर विद्यालय गएनछ ।
- रमेश परीक्षामा सफल नहोला । अकरण
- तिमीले भनेको मानेनौ ।

- गएछ, होला, मान्यौ - जस्ता स्वीकार वा काम हुने भन्ने अर्थ बुझाउने क्रियालाई करण र
- गएनछ, नहोला, मानेनौ - जस्ता अस्वीकार वा काम नहुने भन्ने अर्थ बुझाउने क्रियालाई अकरण भन्दछन्

करणबाट अकरण बनाउँदा 'न' जोड्ने गरिन्छ ।

तलका थप अभ्यास गर

१. **करणबाट अकरण र अकरणबाट करण बनाऊ**

- हामी पढ्न जान्छौं =
- सरिता भनेको मान्दिन =
- मोहनले गृहकार्य गऱ्यो =
- इन्दिरा मिहेनती छैन =
- मनीषा छिटो उठ्दिन =
- सुमन बिहानभरि डुल्छ =

२. **करण र अकरण छुट्याऊ**

- रोपाइँ सुरु भयो =
- गाउँघरमा योग्यशिक्षकको कमी छ =
- आज दिदी आउनुहुन्छ =
- परीक्षा सन्तोषजनक भएको छ =
- गाईले दूध दिएन ।

३. **पाँच-पाँच ओटा करण र अकरण बुझाउने वाक्य लेख**

करण	अकरण
(क)	(क)
(ख)	(ख)
(ग)	(ग)
(घ)	(घ)
(ङ)	(ङ)

४. माथिको चिठीबाट अकरण बुझाउने वाक्यहरू कापीमा सार

साहित्यकार भवानी भिक्षु

"नेपाली वित्त सानो होला, तर नेपाली चित्त सानो छैन"- यो उद्‌गार हो हृदयका धनी साहित्यकार भवानी भिक्षुको । नेपाली साहित्यमा भवानी भिक्षु प्रचलित र प्यारो नाम मानिन्छ । नेपाली भाषा-साहित्यका विद्वान् तथा साहित्यकारहरू उनलाई 'भिक्षु' भनेर चिन्दछन् । 'भिक्षु' उनको उपनाम हो । भवानी भिक्षु नेपाली साहित्यको सेवा गर्न भगवती माताद्वारा भिक्षास्वरूप दिइएका वरदान हुन् ।

दुब्लो शरीर, केही छ्याकटे अनुहार र कालो वर्णका भवानी भिक्षुले 'हुने बिरुवाको चिल्लो पात' भनेझैं सानै उमेरदेखि साहित्य-सेवामा रुचि देखाए । उनको जन्म वि.सं. १९७१ साल ज्येष्ठ २१ गते कपिलवस्तु जिल्लाको तौलिहवामा भएको हो । उनी पिता इन्द्रप्रसाद गुप्ता र माता यशोदादेवीका माहिला छोरा थिए । उनको वास्तविक नाम भवानीप्रसाद गुप्ता हो । तीन-चार वर्षको उमेरमा उनलाई बिफरले झन्नै मृत्युको मुखमा पुऱ्याएको थियो । शीतलादेवीको उपासनाबाट उनको जीवन-रक्षा हुन सक्यो । यसैले उनका आफन्तहरूले उनलाई शीतलादेवीको भिक्षाका रूपमा 'भिक्खा' - 'भिक्षा' जस्ता नामले बोलाउन थाले । गाउँघरमा पछिसम्म पनि उनको बोलाउने नाम भिक्षा नै थियो । यसै आधा रमा भवानीप्रसाद गुप्ताले भवानी 'भिक्षु' भनेर आफ्नो साहित्यिक नाम रोजे, त्यही नाम नै नेपाली साहित्यमा एउटा नमेटिने इतिहास बन्न पुग्यो ।

इन्द्रप्रसाद गुप्ता तौलिहवाका पुगिसरी आएका जमिन्दार थिए, त्यसकारण भिक्षुको बाल्यकाल सुखमै बित्यो । राम्रो पालन-पोषण र शिक्षा-दीक्षामा उनी हुर्कंदै गए । उनले भारतीय विद्यालयमा अध्ययन गर्न सुरु गरे, तर औपचारिक रूपमा उच्चशिक्षा हासिल गर्न चाहिँ सकेनन् । त्यसो भए तापनि अध्ययनशील स्वभावले गर्दा उनी सरस्वतीको सेवामा लागिरहे र सफल साहित्यकारका रूपमा सम्मानित हुन सके ।

भिक्षुमा अवधी हिन्दी, उर्दू, अंग्रेजी, संस्कृत, बङ्गाली र नेपाली भाषाको राम्रो ज्ञान थियो । उनको मातृभाषा चाहिं अवधी थियो । आरम्भमा उनी हिन्दी साहित्यतर्फ पनि आकर्षित भएको पाइन्छ र बाह्र वर्षकै उमेरमा 'प्रताप' भन्ने पत्रिकामा आफ्नो हिन्दी कविता छपाएको देखिन्छ । उनले 'उर्दू' मा पनि कविता र कहानीहरू लेखेका थिए भनिन्छ । केही कथा र प्रशस्त कविताहरू पत्रपत्रिकामा प्रकाशित गरेर कम उमेरमै भिक्षु हिन्दी-साहित्यका पाठकहरू बीच पनि परिचित भइसकेका थिए ।

वि.सं. १९८७ सालमा भिक्षु प्रथम पटक काठमाडौं भित्रिएका थिए । त्यहाँ रहँदा साहित्यसेवी ऋद्धिबहादुर मल्ल र कवि सिद्धिचरण श्रेष्ठसँग उनको सम्पर्क बढ्यो । त्यही सम्पर्क नै नेपाली साहित्यको सेवा गर्न उनका निम्ति सुनौलो मौका साबित भयो र वि.सं. १९९३ सालमा 'शारदा' पत्रिकामा 'वियोगरात्रि' शीर्षकको कविता छपाएर भिक्षु नेपाली साहित्यमा प्रवेश गर्न पुगे । उनले लगभग ४० वर्षसम्म नेपाली साहित्यको सेवा गरे । उनको प्रेरणा सबैका निम्ति अमूल्य छ र खास गरी नेपाली मातृ भाषा नहुनेहरूका निम्ति त अनुकरणीय नै बन्न गएको छ ।

मानिसमा हुने गुन-बैगुन भिक्षुमा पनि थिए, तर हिन्दी साहित्यको मोहमा परिसकेका भिक्षु नेपाली साहित्यका क्षेत्रमा प्रवेश गरी साहित्य साधनामा संलग्न भएको कुरालाई ज्यादै महत्त्वपूर्ण घटना मान्नुपर्दछ । विभिन्न झन्झट र सङ्कटमा पनि उनको साहित्यिक प्रतिभा कहिल्यै शिथिल देखिएन ।

फुर्किएर उत्ताउलो हुने र रोएर दुःख मनाउ गर्ने स्वभाव उनको थिएन । भिक्षुको सरल जीवन, भावुक व्यक्तित्व, मीठो बोली र मिजासिलो स्वभाव थियो । उनी प्रेमपूर्ण भावनामा सधैं रमाउँथे । उनका सम्पर्कमा आउने व्यक्ति उनको व्यवहारबाट प्रभावित भएकै हुन्थे । उनी साथीभाइ भनेपछि हिरिक्क हुन्थे र उनीहरूलाई आफूकहाँ बोलाएर मीठो चियासँगै मीठा-मीठा कुराको समेत स्वाद चखाउँथे । 'मेरो सानो साथी'का कथाकार भिक्षुमा केटाकेटीलाई पनि साथी-भाइसरह व्यवहार गर्ने विशेषता थियो ।

भिक्षु मुख्य रूपमा नेपाली कविता, उपन्यास र कथा साहित्यका त्रिवेणी मानिन्छन् । उनी कवितामा भन्दा उपन्यासमा र उपन्यासमा भन्दा कथामा बढी सफल देखिन्छन् । आफ्ना रचनामा मानिसका स्वाभाविक बानी बेहोराको चित्र उतारेर भिक्षुले नेपाली साहित्यलाई नयाँ बाटो देखाउने प्रयास गरेका छन् र उनको साहित्यिक विशेषता पनि यही हो । उनी आफ्ना कथामा मानिसको मनभित्र गुम्सिएर रहेका इच्छा र चाहनाहरूको चित्रण गर्न अत्यन्त सफल रहेका छन् ।

'छाया' 'प्रकाश' र 'परिष्कार' (कविता-सङ्ग्रह) 'पाइप नं. २' र 'आगत' (उपन्यास) तथा 'गुनकेशरी' 'मैयाँ साहेब' 'आवर्त' र 'अवान्तर' (कथा-सङग्रह) जस्ता कृतिहरू भिक्षुका अनमोल कृति हुन् । 'आगत' उपन्यासका निम्ति साझा पुरस्कार र मदन पुरस्कार तथा वि.सं. २०३६ सालको त्रिभुवन प्रज्ञा-पुरकारले समेत भिक्षुलाई सम्मानित गरिएको पाइन्छ । उनी नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको स्थापनाकाल अर्थात् वि.सं. २०१४ सालदेखि नै त्यसका सदस्य थिए र वि.सं. २०२८ सालदेखि आजीवन सदस्यका रूपमा सम्मानित हुन पुगे । प्रज्ञा-प्रतिष्ठानमा रहँदा उनी साहित्य विभागको संयोजक समेत भएका थिए ।

यसरी नेपाली साहित्यको विकासमा अमूल्य योगदान पुऱ्याउँदै वि.सं. २०३८ साल वैशाख ४ गते काठमाडौँको बत्तीसपुतलीस्थित घरमा भवानी भिक्षु फोक्साको क्यान्सरले परलोक भए । उनी परलोक भएको समाचारले नेपाली साहित्यका एक साधकको अन्त्य भएको नमीठो अनुभव नगरी कोही रहन सकेन । उनी मरेर गए पनि उनका रचनाले हामीलाई सधैं उनको सम्झना दिलाइरहन्छन् ।

शब्द र अर्थ

वित्त	:	धनमाल, जायजेथा
उद्गार	:	भनाइ, मनको भाव व्यक्त गर्ने काम
श्रीवृद्धि	:	शोभा बढ्नु, सम्पन्नता
जमिन्दार	:	प्रशस्त जग्गा - जमिन भएको व्यक्ति
काव्य-प्रतिभा	:	काव्य-कविता रचना गर्ने शक्ति
अद्वितीय	:	तुलना गर्ने अर्को व्यक्ति नभएको
अनुकरणीय	:	सिको गर्न लायक
साधक	:	कुनै काममा एकचित्त भएर लाग्ने व्यक्ति
शिथिल	:	कामले थाकेको वा गलेको
भावुक	:	भावना भएको
त्रिवेणी	:	तीन नदी मिलेको ठाउँ
अनमोल	:	मोल नभएको, अमूल्य, मूल्य तोक्न नसकिने

अभ्यास

१. **तलका प्रश्नको उत्तर लेख**

- भिक्षुलाई नेपाली साहित्यका त्रिवेणी भन्नाको कारण के हो ?
- भिक्षु नेपाली साहित्यतर्फ कसरी आकर्षित भए ?
- भिक्षुको साहित्य सेवाको कदर कुन रूपमा गरियो ?
- भिक्षुका कथामा के विशेषता पाइन्छ ?
- भवानी भिक्षुलाई कुन-कुन भाषाको ज्ञान थियो ?
- भिक्षुको जीवनीबाट कस्तो प्रेरणा पाउन सकिन्छ ?
- भिक्षुका अनमोल कृतिहरूका नाम के-के हुन् ?

२. पाठका आधारमा भवानी भिक्षुको परिचय देऊ

३. **तात्पर्य खुलाऊ**

- हुने बिरुवाको चिल्लो पात
- फुर्किएर उत्ताउलो हुने र रोएर दुःख मनाउ गर्ने स्वभाव उनको थिएन ।

४. **खाली ठाउँ भर**

- भवानीप्रसाद गुप्ताको साहित्यिक नाम ..... हो ।
- काठमाडौँ आएपछि साहित्यसेवी ..... सँग भिक्षुको सम्पर्क बढ्यो ।
- भिक्षुको जन्म वि.सं. ..... मा भएको हो ।
- भिक्षुको मातृभाषा ..... थियो ।
- भिक्षुले २०३६ सालको ..... पुरस्कार पाए ।
- ..... शीर्षकको कविता शारदामा प्रकाशित गरी भिक्षु नेपाली साहित्यमा प्रवेश गरेका हुन् ।

५. **भिक्षुका सम्बन्धमा भनिएका तलका कुन-कुन कुरा सत्य छन्, छुट्याऊ**

- भिक्षुको जन्म कपिलवस्तु जिल्लाको तौलिहवामा भएको हो ।
- भिक्षुको बोलाउने नाम भवानीप्रसाद गुप्ता थियो ।
- भिक्षुले साझा पुरस्कार र मदन पुरस्कार पनि पाएका थिए ।
- भिक्षुले सुरुदेखि नै नेपाली साहित्यको सेवा गरे ।
- भिक्षुका रचनामा मानिसका स्वाभाविक बानीबेहोराको चित्र उतारिएको हुन्छ ।

६. **शुद्धसँग कापीमा सार**

अनुकरनीय, रिद्धिबहादुर मल्ल, अध्यनसील, महत्त्व पुर्न, तृवेनी

७. **वाक्यमा प्रयोग गर**

चित्त, मिजासिलो, मोह, हिरिक्क अनुभव, सङ्कट मातृभाषा ।

सिर्जनात्मक अभ्यास

१. आफ्ना गाउँ-ठाउँका कुनै एक शिक्षाप्रेमी व्यक्तिको जीवनी लेखी शिक्षकलाई देखाऊ ।
२. पाठमा दिइएको भिक्षुको चित्र हेरी उनको त्यस्तै चित्र बनाएर कक्षाकोठामा टाँस ।
३. तिम्रा घर-गाउँमा कुन-कुन भाषा बोलिन्छन्, तिनको नाम लेखी शिक्षकलाई देखाऊ ।

व्याकरण

१. **सामान्य धातु**

धातु		प्रत्यय		क्रियाबोधक शब्द	क्रियापद
खा	+	नु	=	खानु	खान्छ, खायो, खानेछ
बस्	+	नु	=	बस्नु	बस्छन्, बस्छु, बस्छौं
बोल्	+	नु	=	बोल्नु	बोल्यो, बोलिन्, बोल्छे
पढ्	+	नु	=	पढ्नु	पढ्छस्, पढ्लास्
कुट्	+	नु	=	कुट्नु	कुट्ला, कुटलान्

> सामान्य धातुमा 'नु' जोडेर क्रियाबोधक शब्द बनाउन सकिन्छ ।
> धातुहरूबाटै क्रियापदहरूको निर्माण हुन्छ ।

तलका थप अभ्यास गर

१. **तल दिइएका धातुबाट क्रियाबोधक शब्द बनाऊ**

उदाहरण :	खेल्	+	नु	=	खेल्नु
देख्	+	नु	=	देख्नु	

जा, जोड्, माग्, नाप्, घुम्, बुझ, भन्, ढाँट, घोक् ।

२. **तलका सामान्य धातुहरू मात्र कपीमा सार**

मास्, भाँड्, थाक्, बोकाइ, घँचेट्, सुनाऊ, हेर्, बगाऊ, भन्यो, हेरौंला, दिएछ ।

३. उदाहरणसहित सामान्य धातुको परिचय देऊ ।
४. धातुहरूबाट क्रियापद बनाउने अभ्यास बढाऊ ।
५. सामान्य धातुमा के जोडेर क्रियाबोधक शब्द बनाउन सकिन्छ ?

हिमाल हाँस्छ !



आहा ! हिमाल हाँसेको छ, साँच्चिकै हाँसेको छ ! हिमाल आफू मात्र हाँसेको छैन, यसले त उसका काखमा रमाउने हामीलाई हँसाएको छ, टाढा-टाढाबाट हिमालसँग मितेरी लाउन आउनेहरूलाई हँसाएको छ र जीवनमा हाँस्न कन्जुस्याइँ गर्नेहरूलाई पनि यसले हँसाएको छ । हामीलाई हँसाउनकै निम्ति प्रकृतिले कतै हाँसेको हिमालको सृष्टि गरेको त होइन ?

हाम्रो देशको उत्तरपट्टि साना-ठूला, अग्ला-होचा, थुप्रै-थुप्रै हिमालहरू श्रृङ्खलाबद्ध रूपमा टल्किएका देखिन्छन् । घामको झुल्कासँगै तिनको अपार सौन्दर्य नेपालको धर्तीमा छरिन्छ । त्यो सौन्दर्य अलिकति पानी बनेर तराईतिर बग्छ, अलिकति पहाडी झर्नाहरूमा मिसिएर झर्झराउँछ र सबभन्दा बढी त याक र चौँरीहरूका बथानमा मिसिएर कतै धूपी, कतै सल्ला र कतै लालीगुराँस बनेर पोखिन्छ । अनि, डाँफे र मुनालका हलुका पाइलासँगै बाँकी सौन्दर्य पनि छताछुल्ल छरिन्छ ।

सगरमाथा - हिमालमध्येको राजा हिमाल - सबैको सम्मान पाएर यसको उचाइ झन् साह्रो थपिएझैं लाग्छ । विश्वमा सुन्दर देश नेपालको सबभन्दा सुन्दर चीज शायद यही हो - सगरमाथा ! सगरमाथाको उचाइले नेपालको उचाइ बढेको छ र नेपालको उचाइभित्र सगरमाथाको उचाइ जोडिएको छ । सगरमाथाले नेपालीहरूको उचाइ पनि बढाएको छ र नेपालीहरूको शिरताज सगरमाथा विश्वकै ताजझैं नेपालमा राज गर्दै हाँसिरहेको छ । कतिलाई यसको उचाइ देखेर ईर्ष्या पनि लाग्दो हो, कतिलाई यसको हँसाइ

देखेर ग्लानि पनि भाग्दो हो, तर सगरमाथा, हाम्रो प्यारो हिमाल ! न यसले कहिल्यै पानी-झरीको पर्वाह गरेको छ, न हुरी-बतासको पीडाले आत्तिएको छ, न त जून र घामका शीत-तापले त्यसलाई सताएको छ- बरु सधैं एकनास कस्तो अटल विश्वास छ यसलाई अडिनाको र कति आत्मविश्वास छ यसलाई युग-युगान्तरसम्म ठडिनाको । के हामी पनि सगरमाथाझैं आत्मविश्वास साँचेर जीवनमा उभिन सक्दैनौं ? पक्कै सक्छौं, सक्नुपर्छ र नसके पनि कोसिस गर्नुपर्छ ।

हिमालको गाथाभित्र कोही सगरमाथाको कथा पढ्छन्, कोही कञ्चनजङ्घा, मकालु, मनास्लु र माछापुच्छ्रेको कविता रच्छन्, कोही गौरीशंकर, अन्नपूर्णा र धौलागिरीको गरिमा गाउँछन् त कोही ल्होत्से र लाम्टाङको लावण्य देख्छन् । हिमाल एक, नाम अनेक - यसै अनेकताभित्र नेपालको एकता मानौं त्यसरी नै सुहाएको छ, जसरी कुनै एकै चित्रकृतिभित्र विभिन्न पृथक् रङहरू एकै बनेर सुहाएका हुन्छन् । आहा ? एक चित्र, अनेक विचित्र रङको समायोजन ! कति सुन्दर र कति मोहक दृश्य हाम्रा हिमालको र हिमालै-हिमालको देश नेपालको !

हाम्रा हिमालहरू साँच्चिकै हाँसेर जब पर्यटकहरूलाई मोहित गर्छन्, तब त्यस चोखो हाँसोसँगै नेपालमा लक्ष्मी भित्रिरहेझैं लाग्छ र अन्नपूर्णाको उचाइ झन्-झन चुलिँदै गएझैं लाग्छ । अझ हिमालको शिर चुम्न तम्सने वीरहरू जब छातीभरि साहसका सगुन बोकेर उत्तरतर्फ लम्कन्छन्, लाग्छ- संसारको कीर्ति र मान्छेको पिर्ती पनि हाम्रै देशको हिउँसँग मिसिएर अमर बन्न चाहन्छ !

उचाइ, उचाइ हुनु त हिमालको जस्तो ! स्वच्छ, सौम्यशान्त, सुन्दर र विशाल ! तर खै मान्छेले कहिल्यै हिमालको उचाइ प्राप्त गर्न सक्ला र ? आजभोलि त दिनदिनै मान्छेको उचाइ खस्कँदै गएझैं पो लाग्छ बरु ! किन हो कुन्नि, मान्छेभित्रको मान्छे आफैंभित्र खुम्चँदै गएको छ र मान्छेको खोजीमा आजको मान्छे दिनरात निसास्सिदै गएको छ । हुन त मान्छेको उचाइ हिमालभन्दा अग्लो हो सोच्न सक्यो भने, तर उसको उचाइ किन घट्दै गएको हो - कहिल्यै सोचेको छ मान्छेले ? अहँ, खै, फुर्सदै कहाँ छ र ? र, त आजको मान्छे न हिमालजस्तै हाँस्न सकेको छ, न त हिमाल जत्तिकै अग्लिन सकेको छ !

हिमालको हाँसो नेपालको नासो हो । नेपालको नासो सम्पूर्ण नेपालीहरूको एकमात्र चासो हो । नेपालीहरू हाँस्दासम्म हिमाल पनि हाँस्छ शायद र हिमाल हाँस्दासम्म नेपाल पनि हाँस्छ शायद ! यस्तो विश्वास बोकेर हामी नेपालीहरू हिमालको हाँसोसँगै आफूलाई हँसाउन चाहन्छौं र आफ्नो हाँसोको हिस्सा हिमाललाई सुम्पँदै हिमालको मुस्कानमा आफ्नो

खुसी छल्किएको मीठो कल्पना गर्न पुग्छौं । मानौं, हाम्रो एउटै लक्ष्य छ - हिमाल हाँसे, हामी हाँस्छौं र हामी हाँसे हिमाल हाँस्छ ।

शब्द र अर्थ

मितेरी	:	मित्रता, दोस्ती ।
कन्जुस्याइँ	:	लोभ, कन्जुसी ।
श्रृङ्खलाबद्ध	:	पङ्क्ति वा लहर मिलेको, वरदेखि परसम्म मिलेर रहेको
शिरताज	:	शिरको ताज, श्रीपेच
अटल	:	स्थिर, कहिल्यै नडग्ने
आत्मविश्वास	:	आफूमा रहेको विश्वास, आफूप्रति गरिने विश्वास
लावण्य	:	सुन्दरता, शोभा
अनेकता	:	एकभन्दा बढी हुने पना, अनेकको भाव,
चित्रकृति	:	चित्रसम्बन्धी कृति, कलाकृति
पृथक्	:	भिन्न, अलग
समायोजन	:	एकै ठाउँमा मिल्ने काम
मोहक	:	लोभ्याउने किसिमको, लोभलाग्दो
पर्यटक	:	घुमफिर गर्ने व्यक्ति, डुल्ने उद्देश्यले एक देशबाट देशमा जाने व्यक्ति
स्पर्श	:	छुने काम, हलुका ढङ्गले छुनु
सौम्य	:	स्वच्छ, सरल र शान्त स्वभावको, हेर्दा एकदमै राम्रो लाग्ने
नासो	:	कसैलाई फिर्ता बुझाउने गरी जिम्मामा राखिएको वस्तु ।
हिस्सा	:	अंश वा भाग
छल्किएको	:	छचल्किएको, छल-छल भएको
ग्लानि	:	दुःख, पीडा
गाथा	:	कथासहितको वर्णन वा गीत
अपार	:	पार पाइनसक्ने, यति छ भनेर ठम्याइनसकिने

अभ्यास

१. **तलका प्रश्नको उत्तर लेख**

- नेपाललाई किन हिमालै-हिमालको देश भनिन्छ ?
- हिमालको सौन्दर्य के-केमा देख्न सकिन्छ ?
- सगरमाथा र नेपालको सम्बन्ध कुन रूपमा रहेको छ ?
- हिमालबाट मानिसले लिन सक्ने प्रेरणा के हो ?
- हिमालले कस-कसलाई हँसाएको पाइन्छ ?

२. 'हिमाल हाँस्छ' भन्ने पाठका कुराहरू मीठो भाषामा छोटकरीमा लेख ।

३. **भाव स्पष्ट पार**

- हिमाल हाँसे हामी हाँस्छौ र हामी हाँसे हिमाल हाँस्छ ।
- संसारको कीर्ति र मान्छेको पिर्ती पनि हाम्रै देशको हिउँसम्म जिस्किएर अमर बन्न चाहन्छ ।
- आजको मान्छे न हिमालजस्तै हाँस्न सकेको छ, न त हिमालजत्तिकै अग्लिन सकेको छ ।

४. **वाक्यमा प्रयोग गर**

अटल, मितेरी, सौन्दर्य, त, छल्किनु आहा, टलक्क ।

५. **विपरीतार्थक शब्द लेख**

शिर, अलिकति, टाढा, अनेकता, विश्वास, हाँस्नु, फुर्सद, शान्त, खुला, आफ्नो ।

६. यस पाठको अन्तिमभन्दा अघिल्लो अनुच्छेद ध्यानपूर्वक पढ र त्यसमा प्रयोग भएका विभिन्न चिह्नहरू राम्ररी बुझ ।

७. यस पाठको पहिलो अनुच्छेद शिक्षकबाट सुन ।

सिर्जनात्मक अभ्यास

१. 'हिमालको सुन्दरता' भन्ने शीर्षकमा भावनामा रमाई एउटा सानो प्रबन्ध लेखी शिक्षकलाई देखाऊ ।

२. आफ्नो क्षेत्रको आसपासमा पर्ने कुनै प्राकृतिक सौन्दर्यले सम्पन्न भएको स्थलको भ्रमण गरी त्यसलाई सुरक्षित राख्ने उपायबारे साथीभाइहरूसँग छलफल गर ।

व्याकरण

वाच्य

१. कर्तृवाच्य	२. कर्मवाच्य
● बबिता माला उन्छे	= बबिताद्वारा माला उनिन्छ ।
● म खेत खन्छु	= मद्वारा खेत खनिन्छ ।
● तिमी पत्रिका पढ्छौ	= तिमीद्वारा पत्रिका पढिन्छ ।
● बहिनी पुस्तकहरू किन्छे	= बहिनीद्वारा पुस्तकहरू किनिन्छन् ।

कर्तृवाच्य : कर्ता मुख्य भएर त्यसअनुसार क्रियापद रहने वाच्य हो ।
कर्मवाच्य - कर्म मुख्य भएर त्यसअनुसार क्रियापद रहने वाच्य हो

तलका थप अभ्यास गर

१. **कर्तृवाच्य र कर्मवाच्य छुट्याऊ**

टिप्छ		दिन्छ		पढिन्छ	
जोतिन्छ		माग्छ		बोलिन्छ	
देखिन्छ		बेचिन्छ		हाँस्यो	

२. **वाच्य-परिवर्तन गर**

- आरती भात पकाउँछे - आरतीद्वारा भात पकाइन्छ ।
- प्रदीप पढ्छ -
- सविताद्वारा लुगा धोइयो -
- गृहकार्य गरियो -
- गुरुलाई पाठ बुझाउँछु -

३. आफूले पढेका विभिन्न पाठबाट कर्मवाच्यका दशओटा वाक्य लेखी शिक्षकलाई देखाऊ ।

४. आफैं सोचेर कर्तृवाच्यका पाँचओटा वाक्य लेख।

५. **जोडा मिलाऊ**

• पढिन्छ	कर्तृवाच्य
• देखे	कर्मवाच्य
• भन्यो	कर्मवाच्य
• किनिएन	कर्तृवाच्य
• बस्नेछ	कर्मवाच्य

राष्ट्रको अखण्डता

- माधव घिमिरे

नेपाल यो सुन्दर दिव्य देश
पुर्खाहरूले चिर - भुक्तशेष ।
पिए पनि नित्य भरी-भरी यो
रित्तिन्न कैल्यै मधु-माधुरी यो । १ ।

नानाथरी निर्झर - निर्झरीको
मुहान योटै दुधपोखरी यो ।
तप्केसरी अमृत तालुद्वारा
नाडी - नसा सिक्त बनाई सारा । २ ।

हिमालको यो हिमगौर हाँसो
दियो हिजोले जुन आज नासो ।
आउन्न भोली भनि मास्न हुन्न
प्रमत्त भै क्वै पनि हाँस्न हुन्न । ३ ।

पारिन्छ सत्ता जब खण्ड-खण्ड
रहन्छ के राष्ट्र त्यहाँ अखण्ड ?
थुतिन्छ पत्ता जब खात - खात
सिद्धिन्छ शोभा अनि फूलबाट । ४ ।

यो पार्वतीको प्रिय फूलबारी
एकान्त यो चिन्तनको छहारी ।
बनूँ कि क्यारे यसको म माली
पर्खाल अग्ला चुलिमा उचाली । ५ ।

नाना कला - कौशल सभ्यताको
विचित्रताको तर एकताको
अहो हिमाली फूल ल्यूँ कि हात
एकै थुँगामा सय लाख पात । ६ ।

शब्द र अर्थ

दिव्य	:	अति राम्रो
चिर	:	लामो, धेरै समयसम्म रहने, धेरै पहिलेदेखि
भुक्त-शेष	:	दुःख-सुखबाट सिर्जना भएको
नित्य	:	सधैं, निरन्तर
मधु-माधुरी	:	अमृतमा पाइने मिठास, मधुरता
निर्झर-निर्झरी	:	झर्ना, पहाडबाट खसेको पानीको फोहोरा
तप्कनु	:	तप-तप गरी थोपा खस्नु
नाडी-नसा	:	रगत बग्ने नली
सिक्त	:	सेचन गरिएको, अभिषेक गरिएको
हिमगौर	:	हिउँझै उज्वल
नासो	:	हिफाजत गर्न दिएको वस्तु
प्रमत्त	:	उन्मत्त
सत्ता	:	अस्तित्व, रहनु
खण्ड-खण्ड	:	टुक्रा-टुक्रा
अखण्ड	:	सिङ्गो, सम्पूर्ण
खात-खात	:	तह-तह
शोभा	:	सुन्दरता
चिन्तन	:	सोचविचार
छहारी	:	छाया
माली	:	बगैंचे, बगैंचाको हेरचाह गर्ने व्यक्ति
चुली	:	चुचुरो, टाकुरा
नाना	:	अनेक, विभिन्न
कला-कौशल	:	कलाकारिता, कलासम्बन्धी सीप
विचित्रता	:	रङ्गबिरङ्ग, अनौठोपना
एकता	:	एक हुने बानी, एक हुने अवस्था
सयलाख	:	सयलाखको समूह, लाखौं

अभ्यास

१. **तलका प्रश्नको उत्तर देऊ**

- नेपाललाई किन दिव्य देश भनेको हो ?
- हिमाली शोभालाई कविले किन नासोका रूपमा लिएका हुन् ?
- राष्ट्रलाई खण्डित गर्नुहुँदैन भन्नाको कारण के हो ?
- कवि किन नेपालको माली बन्न चाहन्छन् ?
- यस कविता 'फूलको थुँगा' भनेर केलाई जनाएको हो ?
- यस कवितामा हिमाली फूलको अभिप्राय के हो र त्यसका विशेषताहरू के-के छन् ?

२. **भाव स्पष्ट गर**

- आउन्न भोलि भनि मास्न हुन्न
  प्रमत्त भै क्वै पनि हाँस्न हुन्न ।

३. 'राष्ट्रको अखण्डता' कवितामा भनिएका कुराहरू आफ्नै शब्दमा वर्णन गर ।

४. माथिको कवितामा तिमीलाई सबभन्दा मन परेको पङ्क्ति कुन हो र किन मनपरेको हो ?

५. **प्रस्तुत कविताका सम्बन्धमा उपयुक्त भनाइ कुन हो, चिनो लगाऊ**

- 'राष्ट्रको अखण्डता' कवितामा -
- फूलको वर्णन गरिएको छ,
- नेपाली कला र संस्कृतिको वर्णन गरिएको छ,
- देशको अखण्डता र सौन्दर्यको वर्णन गरिएको छ,
- हाम्रा पुर्खाहरूको वर्णन गरिएको छ ।

- 'चिर-भुक्तशेष' को अभिप्राय हो -
- सबै मिलेर भोग गरिएको
- लामो समय अघिदेखि दुःख-सुखपूर्वक सिर्जना गरिएको
- लामो समयदेखि भोग गरेर समाप्त भएको
- भोग गर्ने कुरा बाँकी नै रहेको ।

६. **पङ्क्ति पूरा गर**

यो पार्वतीको प्रिय फूलबारी

बनूँ कि क्यारे यसको म माली

७. **उदाहरण हेरी शब्द बनाऊ**

उदाहरण : सभ्य - सभ्यता

विचित्र -

एक -

मधुर -

सुन्दर

अखण्ड -

८. **उदाहरण हेरेर अर्को शब्द लेख**

उदाहरण : दिन - रात

होचो -

खण्ड -

हाँसो -

सभ्यता -

प्रिय -

९. **अर्थ लेख**

शोभा, मुहान, नासो, छहारी, अखण्ड

१०. **शुद्धसँग उच्चारण गर**

मुध - माधुरी	खात - खात
निर्झर - निर्झरी	खण्ड - खण्ड
विचित्रता	पर्खाल
प्रमत्त	सिद्धिन्छ
रित्तिन्न	थुतिन्छ

११. **शुद्ध पारेर कपीमा लेख**

यकान्त, पार्वति, सुन्धर, पृए, रास्ट्र ।

१२. **वाक्यमा प्रयोग गर**

पुर्खा, अमृत, फूलबारी, सभ्यता, एकान्त, थुँगो ।

१३. माथिको कवितामा आएका तलका शब्दहरूले कसरी लयको सिर्जना गरेका छन्, कविता पढ्दा विचार गर

दिव्य - देश	= भुक्तशेष
भरी - भरी	= मधु - माधुरी
निर्झर - निर्झरी	= दूधपोखरी
हाँसो	= नासो
मास्न हुन्न	= हाँस्न हुन्न
फूलबारी	= छहारी
माली	= उचाली

१४. पढ र बुझ

सत्ता	= सट्टा
खात - खात	= खाट - खाट
पात	= पाट
हात	= हाट

सिर्जनात्मक अभ्यास

१. 'राष्ट्रको अखण्डता' कविता लय मिलाई पढेर कक्षामा सुनाऊ ।

२. 'फूलबारी' शीर्षकमा आठ पङ्क्तिसम्मको कविता लेखी साथीभाइलाई सुनाऊ ।

व्याकरण

नाम

१. जातिवाचक नाम - देश, हिमाल, मानिस, गाई, फूल, आमा
२. व्यक्तिवाचक नाम - कृष्ण, नेपाल, मुनामदन, सगरमाथा, जनकपुर
३. समूहवाचक नाम - बथान, खात थुप्रो, हुल, डङ्गुर, फौज
४. द्रव्यवाचक नाम - पानी, काठ, सुन, गहुँ, चामल, तेल
५. भाववाचक नाम - दया, करुणा, शोभा, बठयाइँ, पढाइ, मानवता ।

राम्ररी पढ र बुझ

वस्तु, व्यक्ति, भाव र पदार्थहरूलाई जे भन्दा चिनिन्छ, त्यसरी चिनाउने शब्दलाई नाम भन्दछन् । नाम चलनचल्तीमा पाँच प्रकारका मानिन्छन् ।
- जातिवाचकले वस्तुका किसिमलाई
- व्यक्तिवाचकले किटिएका व्यक्ति र वस्तुलाई
- समूहवाचकले वस्तु र व्यक्तिको समुदायलाई
- द्रव्यवाचकले नाप-तौलद्वारा निर्धारण गरिने पदार्थलाई र
- भाववाचकले वस्तु, व्यक्ति र क्रियामा रहेको भावलाई जनाउँछन् ।

तलका थप अभ्यास गर

१. तिम्रो परिवारमा भएका र प्रयोग हुने व्यक्ति र वस्तुका दशओटा नाम लेख र ती नामहरू कुन-कुन प्रकारका हुन् छुट्याऊ ।

२. नामको परिचय देऊ र प्रकार लेख ।

३. **खाली ठाउँमा सुहाउँदा नाम भर**

- घर, शिक्षक, पुस्तक –, – जातिवाचक नाम हुन् ।
- हरि, सरस्वती, 'मेरो नेपाली किताब', –, – व्यक्तिवाचक नाम हुन् ।
- वर्ग, झुप्पा, गण, –, – समूहवाचक नाम हुन् ।
- आदर, पढाइ, आनन्द –, – भाववाचक नाम हुन् ।
- चक, मसी, सुन, –, – द्रव्यवाचक नाम हुन् ।

४. **ठीक र बेठीक छुट्याऊ**

- कुर्सी व्यक्तिवाचक नाम हो ।
- कागज द्रव्यवाचक नाम हो ।
- पुस्तक जातिवाचक नाम हो ।
- हाट समूहवाचक नाम हो ।
- रातो भाववाचक नाम हो ।

५. **जोडा मिलाऊ**

जातिवाचक नाम	लुम्बिनी
व्यक्तिवाचक नाम	हात्ती
द्रव्यवाचक नाम	गुच्छा
भाववाचक नाम	दूध
समूहवाचक नाम	रोदन
	सुकिलो

६. सबै प्रकारका 'नाम' प्रयोग गरी दश वाक्यमा आफ्नो विद्यालयका बारेमा लेख ।

७. 'राष्ट्रको अखण्डता' भन्ने पाठबाट नाम शब्दहरू टिप र ती कस्ता नाम हुन् छुट्याऊ ।

युधिष्ठिरको परीक्षा ।

पञ्च-पाण्डव पिता पाण्डु तथा माता कुन्ती र माद्रीका पुत्र थिए । कुन्ती-पुत्र युधिष्ठिर, भीम र अर्जुन तथा माद्री-पुत्र नकुल र सहदेवमा आ-आफ्नै प्रकारको विशेषता थियो । युधिष्ठिरमा सत्यवादिता र आदर्श, भीममा शक्ति र साहस, अर्जुनमा सीप र जाँगर, नकुलमा ज्ञान र बुद्धि अनि सहदेवमा रूप र अनुशासन खचाखच थिए । यस किसिमका विशेष गुणहरू उनीहरूले बाल्यकालमा परिश्रमपूर्वक अध्ययन गरेर हासिल गरेका थिए । आफ्नै शक्ति र बाहुबलको भरमा पाण्डवहरू 'इन्द्र-प्रस्थ' नाम गरेको राज्य कायम गर्न सफल भए । यस किसिमको उन्नति उनीहरूकै काका धृतराष्ट्रका पुत्र कौरवहरूले देखिसहेनन् ।

पाण्डवहरू सत्यवादी, धर्मात्मा र कर्तव्यपरायण थिए । कौरवहरूमा घमण्ड, स्वार्थ र धुर्त्याइँ थियो । सत्य सोझो हुन्छ, सोझा पाण्डवहरूको सुख र शान्तिमा धूर्त कौरवहरू षड्यन्त्रको चक्रव्यूह रच्न थाले । यस्तैमा एक दिन कौरवहरूले पासा खेलको बन्दोबस्त मिलाए । खेलमा उनीहरूले कपटपूर्ण ढङ्गबाट पाण्डवहरूलाई हराए । खेलको शर्तअनुसार पाण्डवहरूले बाह्रवर्षको वनवास र एकवर्षको अज्ञातवास बिताउनुपर्ने भयो ।

वनवासका समय पाण्डव-पत्नी द्रौपदी पनि साथमा थिइन् । उनीहरू वनमा एक ठाउँबाट अर्को ठाउँ जान्थे । ऋषि-आश्रमहरूमा पुग्थे, अर्ती-उपदेश लिन्थे । धर्मकै विषयमा कुरा हुन्थ्यो । न्यायप्रति सबैको सहानुभूति हुन्छ, वनमा पनि पाण्डवहरूप्रति सहानुभूति राख्ने मानिसको कमी थिएन । उनीहरूका आफन्तहरू वनमै भेट गर्न जान्थे र सद्भाव व्यक्त गर्दथे । तिनीहरू सत्यको विजय हुन्छ, आपत्मा आत्तिनुहुन्न, धैर्य महत्त्वपूर्ण साथी हो भनेर आश्वासन दिन्थे । पाण्डवहरूले पनि धैर्य र अनुशासनलाई सधैं पालना गरे । निष्क्रिय र शिथिल भएनन् । ज्ञान, बुद्धि र विद्याको अभ्यासमा लागिरहे । उनीहरूको शक्ति, विश्वास र क्षमता बढ्दै गयो । दरबारको सुख-सुविधा नभए पनि वनवासको जीवनमा आनन्द र शान्ति थियो । भाइ-भाइको सम्बन्धको गाँठो झन् कसिदै गयो । दुःख र आपत्मा पनि आनन्द लिनसक्ने पाण्डवहरूको वनवासको जीवन प्रेमपूर्ण रूपमा व्यतीत भइरहेको थियो ।

एक दिनको कुरा हो । वनवासको अवधि पूरा हुन केही दिन मात्र बाँकी थियो । पञ्च-पाण्डवहरू पत्नी द्रौपदीका साथ आफ्ना आश्रममा थिए । आश्रम-समीपकै एक कुटीमा बस्ने ब्राह्मण कहालिदै आए, र पाण्डवहरूसँग विलाप गर्न लागे ।

"पाण्डु-पुत्र पाण्डवहरू । ऊ हेर्नुहोस् त, सुकाउन राखेको मेरो अग्निकवच आफ्ना सीङमा उनेर एउटा हरिण जङ्गलतिर भाग्यो । तपाईंहरू धर्मात्मा हुनुहुन्छ, अग्निहोत्रमा धारणा गर्ने मेरो अग्निकवच फिर्ता ल्याइदिएर आफ्नो धर्मको रक्षा गर्नुहोस्" यति भनेर ब्राम्हणले आफ्नो दयनीय स्थिति देखाए ।

पाण्डवहरूले रत्तिभर ढिला गरेनन् । ब्राह्मणको आज्ञापालन गर्न उनीहरू हरिणका पछि लागे । हरिण निकै टाढा पुगिसकेको थियो । उनीहरूले हरिणलाई भेट्न सकेनन् । उनीहरू रूखको शीतल छहारीमा बसे । मध्यान्हको घामका रापले उनीहरू सबैका ओठमुख सुकेका थिए । यता कतै जलाशय छ कि गएर पानी ल्याऊ भनी युधिष्ठिरले नकुललाई अह्राए । नकुल पानी लिन गए, तर निकै बेरसम्म पनि उनी फर्केनन् । त्यसपछि क्रमैले सहदेव, अर्जुन अनि भीम पानी लिन गए । कुनै भाइ पनि फर्केनन् । युधिष्ठिरको मनमा चिसो पस्यो,-कतै केही त भएन ? युधिष्ठिरको अनुहार मलिन भयो । आखिर उनी आफू पनि भाइहरूको खोज-खबरमा बाटो लागे, जुन बाटो उनका भाइहरू पानी लिन गएका थिए ।

निर्जन वन थियो । मानिसको नाम-निशाना थिएन । केवल वृक्षहरू थिए, तिनीहरूकै पातको हरियालीबाट कता-कति हावाको सुसेली निस्कन्थ्यो । युधिष्ठिरको तीर्खा त्यत्तिकै हरायो । उनलाई भाइहरूको मात्र चिन्ता थियो । युधिष्ठिर जलाशयमा पुगे । उनी त्यहाँ के पुगेका मात्र थिए, उनले जलाशयका छेउमा भीम, अर्जुन, नकुल र सहदेव चारै भाइलाई मृत अवस्थामा फेला पारे ।

युधिष्ठिरमा शोकको सीमा रहेन । असह्य शोकका कारण उनका आँखाबाट बरर आँसु बहन लागे । भाइहरूको अवस्था देखेर उनी केटाकेटीजस्तै रुन थाले । यस्तो कुन शत्रु हुनसक्छ - जसमा यी मेरा भाइहरूको प्राण लिने सामर्थ्य होस् ? युधिष्ठिरमा आश्चर्य, शोक र शङ्काको सीमा बढ्दै गयो । सम्भव छ- पानीमा विष मिलाइएको होस् । कतै यो दुर्योधनकै षड्यन्त्र त होइन ? दुर्योधनका पहिलेका कर्तुतहरू युधिष्ठिरका आँखामा झलझली नाच्न थाले । आफू बाँच्नुको कुनै अर्थ युधिष्ठिरले देखेनन् । प्राणको अन्त्य पनि एकाएक हुन सकेन । केही समयसम्म विह्वल भएर उनले चारैतर्फ हेरे । कतै केही देखिएन । त्यहाँ कुनै शत्रुका पाइलाको चिह्न पनि थिएन । युधिष्ठिरलाई लाग्यो- यहाँ पक्कै कुनै रहस्य छ । तीर्खा मेट्न युधिष्ठिर पहिले पानी पिउने मनसायले जलाशय छेउ पुगेका मात्र के थिए, कतैबाट आवाज आयो- "पानी पिउनुभन्दा पहिले मेरा प्रश्नको जवाफ देऊ, युधिष्ठिर ! नत्र तिम्रो पनि भाइहरूकै अवस्था हुनेछ !"

युधिष्ठिरलाई मृत्युको कुनै भय थिएन, तर युधिष्ठिरले आफूलाई सोधिने प्रश्नको उत्तर दिनु आफ्नो कर्तव्य ठाने र भने- "तपाईं को हुनुहुन्छ, मलाई थाहा छैन, तर प्रश्न सोध्नुहोस्, तपाईंले सोधेका प्रश्नको जवाफ दिन म तयार छु ।" तत्काल कोही देखिएन, प्रश्नहरू मात्र एकपछि अर्को गर्दै सोधिए ।

"मानिसको साथी को हो ? मानिस कसरी बुद्धिमान् बन्छ ? पृथ्वीभन्दा ठूलो वस्तु के हो ? आकाशभन्दा व्यापक वस्तु के छ ? परदेशको मित्र को हो ? सुख कसरी प्राप्त हुन्छ ? सबैको प्यारो कसरी बन्न सकिन्छ ? के गर्नाले दु:ख हुँदैन ? मानिस कसरी धनी बन्छ ?"

"धैर्य मानिसको साथी हो । असल सङ्गतले मानिस बुद्धिमान् बन्छ । पृथ्वीभन्दा ठूली आमा हुन् । आकाशभन्दा व्यापक पिता हुन् । परदेशको मित्र विद्या हो । सच्चरिताको पालन गर्नाले सुख प्राप्त हुन्छ । घमण्ड नगर्नाले सबैको प्यारो बन्न सकिन्छ । रिस त्याग्नाले दुःख हुँदैन । लोभ नगर्नाले मानिस धनी बन्छ ।" यस प्रकारले युधिष्ठिरले ती प्रश्नका उत्तर फटाफट दिए । कैयौं अरू प्रश्न सुनिए, तिनको पनि उनले एक-एक गर्दै उत्तर दिए । त्यसपछि युधिष्ठिरका सामु ती प्रश्नकर्ता प्रकट भएर भने -

"म तिमीले दिएका उत्तरबाट सन्तुष्ट भएँ । तिमीले प्रश्नको ठीक-ठीक जवाफ दियौ । राजन् युधिष्ठिर ! म तिम्रा मरेका भाइहरूमध्ये एउटालाई बचाइदिन्छु, तिमी कसलाई बचाउन चाहन्छौ, भन ?"

राजन्को सम्बोधन, 'तिमी' सर्वनामको प्रयोग र भाइलाई बचाउने कुरा सुनेर युधिष्ठिरलाई कसैले आफ्नो परीक्षा लिइरहेको जस्तो लाग्यो । युधिष्ठिरलाई यो पनि लाग्यो धर्मले मानिसको रक्षा हुन सक्छ र अधर्मले विनाश । नकुललाई बचाउनाले नै आफ्नो धर्मको रक्षा हुन्छ । सौतेनी भाइ भन्ने लोकापवादबाट पनि आफ्नो अवहेलना हुन पाउँदैन । यस्तै कुरा सोचेर युधिष्ठिरले नकुललाई बचाइदिन आग्रह गरे । यसबाट प्रश्नकर्ता झन् खुसी भए र आफ्नो परिचय दिए-

"म धर्मदेव यक्ष हुँ । तिम्रा चारै भाइलाई म बचाइदिन्छु । तिमीहरूको अज्ञातवास पनि सफल हुनेछ । ब्राह्मणको अग्निकवच लैजाऊ" भनेर दिनेबित्तिकै धर्मदेव यक्ष अन्तर्धान भए । भीम, अर्जुन, नकुल र सहदेव चारै भाइ निद्राबाट ब्युझेझैं जऱ्याक-जुरुक्क उठे । युधिष्ठिरको अनुहारको रोगन फेरियो, सबै खुसी भए । उनीहरू सबैले पानी पिएर तीर्खा मेटाए, अनि ब्राह्मणको अग्निकवच फिर्ता लिएर सबै भाइहरू आफ्ना आश्रमतर्फ लागे ।

शब्द र अर्थ

व्यक्तित्व	:	व्यक्तिमा हुने गुण
बाहुबल	:	पौरख, सामर्थ्य
पासा	:	जुवाजस्तै एक खेल
अज्ञात	:	थाहा नभएको, थाहा दिन नहुने
सद्भाव	:	असल विचार
निष्क्रिय	:	काममा चासो नराख्ने
शिथिल	:	आलस्ययुक्त, थाकेको
व्यतीत	:	बितेको
समीप	:	नजिक
अग्निकवच	:	आगाको रापबाट बच्न शिरमा लगाइने बस्त्र
अग्निहोत्र	:	आहुति, आगोमा गरिने हवन
धारण	:	पैह्न
मध्यान्ह	:	मध्य दिउँसो
खै-खबर	:	खोजखबर
निर्जन	:	सुनसान, मानिस नभएको
सुसेली	:	सुसेल्ने काम, सुस्केरा
असह्य	:	सहन नसकिने
षड्यन्त्र	:	जालझेलको व्यवहार
चक्रव्यूह	:	सैनिक किल्ला
विह्वल	:	व्याकुल
कर्तव्यपरायण	:	कर्तव्य पालना गर्ने
लोकापवाद	:	लोकनिन्दा
अन्तर्धान	:	अलप हुनु, अचानक अदृश्य हुनु ।

अभ्यास

१. **तलका प्रश्नको उत्तर लेख**

- पञ्च-पाण्डवहरू को थिए र तिनीहरूको नाम के हो ?
- पाण्डवहरूले वनवास जानुपर्ने मुख्य कारण के थियो ?
- वनमा पाण्डवहरूको समय कसरी व्यतीत भएको थियो ?
- ब्राह्मणको अग्निकवच केले कसरी लग्यो ?
- युधिष्ठिर र यक्षका बीच कस्ता प्रश्नोत्तर भए ?
- युधिष्ठिरले यक्षसँग किन नकुललाई बचाउन आग्रह गरे ?
- ब्राह्मणको अग्निकवच कसरी फिर्ता भइछाड्यो ?
- यस कथाबाट के शिक्षा पाइन्छ ?
- यस कथामा तिमीलाई मनपर्ने पात्र को हो, र मनपर्नाको कारण के हो ?
- 'युधिष्ठिरको परीक्षा' शीर्षक किन राखिएको होला ?

२. 'युधिष्ठिरको परीक्षा' कथाले दिन खोजेका मुख्य-मुख्य उपदेशहरू समेटेर आफ्ना शब्दमा बयान गर ।

३. **तात्पर्य खुलाऊ**

- परदेशको मित्र विद्या हो ।
- न्यायप्रति सबैको सहानुभूति हुन्छ ।
- धैर्य मानिसको साथी हो ।

४. **कसले किन भनेको हो ?**

- सत्यको विजय हुन्छ ।
- मेरो अग्निकवच फिर्ता ल्याइदिएर आफ्नो धर्मको रक्षा गर्नुहोस् ।
- पानी पिउनुअघि पहिले मेरा प्रश्नको जवाफ देऊ ।
- सच्चरित्रताको पालना गर्नाले सुख प्राप्त हुन्छ ।
- म तिम्रा मरेका भाइहरूमा एउटालाई बचाइदिन्छु ।

५. **सुहाउँदो भनाइ राखी वाक्य पूरा गर**

- युधिष्ठिर ..... जलाशय पुगे । (भाइहरूको खोजी गर्न, पानी खोज्न, अग्निकवच लिन)
- पाण्डवहरूले ..... सधैं पालना गरे । (ब्रह्मचर्यको, आफ्ना प्रजाको, धैर्य र अनुशासनको)
- युधिष्ठिरलाई ..... ले प्रश्न सोधेको हो । (जङ्गलको राक्षस, यक्ष, जलाशयको पाले)
- कौरवहरूले ..... पाण्डवहरूलाई हराए । (बलपूर्वक, कपटपूर्वक, बुद्धिपूर्वक)

६. **ठीक-वेठीक छुट्याऊ**

(क) युधिष्ठिरमा सीप र जाँगर थियो ।

(ख) अभ्यासले ज्ञान, बुद्धि र विद्याको विकास हुन्छ ।

(ग) ब्राह्मणको आज्ञा-पालन गर्न पाण्डवहरूले ढिलाइ गरे ।

(घ) युधिष्ठिरका भाइहरू दुर्योधनको षड्यन्त्रले मरेका थिए ।

(ङ) लोभ नगर्नाले मानिस धनी बन्छ ।

(च) अग्निकवच पाएपछि खुसीले पानी नै नपिई पाण्डवहरू आश्रमतर्फ फर्के ।

७. **उदाहरणमा देखाएझैं मिल्दो रूप राखी खाली ठाउँ भर**

उदाहरण : धूर्त - कौरवहरूमा धुर्त्याइँ थियो ।

सच्चरित्र - ..... मानिसको गहना हो ।

बुद्धि - ..... मानिसलाई सबैले कदर गर्छन् ।

सीप - सरिता गीत गाउन ..... छे ।

हरियो - वन जङ्गलमा ..... पाइन्छ ।

घमण्ड - दुर्योधन साह्रै ..... थियो ।

८. **सुन र लेख**

षड्यन्त्र, चक्रव्यूह, अग्निहोत्र, इन्द्रप्रस्थ, आश्चर्य, सामर्थ्य, धृतराष्ट्र

९. **तलका वाक्यांशहरू पाठभित्र कहाँ-कहाँ छन्, खोजेर तिनका पूर्णवाक्यहरू कपीमा सार**

- इन्द्रप्रस्थ नाम गरेको राज्य कायम गर्नु;
- षड्यन्त्रको चक्रव्यूह रच्नु;
- सम्बन्धको गाँठो कसिदै जानु;
- सबैका ओठमुख सुक्नु;
- निद्राबाट ब्युझे झैं जऱ्याक-जुरुक्क उठ्नु;
- मनमा चिसो पस्नु ।

१०. **वाक्यमा प्रयोग गर**

जाँगर, बाहुबल, सुसेली, मलिन, जऱ्याक-जुरुक्क

सिर्जनात्मक अभ्यास

१. 'दुःख र आपत्मा पनि आनन्द लिन सक्नुपर्छ' भन्ने कुरा लेखिएको कथाभित्रको अनुच्छेद मनमनै पढ र त्यहाँका कुरा राम्ररी बुझ ।

२. तिमीले पढेका र सुनेका कथाहरूका नाम आफ्नो कापीमा लेख ।

३. **तल दिइएका निर्देशनको सहयोग लिई एउटा कथा लेख र साथीभाइलाई सुनाऊ**

- भयङ्कर जङ्गल
- जङ्गलको राजा सिंह
- एउटा सानो खरायो
- सिंह र खरायोको भेट
- खरायोको बुद्धिमानी
- सिंहको मूर्खता
- जङ्गलका पशुप्राणीको रक्षा

व्याकरण

सर्वनाम

- म छ कक्षामा पढ्छु । मेरो नाम राम हो ।
- तिमी ढिला आयौ, त्यसैले तिम्रो पाठ छुट्यो ।
- हरि आज विद्यालय आएन, ऊ बिदामा बसेको छ ।
- गीता मेरी बहिनी हुन्, उनी पाँचौं कक्षामा पढ्छिन् ।

माथिका वाक्यमा म-मेरो, तिमी-तिम्रो, ऊ-उनी सर्वनाम र सर्वनामबाट बनेका शब्द हुन् ।

यो तालिका राम्ररी पढ र बुझ

- प्रथम-पुरुष : म, हामी	= जो बोल्छ, त्यो;
- द्वितीय-पुरुष : तँ, तिमी, तपाईं	= जससँग बोलिन्छ, त्यो
- तृतीय-पुरुष : त्यो - तिनी - ती	जसका बारेमा
ऊ - उनी	बोलिन्छ, त्यो
यो - यिनी - यी	सबै सर्वनाम शब्द
	हुन् ।

- नामको सट्टामा प्रयोग हुने शब्दलाई सर्वनाम भन्दछन् ।

तलका थप अभ्यास गर

१. **दिइएका वाक्यमा सर्वनाम छुट्याऊ**

- मेरो कक्षामा म पहिलो विद्यार्थी हुँ ।
- हामी विद्यार्थी हौं ।
- श्यामलाई जति सम्झाए पनि ऊ सम्झने होइन ।
- तिमीले जानेको कुरा मलाई पनि सिकाऊ
- सीता पढ्नमा ध्यान दिन्छिन्, तर उनी लेख्न अल्छी गर्छिन् ।

२. **खाली ठाउँमा सर्वनाम शब्द राखी पूरा गर**

- धर्मदेव यक्षले ..... सँग ..... खुसी भएँ भनी युधिष्ठिरलाई भने ।
- कौरवहरू धुर्त थिए ..... ले पासा खेलमा पाण्डवलाई हराए ।
- गुरुले मलाई ..... आफ्नो पाठ पढ भन्नुभयो ।
- नेपाल ..... सबैको साझा फूलबारी हो ।
- रीता विद्यालय आउँदा ..... ले साथमा भाइ पनि ल्याएकी थिइन् ।

३. 'युधिष्ठिरको परीक्षा' भन्ने पाठमा प्रयोग भएका सर्वनाम शब्दहरू आफ्नो कापीमा लेख ।

४. जोडा मिलाऊ

● म	तिमीहरू
● तिमी	उनीहरू
● तपाईं	हामीहरू
● तिनी	यिनीहरू
● त्यो	तपाईंहरू
● यो	तिनीहरू

५. दोहोरिएको नामका ठाउँमा सर्वनामको प्रयोग गर

- राम घर गयो अनि रामले गृहकार्य गर्न सुरु गऱ्यो ।
- सीता दिदीको विवाह भयो । सीता दिदीले आफ्नो व्यवहार सम्भालिन् ।
- हाम्रो घरमा कैली गाई छ । कैली गाईले धेरै दूध दिन्छ ।
- महाभारत महत्त्वपूर्ण ग्रन्थ हो । महाभारतका लेखक व्यास हुन् ।
- मेरो भाइको नाम श्याम हो । श्याम सधैं आमालाई पिरोल्छ ।

वातावरणको रक्षा

समयमा वर्षा हुँदैन, हुँदा पनि अतिवृष्टि, अल्पवृष्टि र अनावृष्टि हुने गर्छ । मौसम- परिवर्तन हुने क्रम नै बदलिएको छ र कुन मौसम कतिखेर सुरु हुन्छ, थाहा हुँदैन । कतै बढी पानी परेर बाढी पैरोले धन-जनको क्षति गर्छ, कतै पानी नपरेर सुख्खा लाग्छ र कतै पाकेको बाली पानीले गर्दा खेतबारीमै नाश हुन्छ । यस्ता समस्याहरू आजभोलि हामीले भोग्दै आएका छौं ।

वायुमण्डलमा प्रदूषण बढेको छ । प्रकृतिमा सन्तुलन छैन । त्यसले गर्दा यस्ता समस्याहरू बढेर गएका हुन् । यसबाट जनसाधारणले ठूलो दुःख खप्नुपरेको छ, र वैज्ञानिकहरू चिन्तामा परेका छन् । यी समस्या मानिस आफैंले सिर्जना गरेको हो र तिनबाट आज ऊ आफैं पिरोलिनु परेको छ ।

प्रकृतिमा असन्तुलन हुनाले मौसमसम्बन्धी समस्या मात्र होइन, मानिसमा श्वास-प्रश्वाससम्बन्धी रोग, हृदयरोग, क्यान्सर र मानसिक तनावसम्बन्धी समस्याहरू पनि बढेर गएको कुरा वैज्ञानिकहरूले पत्ता लगाएका छन् । पहिले-पहिले प्रकृति सन्तुलित थियो । वनजङ्गल र जीव-जन्तुहरू प्रशस्त थिए । जनसङ्ख्या कम थियो । उद्योगधन्दाहरू पनि सीमित थिए तर आजभोलि जनसङ्ख्यावृद्धिले गर्दा वनजङ्गलको विनाश भएको छ । पशुपन्छी र जीवजन्तुहहरू मासिदै गएका छन् । उद्योगधन्दाहरू बढ्नाले वातावरण प्रदूषित भएको छ । यसै तरीकाले जनसङ्ख्या बढ्ने र वातावरण दूषित हुँदै जाने हो भने केही समयमै यस सुन्दर धर्तीमा मनिसले पाइला टेक्ने ठाउँसम्म पाउनेछैन ।

उद्योग र विकासका जुनसुकै काम गर्दा पनि जङ्गल र जमिनको नाश हुन्छ । जमिनको क्षेत्रफल कसै गरी बढाउन सकिन्न । वनजङ्गल भने वृक्षारोपण गरेर कायम गर्न सकिने हो, तर त्यस कुरामा मानिस पछि नै परेको छ । बढ्दो जनसङ्ख्याका लागि उत्पादन पनि बढाउनुपर्छ । उत्पादन बढाउन र कीटाणुबाट हुने हानि-नोक्सानी रोक्न रासायनिक मल र कीटनाशक औषधीहरू बढी प्रयोग गर्नाले माटो बिग्रने सम्भावना छ । माटो बिग्रनु भनेको पनि भूमिको विनाश हुनुजस्तै हो ।

अव्यवस्थित बसोबास बढ्नाले जहाँसुकै फोहोरमैला बढेको छ । शहरी क्षेत्रमा त फोहोरका नाली र सडे-गलेका वस्तुहरू सोझै नदी तथा जलाशयमा मिसाइएका छन् । यसो गर्नाले हावा र पानी प्रदूषित भएको छ । गाउँघरतिरका खोलानाला र ताल पोखरीहरू पनि दिनदिनै फोहोर हुँदै गएका छन् । जङ्गलको फँडानी बढेको छ । यिनै कारणहरूले सबैतिर को वातावरण झन्झन् बिग्रँदै गएको छ ।

उद्योगधन्दा र कलकारखाना भएका ठाउँमा अग्ला-अग्ला चिम्नीबाट निस्कने धूँवाका मुस्लाले वायुप्रदूषण झन् बढेको छ । कारखानाबाट निस्कने विषालु रासायनिक पदार्थले हावा, पानी र माटो एकसाथ दूषित भएको छ, तर यी कुरापट्टि हाम्रो उतिसारो ध्यान गएको छैन ।

हाम्रा पूर्वजहरू वायुमण्डलको शुद्धताको खूब ख्याल गर्दथे । बोटबिरुवा काट्नभन्दा लगाउन र जोगाउन जोड दिन्थे । प्रकृतिको सुन्दरतामा मख्ख पर्थे । पशुपन्छी र जनावरको हिंसा गर्नुहुन्न भन्ने उनीहरूको सोचाइ थियो । वेदका ऋचाहरूमा हावा, पानी, पृथ्वी, वनस्पति, जीवजन्तु र अन्तरिक्षको शान्ति र शुद्धताका निम्ति बन्दना गरेको पाइन्छ । ती कारणहरूले गर्दा प्रकृतिका विभिन्न तत्त्वका बीच तालमेल पाइन्थ्यो, तर आजभोलि नराम्रा

कुरा छिटै टिप्ने र राम्रा कुराको उति वास्ता नगर्ने चलन बढेको छ । त्यसैले पनि प्रदूषणको मात्रा बढेको हो । यसरी नै प्रदूषण बढ्दै गयो भने सबै प्राणीको एक मात्र साझा वासस्थान यो पृथ्वी सबैका निम्ति रहनबस्न अयोग्य बन्नेछ ।

विज्ञानको विकासले अनेकथरी पानीजहाजहरू बनेका छन्, रेल, मोटर ट्याक्सी र टेम्पोहरू बेपत्तासँग गुडेका देखिन्छन् । जेट विमानहरूको आविष्कार भएको छ । यी साधनहरूले मानिसलाई सुविधा पुगेको छ, समयको बचत भएको छ र एक किसिमले संसार नै खुम्चिएजस्तो बनेको छ, तर तिनका धूँवा र कानै छेड्ने चर्का आवाजले यहाँको वातावरण र प्राणीको स्थितिमा अत्यन्त नराम्रो असर परेको छ ।

अन्तरिक्षमा विभिन्न अन्तरिक्षयान र रकेटहरू पठाइएका समाचार हामी रेडियोबाट सुन्छौं, टेलिभिजनमा हेर्छौं । झट्ट सुन्दा यो निकै महत्त्वपूर्ण कुरा जस्तो लाग्छ, तर तिनले अन्तरिक्षका विभिन्न पत्र (तह) लाई नराम्रो असर पुऱ्याएका छन् । त्यसमध्ये ओजोनको पत्र पातलिदै गएको कुरा निकै डरमर्दो भएको छ । सूर्यका परावैजनी किरणबाट पृथ्वीका जीव र वनस्पतिको रक्षा गर्ने काम ओजोन सतहले गर्छ, तर त्यो सतह पातलिदै भ्वाङ पर्ने अवस्था सिर्जना भएको छ । औद्योगिक उत्पादन बढ्नाले वायुमण्डलमा "फ्लोरा कार्बन" नामको ग्याँस बेसी मात्रामा बढेको कुरा वैज्ञानिकहरूले स्वीकार गरेका छन् । त्यस ग्याँसको प्रभावले ओजोनको मात्रा घट्दै गएको छ र ओजोनको मात्रा यसै गरी घट्दै गएर त्यस सतहमा प्वाल पऱ्यो भने सूर्यको परावैजनी किरण सोझै पृथ्वीमा पर्नेछ र त्यसको भयावह असरबाट कसैले पनि हामीलाई बचाउन सक्नेछैन ।

संसारमा हिजोआज मुख्य रूपले चार प्रकारका प्रदूषणहरू फैलिएका छन् : ती हुन् - (१) भूमि (२) वायु (३) जल र (४) ध्वनिसम्बन्धी प्रदूषण । पृथ्वीका सबै जीवधारीलाई सास फेर्न हावा र बाँच्न पानी आवश्यक हुन्छ, भूमि सबैको बाँच्ने आधार हो, त्यही हावा, पानी र माटो (भूमि) प्रदूषित भइदिंदा हाम्रो के दशा होला ? त्यसकारण हावा, पानी र माटो स्वच्छ राख्ने प्रयास गर्नुपर्छ । चर्को आवाजको असरबाट सकेसम्म बच्नुपर्छ ।

वातावरण - प्रदूषण बढ्नाले सबैलाई हानि हुन्छ, कसैको हित हुँदैन - यो कुरा बुझेपछि हामी सबै वातावरणको रक्षा गर्न चनाखो हुनुपर्छ । त्यसका लागि बोटविरूवा लगाएर पृथ्वीलाई हरिलो भरिलो पार्नुपर्छ । रासायनिक मल र कीटनाशक औषधीको प्रयोग कम गर्दै लग्नुपर्छ । कलकारखाना र यातायातका साधनबाट निस्कने धूँवा तथा अन्य फोहोरहरूमा नियन्त्रण गर्नुपर्छ । विषालु रासायनिक पदार्थ पानीमा मिसिन दिनुहुँदैन । जहाँतहीं फोहोर गर्ने बानी त्याग्नुपर्छ । आफूले फोहोर नगर्दा र अरूबाट भएको फोहोर सफा गर्ने काममा सहयोग पुऱ्याउँदा सबैलाई फाइदा हुन्छ । जहाँसुकै दिसापिसाब गर्ने र थुक्ने जस्ता खराब आदत पनि हामीले सुधार्नुपर्छ ।

हाम्रो संस्कृतिले पनि हामीलाई वातावरणको रक्षा गर्न सिकाएको छ । बाटाघाटामा बरपीपल रोप्ने, पानीको मुहान र नदीनाला तथा देवस्थल वरिपरि फोहोर गर्दा पाप लाग्छ भन्ने र विषवृक्ष नै भए पनि रूख-बिरुवा काट्नुहुन्न भन्ने हाम्रो मान्यता र परम्परा अहिले पनि छँदैछ । यस्ता असल संस्कार, व्यवहार र आनीबानी हामीले छाड्न हुन्न, बरु आफ्ना गाउँ-ठाउँ वरपरका पर्ती जग्गाहरूमा आफ्नो जन्मदिन वा अरू कुनै विशेष अवसर पारेर रूख-बिरुवा लगाउन र तिनलाई हुर्काउन सबैले दह्रो अठोट लिनुपर्छ ।

मानिस सबभन्दा बुद्धिमान् प्राणी हो । असल-खराब छुट्याउने शक्ति उसमा मात्र हुन्छ । विज्ञानको विकास पनि मानिसले नै गरेको हो । वैज्ञानिक उन्नतिले मानिसलाई जति सुख-सुविधा बढाएको छ, त्यति नै वातावरण सम्बन्धी समस्या पनि चर्काएर लगेको छ । त्यसो भनेर खोलिएका कलकारखाना र उद्योग धन्दाहरू बन्द गर्ने, यातायातका साधनहरू नचलाउने भन्ने कुरा आउँदैन । न त गाउँ-घर तथा समाज छाडेर प्राचीन युगमा झैं हामीहरू जङ्गलतिर नै पस्न सक्छौं । यस्तै अप्ठयारो बेलामा मानिसको बुद्धिको परीक्षा हुन्छ । तसर्थ, विज्ञानको उन्तति र वातावरणको रक्षा गर्ने कुरामा तालमेल मिलाएर अघि बढ्न सक्नुपर्छ, यसैमा मानिसको उन्नति र कल्याण देखिन्छ ।

शब्द र अर्थ

अतिवृष्टि	:	पानी बढी पर्नु
अल्पवृष्टि	:	कम वर्षा हुनु
अनावृष्टि	:	खडेरी पर्नु
वायुमण्डल	:	हावाको सतह वा घेरा
प्रदूषण	:	दूषित हुनु; वातावरणमा आउने खराबी
मौसम-परिवर्तन	:	ऋतु परिवर्तन
श्वास-प्रश्वास	:	सास फेर्ने क्रिया
वृक्षारोपण	:	रूखबिरुवा रोप्ने काम
कीटाणु	:	कीरा फट्याङ्ग्राहरू
धन-जन	:	धन र जन
पूर्वज	:	पुर्खा
ऋचा	:	वेदका मन्त्र
अन्तरिक्ष	:	आकाश र पृथ्वीको बीचको भाग
बनस्पति	:	बोटबिरुवा र झारपात
निरन्तर	:	सधैं; लगातार
पत्र	:	तह
ओजोन-तह	:	वातावरणलाई सन्तुलन राख्ने वायुमण्डलीय तह
परावैजनी किरण	:	सूर्यको विशेष प्रकारको किरण
फ्लोरा कार्बन	:	एक प्रकारको ग्याँस जसले वातावरण विनाश गर्छ
जीवधारी	:	जीवन धारण गर्ने; प्राणी
ध्वनि	:	आवाज
वातावरण	:	आसपासमा फैलिएको हावा, जमिन, ध्वनि, पानी आदि; परिस्थिति
रसायन	:	पदार्थमा पाइने तरलता
कीटनाशक	:	कीरा-फट्याङग्रा नाश गर्ने
नियन्त्रण	:	रोकथाम
प्राचीन	:	पुरानो
देवस्थल	:	धार्मिक स्थल; तीर्थस्थल
विषवृक्ष	:	विषालु वृक्ष
आनीबानी	:	बानी-बेहोरा; चालचलन
वन्दना	:	प्रार्थना
पर्ती	:	बालीनाली नलगाइएको; बाँझो
हिंसा	:	हत्या; मारकाट

अभ्यास

१. **तलका प्रश्नको उत्तर लेख**

- मौसममा देखापरेका समस्याहरू के-के हुन् ?
- वनजङ्गल विनाश हुनाका कारणहरू के-के हुन् ?
- हाम्रो वातावरण कसरी बिग्रँदै गएको छ ?
- ओजोन सतह पातलिंदा कस्तो खतरा आइपरेको छ ?
- हाम्रो संस्कृतिले हामीलाई सिकाएको पाठ के हो ?
- वातावरण सफा राख्न के-के कुरामा ध्यान पुऱ्याउनुपर्छ ?
- हाम्रा पूर्वजहरू के कुरामा जोड दिन्थे ?
- वैज्ञानिकहरू चिन्तामा पर्नाको कारण के हो ?
- हावा, पानी र माटो कसरी एकसाथ प्रदूषित भएका छन् ?

२. वातावरण-प्रदूषण बढ्नाले आइपरेका समस्याहरूको वर्णन गर ।

३. **स्पष्ट गर**

- माटो बिग्रनु भनेको पनि भूमिको विनाश हुनुजस्तै हो ।
- पृथ्वी सबै प्राणीको साझा वासस्थान हो ।
- मानिस आफैंले सिर्जिएका समस्याबाट आज ऊ आफैं पिरोलिनुपरेको छ ।

४. यस पाठको नवौं अनुच्छेद राम्ररी पढी त्यसमा बताइएका कुराहरू संक्षेपमा लेख ।

५. **उपयुक्त उत्तर छान**

- "फ्लोरा कार्वन" को मात्रा बढ्नाले :
  - ओजोन सतह पातलिदै जान्छ ।
  - रूख-बिरुवाहरू छिटो हुर्कन्छन् ।
  - अन्तरिक्षमा रकेटहरू पठाउन सजिलो हुन्छ ।
  - सूर्यको परावैजनी किरण छेकिन्छ ।
- प्रकृतिमा सन्तुलन नहुनाले :
  - पानी मात्र पर्छ ।
  - मौसम-परिवर्तन हुने क्रम नै बदलिन्छ ।
  - उत्पादन घटेर जान्छ ।
  - वैज्ञानिक प्रगति ठप्प हुन्छ ।

६. पाठअनुसार ठीक शब्द राखेर खाली ठाउँ भर

- उद्योग धन्दाहरू बढेर ..... प्रदूषित बनाएको छ । (गाउँघरलाई, सहर लाई, वातावरणलाई)
- अव्यवस्थित बसोवास बढ्नाले जहाँतही .....बढेको छ । (फोहोरमैला, बजार भाउ, झै-झगडा)
- बढीभन्दा बढी बोटबिरुवा लगाएर पृथ्वीलाई .....पार्नुपर्छ । (व्यवस्थित, हराभरा, सुन्दर)
- पर्ती जग्गाहरूमा ..... लगाउनुपर्छ । (बालीनाली, तरकारी खेती, रूखबिरुवा)
- ..... गरेर वनजङ्गल कायम गर्न सकिन्छ । (पैसा खर्च, हेरचाह, वृक्षरोपण)

७. तलका कुन-कुन कुरामा तिम्रो सहमति छ ?

- वातावरण
  - हामी आफैंले स्वच्छ राख्नुपर्छ ।
  - अरुले स्वच्छ राखिदिन्छन् ।
  - स्वच्छ राख्नै पर्दैन ।
  - आफैं स्वच्छ रहन्छ ।
  - बिग्रँदा सबैलाई हानि हुन्छ ।
- फोहोरमैला
  - जति गरे पनि हुन्छ;
  - नियन्त्रण गर्नुपर्छ;
  - असभ्यले गर्छन्;
  - आफैं उत्पन्न हुन्छ;
  - वातावरण प्रदूषणको कारण हो ।

८. पूरा गर

- प्रदूषणका मुख्य प्रकार हुन्
  १. वायुप्रदूषण
  २. .....
  ३. .....
  ४. .....

९. **सुनेर लेख**

वृक्षरोपण, रासायनिक, विषवृक्ष, उद्योगधन्दा, ओजोन-सतह

१०. **उदाहरण बुझ र लेख**

उदाहरण : जीव - जन्तु = जीव र जन्तु

हावा - पानी =
फोहोर - मैला =
नदी - नाला =
बोट - बिरुवा =
हानि - नोक्सानी =

११. **उदाहरणमा झैं अर्को शब्द देऊ**

विनाश = नाश; क्षति

उन्नति =
असल =
जमिन =
समय =
पानी =

१२. **अर्थ बताऊ**

वायुमण्डल, प्रदूषण, असन्तुलन, देवस्थल, वातावरण-विनाश ।

१३. **वाक्यमा प्रयोग गर**

हिंसा, प्रकृति, कीटाणु, ऋचा, अन्तरिक्ष, पर्ती, मुहान ।

सिर्जनात्मक अभ्यास

१. तलका कुनै एक विषयमा असी शब्दसम्मको प्रबन्ध लेख

- बोटबिरुवाको महत्त्व
- फोहोर-मैला नियन्त्रण
- जनसङ्ख्या-वृद्धि

२. आफ्ना गाउँ-ठाउँमा देखिएका प्रदूषणसम्बन्धी समस्याहरू टिपोट गरी तिनको रोकथाम गर्ने उपायबारे साथीभाइहरूसँग छलफल गर ।

३. असार १३ गतेका दिन आफ्नो विद्यालय हाताभित्र वा पर्ती जग्गाहरूमा आफ्नो कक्षाका साथीभाइहरू मिलेर वृक्षरोपण गर्ने कार्यक्रम बनाऊ ।

व्याकरण

क्रियापद

- राम विद्यालय जान्छ ।
- सुरेश पाठ पढ्छ ।
- घोडा दौड्यो ।
- बहिनी हाँस्छिन् ।
- काग कराउँछ ।
- साथीहरू आएनन् ।

माथिका वाक्यमा जान्छ, पढ्छ, दौड्यो, हाँस्छिन्, कराउँछ र आएनन्-क्रियापद हुन् । क्रियापद नभई वाक्य बन्दैन ।

क्रिया सकर्मक र अकर्मक हुन्छन् ।

तालिका पढ र बुझ

१. सकर्मक	२. अकर्मक
पढ्नु = श्याम पुस्तक पढ्छ ।	हाँस्नु = बहिनी हाँस्छे ।
लेख्नु = भाइ चिठी लेख्छ ।	जानु = राम विद्यालय जान्छ ।
दिनु, गर्नु, भन्नु, खानु, पिट्नु	दौड्नु, आउनु, बस्नु, सुत्नु,
लिनु, सुन्नु	रुनु, बढ्नु, उठ्नु

कर्म लिने क्रियालाई सकर्मक र कर्म नलिने क्रियालाई अकर्मक भन्दछन् ।

वाक्यमा काम बताई वाक्य पूरा गर्ने पद क्रियापद हुन् । क्रियापदका बारे तल दिइएको ढाँचा राम्ररी पढ र बुझ

धातु	क्रिया	क्रियापद	
गर्	-	गर्नु	- गर्छ - गर्छे - गर्छन् - गर्छिन् गर्छस् - गर्छौ - गर्छ्यौ गर्छु - गर्छौं गर्नुहुन्छ .....
पढ्	-	पढ्नु	- पढ्यो - पढी - पढे पढिस् - पढयौं पढें - पढयौं पढ्नुभयो ।
बस्	-	बस्नु	- बस्नेछ - बस्नेछ - बस्नेछेस्, बस्नेछस् - बस्नेछौ बस्नेछु - बस्नेछौं
हाँस्	-	हाँस्नु	- हाँस्ला - हाँस्ली - हाँस्लान् हाँस्लास् - हाँसौला हाँसुँला - हाँसौंला

तलका थप अभ्यास गर

१. **कोष्ठभित्रका ठीक क्रियापद छानेर वाक्य पूरा गर**

- भाइले सुसेल्दै बाटामा साथीलाई ..... । (बोलायो, पिट्यो, झपाऱ्यो)
- आमा भात ..... । (खाइन्, खानुहुन्छ, खानुभयो(
- सीता साथीको कुरा सुनेर .....। (हाँस्यौ, हाँसिन्, हास्यौं)
- फूल राम्रो..... । (छ, छिन्, छस्)
- गाईले दूध ..... । (दिए, दिन्छ, दिनुहुन्छ)

२. **क्रियापद बनाऊ**

खेल् -

उठ् -

जा -

भन् -

३. **जोडा मिलाऊ**

● हरिले	भनिन्
● बुबाले	भन्यो
● गीताले	भन्यौ
● हामीले	भने
● कविले	भन्नुभयो ।

४. **तलका क्रियाबाट वाक्य बनाऊ**

आउनु - दाजु घर आउनुहुन्छ ।

दिनु -

बोल्नु -

घुम्नु -

जानु -

५. **कुन सकर्मक, कुन अकर्मक क्रिया हुन्, छुट्याऊ**

जानु	सुत्नु	उड्नु	बग्नु	काट्नु
बोल्नु	बनाउनु	ढल्नु	मार्नु	गन्नु ।

६. 'वातावरणको रक्षा' भन्ने पाठको सातौं अनुच्छेदमा प्रयोग भएका क्रियापदहरू कपीमा लेख ।

छिमेकी

- गुरुप्रसाद मैनाली

असारको महीना थियो । दिउँसोको टट्यानपुर घामका मारे किसानहरू मेलो छोडेर चौतारामा बसेका थिए । कुलोमाथि चौतारो, कुलामुनि आशामरु साहूको हिउँदे पसल, त्यसमुनि ज्यामिरे बेसीको फाँट । निकै रमाइलो ठाउँ थियो । किसानहरू कोही पसलमा तमाखु किनेर कक्कड भर्न लागेका थिए । धर्मानन्द पाध्ये चौतारामा बसेर गफ चुट्दैथे । गुमाने घर्ती हत्केलामा मुन्टो अड्याएर दुङ्गामा पल्टेको थियो । धनजीते भोटे पसलका डीलमा बसेर घुम बुन्न लागेको थियो । यी सरल किसानहरूलाई धनका निमित्त तँ छाड् र म छाड् भन्दै घचेटाघचेट् गरेर अरुलाई उछिनी दगुर्न खोज्ने यो सभ्यता भनूँ या अज्ञानता भनूँ, यस भयङ्कर रोगले तिलभर पनि छोएको थिएन । केवल बखत-बखतमा पानी परिदिए खेती-कमाइबाट सरकारको तिरो, साहूको ब्याज, वर्षदिनलाई अन्न, वस्त्र, नून, तेल पुऱ्याउन सके पुगेको थियो ।

धर्मानन्द पाध्ये अलि ठटेउला किसिमका मानिस थिए, बीरसिक्का पढ्थे; गाउँको बुझुक हुँ भन्ने घमण्ड गर्थे; मानिसलाई लडाएर तमासा हेर्ने स्वभाव थियो । एकछिनपछि गुमानेका गोरु धनजीतेका बीउमा पसे । आज-भोलि रोप्नुपर्ने बीउ, धनजीते आगो भो । घुम भैमा मिल्काएर गोरुलाई लगारी लगारीकन चुट्न लाग्यो ।

किसानहरू सबै कुरा सहन सक्छन्, परन्तु वस्तुलाई अर्काले दया छोडेर कुटेको सहन सक्दैनन् । बीउबाट धपाइन्जेल त गुमाने केही बोलेको थिएन, परन्तु जब कुट्न लाग्यो अनि गुमानेको रीसको सीमा रहेन । असार महीनाका दिनभर जोत्नुपर्ने गोरु, उसमाथि पसेका मात्र थिए, उति नोक्सान गरेका केही थिएनन् । जुरुक्क उठेर भन्यो - "बीउ नोक्सान गरेको छ भने अर्मल ले, असारका गोरु किन कुट्छस् ए धनजीते ?"

आज-भोलि रोप्ने बीउको अर्मल तिर्ने कुरा सुनेर धनजीतेलाई सही नसक्नु भो । पाखुरा सुकेदै, "तेरा डाम्ना छाडा गरेर असारको बीउ चराउँछन्, अझ अर्मलको धाक लगाउँछस्, गुमाने चोर ।"

धर्मानन्दलाई लडाउने मौका पऱ्यो । सुर्तीको लुँडो निमोठ्दै भने- "कस्तो मिचाहा भोटे रहेछ; बिहानभरि जोतेका भोका गोरुलाई आफैं कुट्छ, अझ उही चोर र सोर उड्कन्छ ।" गुमानेका कनसिरी अघि नै तातिसकेका थिए, धर्मानन्दका कुराले झन् भुतुक्क भो । निर्धाको हात छिटो चल्छ भन्छन् । "किन मुख छोड्स् ए धनजीते डाँकू" भनेर हात मिसिहाल्यो ।

धनजीते पनि चढ्दो उमेरको मानिस, बलको तुजुक, किन हट्थ्यो ? दुवैजना लठारिदै चौतारीमुनि पुगे । तमासा हेर्नेको ठट लाग्यो । धनजीतेले गुमानेलाई लगेर कुलामा पछाऱ्यो । गुमाने ढाकेहरूले चम्का लगाएको ढुङ्गो दुई हातले उचालेर आइलागेको थियो, धर्मानन्दले छेके ।

गुमाने दौराको फेर निचोर्दै पसलका डीलमा बसेर धनजीतेसित अघोरसँग बाझ्न लाग्यो -" बाबुले धुलिखेलेको भारी चोऱ्यो र तीन दिनसम्म छिंडीमा जाकेथ्यो, ठूलो हुन्छस् ।"

"काउले भन्ज्याङमा आरुघाटेनेवारको सुर्तीको ढाकर चोर्दा मानवीरे द्वारेले गोर्खे लौरी कसेर चउरमा लडाएको कसको बाबुलाई नि ? गम्कन्छस् ।"

बाबु-आमा, दिदी-बैनी कसैको इज्जत-हुर्मत बाँकी रहेन, साँझ परेपछि पनि बाझ्दै उकालो लागे ।

चौतारामा झगडा भएदेखि धनजीते र गुमानेको बोलचाल बन्द भो । बाटामा धनजीतेलाई देख्यो भने गुमाने तर्केर हिंड्थ्यो ।

भदौको आधा-आधीतिर गाउँमा आँठे पऱ्यो । पैले एक-दुई दिन रुगा लागे जस्तो हुन्थ्यो, त्यसपछि चौपट्टसँग भुंग्रेजरो आउँथ्यो, चार पाँच दिनपछि सन्निपातको लच्छिन् देखिन्थ्यो । आठ दिनका दिन खत्तम ।

गुमानेका विचारमा यो सबै देउ-देवताको दोष थियो । भन्थ्यो - "देउ-देउताको मान भाउ नगरेपछि यस्तै हुन्छ । परार रगतमासीले गाँवै सोतर भो । गाउँका थानीको आजा-पूजा गरूँ भन्दा 'सिमे-भूमे पूजेर पनि रोग हराउँछ ?' भनेर धर्मानन्दले मेरो कुरा हाँसोमा उडाए । आखिर घाटकी देवी र गाउँका भूमेको पूजा गरेका पर्सिपल्ट रोग साम्य भो ।"

गुमानेले जान्ने बसायो । गाउँका सारा मानिस जम्मा भए, तर करेसो जोरिएको धनजीते आएन । जान्नेले पनि देवीको दोष देखायो । सबै जम्मा भएर धूमधामसँग पूजा गरे ।

पूजा गरेको पर्सिपल्ट गुमानेकी स्वास्नी लडी । बिचरी झन्नै खुस्की थी, बाँची । त्यसपछि धनजीतेलाई समात्यो । तीनदिनपछि स्वास्नी चाहिं लडी । एकातिर इन्तु न चिन्तु भएर स्वास्नी लडेकी थिई, अर्कातिर जराका तोडले धनजीते बर्बराउन लागेको थियो । पानीसम्म खान दिने मानिस पनि कोही थिएन । सारा गाउँ सोतर छ, कसले हेरचाह गरोस् ? गाई, बाखा किलाका किलै टट्टिएर मर्न लागे । फोएर पाखातिर लाइदिने मानिस कोही भएन ।

पहिले त शत्रुको मुख के हेर्नु भनेर गुमानेले वास्ता राखेन । परन्तु जब स्वास्नी समेत थला परी अनि गुमानेको चित्त रहन सकेन; विचार गऱ्यो - "यस्तै दैव लाग्छ र पो छऱ्छिमेकी खोज्नुपरेकों, नत्र ओढारमा गएर बसे पनि त भो नि, जहाँ पनि बस्नै न हो । दिन-दशा, आपत-विपत कसलाई पर्दैन ? बलको तुजुक थियो, मलाई सधैं यत्तिकै पुग्छ भनेर घमण्ड गर्थ्यो, परमेश्वरले घमण्ड तोडे । बैगुनीलाई गुनले मार्नु भन्छन्, एउटै नगरमा बढेर यो उमेर भो, दौंतर हो, यस्तो आपतमा पनि देखेको नदेख्यै गरे पाप लाग्दैन ?"

गुमाने धनजीतेकहाँ पुग्यो, गाई, बाखा फोएर पाखातिर लाइदियो । धनजीते मूढो लडे झैं उत्तानो परेर लडिरहेको थियो । दिसा-पिसाबको होश थिएन । ओढ्ने ओछ्याउने फेरि दियो; गुमानेले एक छिन छोडेन ।

मिर्मिरे उज्यालो भएको थियो। गुमानेलाई खेज्दै आशामरु साहू आइपुग्यो। एकाबिहानै आशामरुलाई देखेर गुमानेले भन्यो-"कति कामलाई उकालो लाग्यौ साहू ?"

"पसलमा बर्खे मालटाल छैन, डुबै डिनलाई शहर जाइडिन्ठिस् कि ?"

"छिमेकमा यो बिजोक भैरहेछ, क्यै काम नपाएर जान्छु अब भारी खेप्न !"

"रोज रुपियाँ डिन्छ लाता ?"

"के रुपियाँको लोभ देखाउँछौं साहू, गरीब छु, निमेक-मजुरीले छाक टार्नुपर्छ तापनि पैसाको निम्ति आत्मा बेच्ने त्यति सारो नीच भएको छैन। छिमेकीलाई "जिउँदाको जन्ती, मर्दाको मलामी" भन्छन्। यस्ता बेलामा चटक्क छोडेर भारी खेप्न हिंडे मर्दैन ? तिमी त ठम्ठम्ती छौं र रुपियाँको धाक देखाउँछौं; धनजीतेका झैं चार दिन अन्न न पानी भएर लड्नुपरे थाहा पाउने थियौ।"

"ईस्, छिमेकी। अस्टी चौटारामा झन्नैले मारेठ्यो, ठा पाउलास्। "

"यस्तै हो, मैले पनि सहेर बसिदिएको भए किन झगडा हुन्थ्यो ? एउटै सिरान गरेर सुतेपछि कहिलेकाहीं गोडा लाग्छ नाइँ, झगडा भो भन्दैमा धर्म छोड्नु हुन्छ ? आफूले साँचो मनले उपकार गरेपछि उसका आत्माले पनि गर्न कर लाउँछ। अमृत रोपेको ठाउँमा विष फलेको कतै सुनेका छौ ? माटाको भर ढुङ्गो, ढुङ्गाको भर माटो, संसार भरै-भरमा अडेको छ। यो भरको ताँदो छिन्ने बित्तिकै सबै भताभुङ्ग हुन्छ।"

आशामरुको र गुमानेको खलबल सुनेर धनजीतेले आँखा उघाऱ्यो। धनजीतेले हेरेको देखेर गुमानेले भन्यो - "कस्तो छ माहिला दाइ ?"

"मो मार्छ कि कान्जा, तौं कोइले आइस् ?"

"पाँच दिन भो दाइ, तिमीहरू दुवै लोग्ने स्वास्नी लडिहाल्यौ। गाईबाखा भोक-भोकै कराउन थाले; बिजोक हेर्न सकिनँ दौडेर आएँ। तिम्रो जस्तो ढुङ्गाको मन म कहाँ पाऊँ।

"पोलेको घाउमा नून ना छार् कान्जा, मो आधाम हो, क्षामा गर्।"

धनजीते हिंड्डुल गर्न लाग्यो। गुमानेलाई एकछिन छोड्दैन। वन मेला-पात जहाँ गए पनि दुइजना सँगै जान्छन्। आजकाल कसैले गुमानेको बद्खोई गरेको सुन्यो भने धनजीते झगडा गर्न अघि सर्छ।

शब्द र अर्थ

बुजुक	:	बुझक्कड, बाठो
तमासा	:	रमाइलो
अर्मल	:	वस्तुभाउद्वारा भएको हानि-नोक्सानी बापत तिरिने अन्न अनाज
उड्कनु	:	मनमा चोट पर्ने गरी अर्कालाई भन्नु
तुजुक	:	फुर्ती; धाक-रबाफ; घमण्ड
ठट	:	घुँइचो; भीड
अघोर	:	अत्यन्त; बिछट्ट
आँठे	:	रुघा-खोकी, जरो बिग्रँदै आठ दिनका दिन मृत्यु गराउने प्रकोप
सन्निपात	:	विषमज्वर; टाइफायड
रोज	:	दैनिक; दिन-दिनको
निमेक मजुरी	:	मजदुरी बापत पाइने ज्याला
अधम	:	नीच; तल्लो स्तरको
बदखोइ	:	निन्दा टीका-टिप्पणी
ठटेउला	:	ठट्टा गर्ने स्वभावका
छिंडी	:	प्राय: अँध्यारो र चिसो हुने भुइँ तलाको कोठा

अभ्यास

१. तलका प्रश्नको उत्तर देऊ

- गुमाने र धनजीतेका बीच के निहुँमा झगडा भयो ?
- गुमाने र धनजीतेको झगडालाई धर्मानन्दले कसरी उक्साए ?
- धनजीते र गुमानेका बीच के-कस्तो भनाभन भयो ?
- गुमाने धनजीते कहाँ किन जानुपर्‍यो ?
- गुमाने किन आशामरु साहूको भारी बोक्न गएन ?
- धनजीतेले गुमानेसँग के भनेर क्षमा माग्यो ?
- गुमाने र धनजीतेमध्ये तिमी के कारणले कसलाई मन पराउँछौं ?
- छिमेकी कथा पढेर के शिक्षा पाइन्छ ?

२. **तात्पर्य स्पष्ट पार**

- छिमेकीलाई जिउँदाको जन्ती र मर्दाको मलामी भन्छन् ।
- माटाको भर ढुङ्गो र ढुङ्गाको भर माटो, संसार भरैभरमा अडेको छ ।
- एउटै सिरान गरेर सुतेपछि कहिलेकाहीँ गोडा लाग्छ ।

३. **कसले किन भनेको हो**

- बिहानभरि जोतेका भोका गोरुलाई आफैं कुट्छ, उही चोर र सोर उड्कन्छ ।
- बीउ नोक्सान गरेको छ भने अर्मल ले ।
- मैले पनि सहेर बसिदिएको भए किन झगडा हुन्थ्यो ?
- पोलेको घाउमा नून नाछार् कान्जा ।
- इस् छिमेकी ! अस्टी चौटारामा झन्नैले मारेठ्यो, ठा पाउलास् ।

४. **अर्थ बुझी जोडा मिलाऊ**

आगो हुनु	कर्तव्यलाई बिर्सनु
हाँसोमा उडाउनु	बेहोस जस्तै हुनु
इन्तु न चिन्तु हुनु	खूब रिसाउनु
देखेको नदेख्यै गर्नु	गिल्ला गर्नु
धर्म छोड्नु	कुनै मतलब नराख्नु
पोलेको घाउमा नून छर्नु	सुरिएर अगाडि जानु
अघि सर्नु	दुःखमाथि दुःख थप्नु

५. **शुद्धसँग उच्चारण गर**

- पसलमा बर्खे मालटाल छैन, डुबै डिनलाई शहर जाइडिन्ठिस् कि ?
- मो मार्छ कि कान्जा, तो काइले आइस् ?
- पोलेको घाउमा नून न छार् कान्जा, मो आधाम हो, क्षामा गर् ।

६. छिमेकी कथाको पहिलो अनुच्छेद पढेर कक्षामा सुनाऊ ।

७. **सुन र पूरा अनुच्छेद लेख**

धर्मानन्द पाध्ये अलि ठटेउला किसिमका मानिस थिए,

... .
....
... .

८. **कथाभित्रका वाक्य खोजी खाली ठाउँ भर**

निर्धाको हात .....

..... गुमाने तर्केर हिंड्थ्यो ।

..... शत्रुको मुख के हेर्नु .....

..... उपकार गरेपछि .....

..... विष फलेको .....

९. **वाक्यमा प्रयोग गर**

झगडा	छिमेकी	अर्मल	
चौतारो	सभ्यता	मानभाउ	पूजा

सिर्जनात्मक अभ्यास

१. माथिको कथाको शीर्षक "छिमेकी" राख्नाको कारण के होला; छलफल गर ।

२. छिमेकीको महत्त्वमाथि प्रकाश पार ।

३. दिइएका शीर्षक, घटना र पात्रका आधारमा एउटा सानो कथा लेखी शिक्षकलाई देखाऊ

- शीर्षक : साथी
- मनोज र प्रमोद मिलनसार साथी - मनोजको कलम हराउनु
- विनोदले प्रमोदप्रति शङ्का गरी मनोजको मन भाँड्नु - मनोज र प्रमोदबीच बोलचाल बन्द - परीक्षामा मनोजको कलममा मसी सकिनु
- प्रमोदले कलम दिई सहयोग पुऱ्याउनु - प्रमोदको कलम विनोदले लुकाइदिएको रहस्य खुल्नु - मनोजले प्रमोदसँग क्षमा माग्नु - उनीहरू बीच फेरि मित्रता बढ्नु ।

व्याकरण

विशेषण

रातो रङ	धेरै विद्यार्थी	त्यो रूख
नीलो आकाश	एउटा बिरालो	सानो साथी
		अग्लो पहाड

माथिका उदाहरणमा रातो, नीलो, धेरै, एउटा, त्यो, सानो र अग्लो - शब्दहरूले विशेषता बताएका छन् ।

प्रधानाध्यापकलाई निवेदन

श्रीमान् प्रधानाध्यापकज्यू,
पद्मकन्या माध्यामिक विद्यालय
डिल्लीबजार, काठमाडौं ।

विषय :- शैक्षिक भ्रमणमा समावेश गरिदिने बारे ।

महोदय,

सो सम्बन्धमा यस विद्यालयले कक्षा ६ देखि आठसम्मका पच्चीस जना विद्यार्थीहरूलाई काठमाडौं उपत्यकाभित्रका धार्मिक, ऐतिहासिक, शैक्षिक, औद्योगिक र पुरातात्विक ठाउँहरूको शैक्षिक भ्रमण गराउने सूचना टाँस गरेकोले सो भ्रमणमा मलाई पनि सम्मिलित गराइदिन यो निवेदन पेश गरेकी छु ।

उक्त भ्रमणमा सम्मिलित हुन मेरा बुबामुमाबाट अनुमति प्राप्त भएको व्यहोरा जानकारी गराउँछु । म एक जिज्ञासु, मिहेनती र अनुशासित छात्रा भएकीले कक्षा ५ को जिल्लास्तरीय परीक्षामा यस विद्यालयबाट प्रथम भएको कुरा स्मरण गराउँदै सो भ्रमणमा मलाई पनि समावेश गराईदिनहुन विनम्र अनुरोध गर्दछु । श्रीमान्को जौं विचार ।

आज्ञाकारी छात्रा
सुशीला शर्मा
कक्षा : ६
रोल नं. १

मिति : २०५१। १। २

शब्द र अर्थ

छनोट : छान्ने काम
पुरातात्त्विक : प्राचीन महत्त्व झल्काउने किसिमको
उत्सुकता : केही कुरा गर्ने चाहना, कुनै कुराप्रतिको विशेष झुकाव
चर्चा-परिचर्चा : टीका-टीप्पणी, छलफल
अनुमति : स्वीकृति
विदित : जानिएको, जानकारी भएको
टाँस : टाँस्ने काम
सन्दर्भ : प्रसङ्ग, सिलसिला
सम्मिलित : सामेल, समावेश भएको
विनम्र : नम्रतापूर्वक
इच्छुक : इच्छा गर्ने, चाहना भएको
जिज्ञासु : जान्ने चाहना भएको/की
रुचि : चाहना, इच्छा
प्रथम : पहिलो

अभ्यास

१. **तलका प्रश्नको उत्तर लेख**

- शैक्षिक भ्रमणमा के-कस्ता विषयको जानकारी गराउने भनिएको छ ?
- निवेदिकाले के-कति कारणले शैक्षिक भ्रमणमा सम्मिलित हुन चाहेकी छिन् ?
- शैक्षिक भ्रमणका सन्दर्भलाई लिएर विद्यार्थीवर्गमा चर्चा-परिचर्चा हुनाको कारण के हुन सक्छ ?
- माथिको निवेदन कसले, कसलाई कुन उद्देश्यले लेखेको हो ?

२. आफूले छात्रवृत्ति पाउनुपर्ने उपयुक्त कारणहरू प्रस्तुत गर्दै आफ्ना विद्यालयका प्रधानाध्यापकलाई आफूलाई छात्रवृत्ति प्रदान गर्न अनुरोध गरी एक निवेदन लेख ।

३. **उदाहरण दिएझैं तलका शब्दका पर्यायवाची शब्द लेख**

उदाहरण : प्रथम - पहिलो

परीक्षा - जाँच

विद्यालय -

बुबा -

स्थल -

भ्रमण -

अनुमति -

४. **शुद्धसँग उच्चारण गर**

जिल्ला स्तरीय, दृष्टिकोण, पद्मकन्या, पुरातात्त्विक, सन्दर्भ ।

५. **वाक्यमा प्रयोग गर**

छनोट, सूचना, विनम्र, अनुरोध, आज्ञाकारी ।

सिर्जनात्मक अभ्यास

१. निवेदन लेख्दा छुटाउन नहुने कुराहरूबारे कक्षामा छलफल गर ।

२. घरायसी चिठी र विद्यालयसम्बन्धी निवेदनमा पाइने भिन्नता बुझ्ने प्रयास गर ।

व्याकरण

अव्यय

(ग) संयोजक

दिलीप र अनुप आए ।

पानी पर्ला जस्तो गर्छ, तर पर्दैन ।

म थाँक्रो बोक्न सक्तिन किनकि गह्रौ छ ।

घण्टी लाग्यो अनि गुरु कक्षामा आउनुभयो ।

न तिमी जान्छौ, न मलाई जान दिन्छौ ।

संयोजकले दुई वा दुईभन्दा बढी शब्द तथा वाक्यहरूलाई जोड्ने काम गर्दछन् ।

तलका थप अभ्यास गर

१. **पढ र बुझ**

र, तर, किनभने, अथवा, अनि, वा, पनि, कि, नत्र, भने, तापनि, आदि संयोजक हुन् ।

२. **संयोजक प्रयोग गरेर एउटै वाक्यमा लेख ।**

जस्तै : भाइ आयो तर बहिनी आइनन् ।

- राम गयो । ऊ आएन ।
- दिदी जान्छिन् । बहिनी जान्छिन् ।
- उसले परीक्षा पास गरेन । उसले राम्रोसँग पढेकी थिइन ।
- घाम माथि आइसके । ऊ ओछ्यानबाट उठ्दैन ।
- तिमी जान्छौं । म जाऊँ ।

३. संयोजक केलाई भन्दछन्, लेख ।

४. यस पाठमा भएका संयोजकहरूको तालिका बनाऊ ।

महामानव गौतम बुद्ध

"बुद्धम् शरणम् गच्छामि" बुद्धको शरणमा जान्छु, किनभने बुद्धको शरणमा सुख र शान्ति मिल्छ। आज गौतम बुद्ध छैनन् तर उनले दिएका ज्ञान र उपदेशबाट मानिस बुद्धका शरणमा पुग्न सक्छन् भन्ने विश्वास छ। गौतम बुद्धले भनेका थिए,- "संसारका सबै वस्तु नाशवान छन्। ती वस्तुप्रति मोह राख्नु दुःखको कारण हो। हृदयदेखि नै पवित्र भावले सेवा कार्यमा लागेमा दुःखबाट छुटकारा पाउन सकिन्छ र अन्त्यमा मुक्ति मिल्छ।" यी विचारहरूको पालना गर्नाले मानिसलाई धार्मिक सुख मिल्दछ र आत्मामा शान्ति हुनसक्छ। यही विश्वासमा विश्वका करोडौं मानिसहरू बौद्ध धर्मको पालना गर्दछन् र गौतम बुद्धलाई भगवान् भनेर पूजा गर्दछन्।

वास्तवमा गौतम बुद्ध कुनै अलौकिक पुरुष थिएनन्। उनी हाम्रै देश नेपालका विभूति हुन्। आजभन्दा पच्चीस सय वर्षपूर्व वैशाख शुक्ल पूर्णिमाका दिन वर्तमान रूपन्देहीको जिल्ला लुम्बिनीमा उनको जन्म भएको थियो। बालक कालमा उनको नाम सिद्धार्थ गौतम थियो। उनका पिताको नाम शुद्धोधन र माताको नाम मायादेवी हो। सिद्धार्थ गौतम जन्मेको

सात दिनमै उनकी आमाको मृत्यु भयो। पिता शुद्धोधनको रेखदेख र सौतेनी आमा प्रजावतीको लालन-पालनमा सिद्धार्थ गौतम हुर्किए। उनलाई आफ्नी आमाको कुनै सम्झना भएन। दरबारमै रहेर विश्व-मित्र, सब्बा-मित्र आदि गुरुहरूबाट सिद्धार्थ गौतमले शास्त्रका धेरै कुराहरूको अध्ययन गरेका थिए।

सिद्धार्थ गौतम नरम स्वभाव र दयालु भावनाका बालक थिए। उनी दुःखीमाथि दया देखाउँथे र त्यसमा आफू पनि दुःखी हुन्थे। अरूका दुःखलाई आफ्नै दुःखका रूपमा लिने उनको स्वभाव थियो। एकान्तमा बस्न रुचाउँथे। सानैदेखि नै गहन विषयको चिन्तन गर्थे। सिद्धार्थ गौतम राज-परिवारको रमझममा रमाएनन्। दरबारमा सुख सुविधाको कमी थिएन, तर उनी त्यसलाई वास्ता गर्दैनथे। उनमा प्रबल रूपमा जिज्ञासा बढेर गएको थियो। सबैलाई रोग लाग्ने, सबैले बूढो हुनुपर्ने र सबैले मर्नुपर्ने जस्ता कुराहरूले सिद्धार्थ गौतमलाई विशेष असर पारेका थिए। यी कुराहरू बुझेर सबैको भलाइ कसरी हुन सक्छ, त्यस विषयमा उनी बढी विचार गर्थे।

राजा शुद्धोधन छोरा सिद्धार्थ सधैं प्रसन्न रहेको हेर्न मन पराउँथे। सोह्र वर्षको उमेरमा नै सिद्धार्थ गौतमको विवाह यशोधरासँग भयो। उनी रूप-गुणले सम्पन्न थिइन्। छब्बीस वर्षको उमेरमा सिद्धार्थको छोरो जन्म्यो, जसको नाम राहुल राखियो। राहुल होनहारका राम्रा बालक थिए। उनको रूप र लक्षणको सबैले प्रशंसा गरे। यशोधरा र सिद्धार्थ गौतमको भाग्यको समेत तारिफ गरियो। यस्ता बालकका बाबु-आमा सुखी रहून् भनेर ईश्वरसँग प्रार्थना गरियो। सुखी रहून् भन्ने कुराले वास्तविक सुख के हो र त्यो कसरी प्राप्त हुन्छ भन्नेबारे उनी सोच्न थाले र यस्तैमा बुद्धत्व प्राप्तिका लागि तपस्या गर्न दरबारबाट निस्किए।

सिद्धार्थ गौतमले सत्यबोधका लागि तपस्या गरेका थिए। उनले सत्य के हो, त्यो जान्न कुनै पुस्तकको अध्ययन गरेनन् केवल आत्माको चिन्तन गरे। तपस्यामा गौतमको शरीर अत्यन्त कमजोर भयो। उनी अति दुब्लाए। शारीरिक कष्टबाट उनको तपस्या पूर्ण भएन। अन्ततः सिद्धार्थ गौतम भारतको भूमि गयामा पुगे। त्यहाँ एउटा पिपलको रुखमुनि विश्राम लिए। अनायास त्यहाँ उनलाई आत्मबोध भयो। गौतमले बुद्धत्व प्राप्त गरे। त्यसपछि सिद्धार्थ गौतम, गौतम बुद्धको नामले विश्वमा प्रख्यात हुन पुगे।

गौतम बुद्धले बुद्धत्व प्राप्त गरेको ठाउँलाई बोधगया भनिन्छ। त्यहाँ उनलाई आत्मबोध भयो। दया नै सुखको मूल कारण हो, त्यसविना सुखको प्राप्ति हुन सक्तैन जो प्राणीहरूमा दया देखाउँदैन, त्यो धर्मात्मा होइन। दयालु हृदयले प्राणीमात्रलाई गरिने सेवा नै धर्म हो भन्ने कुराहरूको ज्ञान बुद्धलाई बोधगयामा प्राप्त भयो। अनि बुद्ध आफूले पाएका ज्ञानको उपदेश गर्न लागे। उनले आफ्ना पाँच शिष्यहरूलाई भारतको सारनाथ भन्ने स्थानमा पहिलो उपदेश गरे। उनका उपदेशको निकै प्रचार-प्रसार भयो। उनले हजारौं मानिसलाई दीक्षा दिए।

गौतम बुद्ध मध्यम मार्गी विचारका व्यक्ति थिए। उनले कट्टर हिन्दू परम्पराको पनि पालना गरेनन् र त्यस बेला समाजमा देखापरेका विकृतिलाई पनि मन पराएनन्। त्यसताका हिन्दू धर्मको नाममा हिंसा बढेको थियो। पशु-बध धार्मिक कार्य मानिन्थ्यो। जाति-पाती प्रथाले समाजमा आर्थिक र सामाजिक वर्ग-विभाजनको सृजना भएको थियो। भौतिक सुखको मोहमा मानिसहरू लोभी भएका थिए। यी कुराहरूको विरोधमा गौतम बुद्धले "बौद्ध भिक्षु संघ" नामको धार्मिक संस्थाको स्थापना गरे र आफ्ना परिवारका सदस्यहरू समेतलाई भिक्षु बनाए। ठाउँ-ठाउँमा गएर उनले उपदेश दिए। उनका उपदेशहरू बौद्ध धर्मको रूपमा प्रसिद्ध भए। गौतम बुद्धका विचारहरू पाली भाषामा लेखिएका छन्। बौद्ध धर्मको धार्मिक ग्रन्थलाई "धम्मपद" या "त्रिपिटक" भनिन्छ।

हिंसा नगर्नु, असत्य नबोल्नु, कसैको सम्पत्ति-चोरी नगर्नु, ब्रह्मचर्य ब्रतको पालना गर्नु, आवश्यकभन्दा बढी धनको संग्रह नगर्नु यी गौतम बुद्धका प्रमुख उपदेशहरू हुन्। उनका उपदेशको व्यापक रूपमा प्रचार भयो। त्यसले विश्वलाई एउटा नयाँ बाटो देखायो। बौद्धधर्ममा सबै मानिस समान मानिन्छन्। सबै प्राणीको कल्याण गर्नु त्यस धर्मको प्रमुख उद्देश्य हो।

बौद्ध धर्मका संस्थापक महामानव गौतम बुद्धको ८० वर्षको उमेरमा मृत्यु भयो। उनको जीवनपश्चात् उनका शिष्य आनन्द र सारि-पुत्रले त्यस धर्मको रक्षामा विशेष योगदान दिएका थिए। भारतका सम्राट् अशोकले त बुद्ध-धर्मको प्रचार गरेर त्यस धर्मलाई विश्वमै परिचित गराए।

गौतम बुद्धले आफ्नो अन्तिम उपदेशमा भनेका थिए- सबै वस्तु नाशवान् छन् । मानिसले असल कर्मबाट आफूलाई मुक्ति दिलाउन सक्छ । कुनै श्राप या निन्दा गर्ने भन्दा त्यसलाई धैर्यपूर्वक सहन सक्ने मानिस बढी विजयी हुन्छ भन्ने उनको विचार थियो ।

गौतम बुद्धले नेपालको गौरव बढाएका छन् । आज जहाँ-जहाँ बौद्ध धर्मावलम्बी छन्, त्यहाँ नेपाल छ, त्यहाँ नेपालप्रतिको सद्भाव छ । विश्वका बौद्ध धर्मावलम्बीका लागि नेपालको लुम्बिनी पवित्र तीर्थस्थल हो र महामानव गौतम बुद्धलाई विश्वमा शान्तिका अग्रदूतका रूपमा मानिन्छ ।

शब्द र अर्थ

शरण	:	आश्रय अप्ठ्यारो वा दुःखको अवस्थामा कसैको आधार पाउने काम
नाशवान्	:	नाश भएर जाने, अनित्य
अलौकिक	:	यस लोकमा नपाइने, यस संसारमा नभएको
विभूति	:	देशका लागि उल्लेखनीय योगदान दिने व्यक्ति
जिज्ञासा	:	जान्ने चाहना
बुद्धत्व	:	बुद्ध बन्ने काम
अनायास	:	एकाएक
विश्राम	:	थकाइ मार्न सुस्ताउने काम, विशान्ति
आत्मबोध	:	आफ से आफ आत्माका सम्बन्धमा हुने ज्ञान, तत्त्वज्ञान
दीक्षित	:	गुरु वा आचार्यबाट मन्त्रको उपदेश लिने काम
प्रणेता	:	प्रतिपादन गर्ने, थालनी गर्ने
धर्मावलम्बी	:	धर्मको अवलम्बन गर्ने, धर्मको अनुयायी

अभ्यास

१. **तलका प्रश्नको उत्तर लेख**

- गौतम बुद्धको बाल्यकालको परिचय लेख ।
- सिद्धार्थ गौतमलाई बुद्धत्व प्राप्त गर्ने प्रेरणा कसरी प्राप्त भयो ?
- बुद्धका मुख्य उपदेशहरू के-के हुन् ?
- गौतम बुद्धलाई शान्तिका अग्रदूत मान्नाको कारण के हो ?
- विश्वमा बौद्ध धर्म कसरी फैलियो ?

२. "महामानव गौतम बुद्ध नेपालका महान् विभूति हुन्" - यस भनाइको व्याख्या गर ।

३. **पढ र बुझ**

- संसारका सबै वस्तु नाशवान् छन् ।
- बौद्ध धर्ममा सबै मानिस समान मानिन्छन् ।
- श्राप या निन्दा गर्नेभन्दा त्यसलाई धैर्यपूर्वक सहनसक्ने मानिस बढी विजयी हुन्छ ।
- आज जहाँ-जहाँ बौद्ध धर्मावलम्बी छन्, त्यहाँ नेपाल छ, त्यहाँ नेपालप्रतिको सद्भाव छ ।
- जो प्राणीहरूमा दया देखाउँदैन, त्यो धर्मात्मा होइन ।

४. यस पाठको पहिलो अनुच्छेद शुद्धसँग पढेर कक्षामा सुनाऊ ।

५. **वाक्यमा प्रयोग गर**

दया, चिन्तन, रमझम, नै, एकान्त ।

सिर्जनात्मक अभ्यास

१. शिक्षकको निर्देशन र सहयोगमा नेपालका कुनै एक विभूतिका बारे सानो प्रबन्ध लेखी कक्षामा सुनाऊ ।

२. आ-आफ्ना धर्मका महान् व्यक्तिका विषयमा मुख्य-मुख्य कुराहरू टिपोट गरी साथीहरूसँग आपसमा छलफल गर ।

व्याकरण

अव्यय

१. क्रियायोगी - हिजो, आज, तल, माथि, भित्र, बाहिर ।

२. नामयोगी - सँग, सित, तर्फ, तिर, सम्म, भन्दा ।

३. संयोजक - र, तर, पनि, किनकि, वा, परन्तु ।

४. विस्मयादिबोधक - अहा, अहो, छिः, धत्, स्याबास्, क्याबात् ।

५. निपात - खै, नि, नै, पो, त, क्यारे, लौ, रे ।

अव्यय शब्दलाई अविकारी शब्द पनि भन्दछन् । अविकारीको अर्थ रूप नबिग्रने हो । अव्यय शब्दका रूप प्रायः सधैं एकै नासले रहन्छन् । तिनका लिङ्ग, वचन, पुरुष, कारक पनि हुँदैनन् । अव्ययका मुख्य चार प्रकार हुन्छन् ।
(१) क्रियायोगी (२) नायमेगी (३) संयोजक (४) विस्मयादिबोधक
तर निपात पनि एक प्रकारका अव्यय नै हुन् । निपातहरू वाक्यमा आफैं आई भनाइलाई मीठो र प्रभावकारी बनाउँछन् ।

तलका थप अभ्यास गर

१. **जोडा मिलाऊ**

क्रियायोगी	खोइ
नामयोगी	अब
संयोजक	ओहो
विस्मयादिबोधक	अनि
निपात	नेर

२. **खाली ठाउँ भर**

- आशीष ..... सतीश दाजुभाइ हुन् । (सँग, र, पो)
- पढे ..... जानिन्थ्यो । (टुप्लुक्क, तर, पो)
- मसी ..... कलमको के काम । (विना, नत्र, खै)
- ..... के देख्नु परेको । (ए, हरे, अनि)
- बबिता ..... गइन् । (कठै, सरासर, टुप्लुक्क)

३. **ठीक भनाइमा (√) ठीक चिह्न लगाऊ**

- नामसँग गाँसिएर प्रयोग हुने शब्दलाई नामयोगी भन्दछन् ।
- क्रियायोगी अव्ययले क्रियाको विशेषता पनि बुझाउँछन् ।
- संयोजकले वाक्य र शब्दलाई जोड्छन् ।
- निपातले भनाइमा मिठास ल्याउँछ ।
- निपातलाई अव्यय मान्न सकिन्न ।

४. यस पाठमा प्रयोग भएका अव्यय शब्दहरूको सूची तयार पार ।
५. आफूले पढेका पाठहरूमा प्रयोग भएका निपातहरू टिपी तिनलाई आफ्नै वाक्यमा प्रयोग गर्ने अभ्यास गर ।

कम्प्युटर



कम्प्युटरको साधारण अर्थ हो- हिसाब गर्नु, तर आज यसलाई हिसाब गर्ने कार्यमा मात्र प्रयोग नगरी मानिसको अभिन्न सहयोगीका रूपमा विकासका विभिन्न क्षेत्रमा प्रयोग गर्न सकिन्छ। यस आधारमा कम्प्युटर एउटा कार्यशील यन्त्र हो, यो मानिसले नै आविष्कार गरेको तर मानिसभन्दा छिटो र इमानदारीसाथ काम गर्ने क्षमता भएको मेसिन हो। यसलाई नेपालीमा सुसाङ्ख्य भनिन्छ।

कम्प्युटर विद्युत्-शक्तिबाट चल्छ। कम्प्युटरलाई एक प्रकारले थकाइ नलाग्ने, झर्को नमान्ने, दिक्क नहुने यान्त्रिक मानिस मान्न सकिन्छ। यसले जस्तासुकै झ्याउलाग्दा कामहरू पनि झन्झट नमानीकन गर्छ। कम्प्युटर-कम्प्युटरका बीच कुराकानी हुनसक्छ। त्यसमा तर्क गर्ने क्षमता समेत हुन्छ। सुन्नेबित्तिकै कण्टस्थ हुने र कण्ठस्थ भएको कुरा कहिल्यै नबिर्सने विद्यार्थी वा कुनै व्यक्तिलाई लक्ष्य गरेर यसको स्मरणशक्ति त कम्प्युटरको जस्तै रहेछ भनिन्छ। त्यस आधारमा कम्प्युटरमा आँकडाहरू तुरुन्त अभिलेख गर्न सकिन्छ। यसरी अभिलेख गरिएका आँकडाहरू सदास्मरणका लागि कम्प्युटरमा भण्डार गर्ने व्यवस्था हुन्छ। जसरी पढेका जतिसुकै विषयहरू पनि स्मरणशक्ति भएका पाठकका मस्तिष्कमा

अटाउँछन्, त्यसैगरी अभिलेख गरिएका अनगिन्ती आँकडाहरू एउटा सानो कम्प्युटर यन्त्रमा अटाउन सक्छन् । यसलाई शिक्षण, सञ्चार, अभिलेख, गणना, मुद्रण, सम्पादनजस्ता विभिन्न कार्यमा प्रयोग गर्न सकिन्छ । जस्तासुकै जटिल कार्य पनि सरल रूपमा सम्पन्न गर्ने क्षमता कम्प्युटरमा हुन्छ । विभिन्न क्षेत्रमा प्रयोग हुनसक्ने त्यस्ता कम्प्युटरलाई विज्ञानको अति आधुनिक र महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ ।

कम्प्युटरको विकास सर्वप्रथम गणितीय कार्य गर्ने उपकरणका रूपमा भएको हो । समाजमा विकासको क्रम जति बढ्दै गयो त्यति नै हरहिसाबका जटिल कार्यहरू थपिदै गए र वैज्ञानिकहरूले त्यस्ता उपकरणको आविष्कार गर्न थाल्यो, फलस्वरूप "अवाकस "स्लाइड रुल" क्यालकुलेटर अनि अन्त्यमा कम्प्युटरको आविष्कार क्यालकुलेटिङ्ग मेसिनका अविष्कारक फ्रेन्च गणितज्ञ पास्क लाइन हुन् । कम्प्युटरका आविष्कारकका रूपमा भने बेलायत निवासी गणित विषयका प्राध्यापक चार्ली बैबेजलाई मान्ने गरिन्छ । उनलाई कम्प्युटर विज्ञानका पिताको रूपमा मानिन्छ । प्राध्यापक बैबेजले सर्वप्रथम सन् १८२२ मा "डिफरेन्स यन्त्र" बनाएका थिए, त्यसमा स्मरण एकाइ राख्न र यन्त्रभित्र अङ्क वा अक्षरलाई भण्डार गर्न सकिन्छ भन्ने उनको भनाइ थियो । उनैको सोचाइका आधारमा सन् १९३६ मा अमेरिकामा डा. हाउबार्डले "मार्क - १" नामक कम्प्युटर बनाई चार्ल बैबेजको सपना साकार पारे । विज्ञानका क्षेत्रमा नयाँ किसिमको योगदान दिए ।



माथि दिइएको चित्र कम्प्युटरको चित्र हो । यस किसिमको कम्प्युटर यन्त्रलाई खोलेर हेरेमा त्यसभित्र स-साना चारकुने चक्काहरू व्यवस्थित रूपले राखिएका हुन्छन् । ती चक्काहरूलाई झीनो तारले जेलेको वा जोडेको हुन्छ । यी चक्काहरूको बनौट जटिल हुन्छ । माथिको चित्रले कम्प्युटरको प्रयोग विधिबारे पनि जानकारी गराउँछ । प्रयोगविधिका आधारमा कम्प्युटरका अङ्गहरू मुख्य तीन प्रकारका हुन्छन्, ती हुन्- इनपुट (प्रवेश), प्रोसेसिङ (प्रशोधन) र आउटपुट (उत्पादन) । कम्प्युटरको इनपुट वा प्रवेश अङ्गमा अर्को अङ्गका निम्ति सूचना दिने या निर्देशन भर्ने काम हुन्छ । प्रोसेसिङ वा प्रशोधन अङ्गले प्राप्त सूचना वा निर्देशनलाई आफ्नो स्मृतिमा अङ्कित गर्दछ र सम्पादन गर्दछ, अनि आउटपुट वा उत्पादन अङ्गले तथ्याङ्क वा सूचनालाई छापेर कम्प्युटरको पर्दामा हामीलाई देखाउँछ ।

कार्यका आधारमा कम्प्युटर एनालग, डिजिटल र हाइब्राइड गरी तीन प्रकारका हुन्छन् । नाप्ने काममा एनालग कम्प्युटरको प्रयोग गरिन्छ, भूकम्प नाप्ने यन्त्र पनि एनालग कम्प्युटरकै उदाहरण हो । लेख-पढ र छपाइसम्बन्धी काममा डिजिटल कम्प्युटरको प्रयोग हुन्छ । हाइब्राइड कम्प्युटरले भने एनालग र डिजिटल कम्प्युटरले गर्न सक्ने दुवै किसिमका कार्य गर्दछ । किनकि यसमा ती दुवै थरी कम्प्युटरसम्बन्धी प्रणाली जोडिएका हुन्छन् । जेट विमानमा हाइब्राइड कम्प्युटर नै जडान गरिएको हुन्छ । त्यसले ताप, दूरी, समय, गति, तौल आदिको यकिन गर्छ र सूचना दिन्छ । पाइलटको निर्देशनमा हाइब्राइड कम्प्युटरले विमानको उडान कार्यसमेत सञ्चालन गर्दछ । ठूलठूला कारखाना तथा वैज्ञानिक प्रयोगशालामा समेत यस्ता कम्प्युटरहरू जडान गरेर कार्य सम्पन्न गर्ने गरिन्छ ।

आजको युगमा कम्प्युटरको महत्त्व दिन-प्रतिदिन बढ्दै गएको पाइन्छ । यसको सहयोगबाट विभिन्न यान्त्रिक साधनहरूको परिचालन हुन्छ । अन्तरिक्षमा उड्ने रकेट, पानीमा तैरने जहाज र जमिनमा गुड्ने मोटरलाई कम्प्युटरले परिचालन गर्नसक्छ । अपराध पत्ता लगाउन पनि कम्प्युटरको प्रयोग हुन्छ । अनुवाद गर्ने, भविष्यवाणी गर्ने र मानिसलाई आवश्यकतानुसार सल्लाह दिने कामसमेत कम्प्युटरले गर्नसक्छ ।

कम्प्युटरले जतिसुकै हलचल ल्याए तापनि यसले सृजनशील र कलात्मक कार्य भने गर्न सक्तैन । बरु यसले मानिसको सृजनशीलता घटाउँदै छ । मानिसले गर्ने काम कम्प्युटरबाट हुन थालेकाले मानिसमा क्रियाशीलता हराउँदै गएको छ ।

कम्प्युटर विज्ञानको विशेष देन हो । "बीउअनुसारको बालो" भनेझैं जस्तो सूचना-सामग्री भर्न सक्यो कम्प्युटरले त्यसैअनुसारको नतिजा प्रस्तुत गर्दछ । कम्प्युटर मानिसकै निर्देशन र नियन्त्रणमा परिचालन हुने यन्त्र हो । सबभन्दा रमाइलो कुरा त विज्ञानले आविष्कार गरेका अरूअरू यन्त्रलाई पनि यसले परिचालन गर्नसक्छ । कम्प्युटरको आवश्यकता र महत्त्व अब झन्-झन् बढ्दै गएको छ । यो हाम्रो अभिन्न मित्र बन्ने सुरसारमा छ ।

शब्द र अर्थ

भण्डार : ढुकुटी, धनसम्पत्ति तथा मालतालहरू राख्ने ठाउँ
उपलब्ध : प्राप्त हुनु, हासिल हुनु
अभिन्न : भिन्न नरहेको, एकैजस्तो
यन्त्र : मेशिन
विद्युत्-शक्ति : बिजुलीको शक्ति
स्मरण-शक्ति : सम्झने शक्ति
अभिलेख : रेकर्ड, प्रामाणिक लेखोट, प्राचीन महत्त्वको लेख ।
आँकडा : तथ्याङ्क, कुनै वस्तु वा विषयको हिसाब
मुद्रण : छाप्ने काम
सम्पादन : कुनै लेख रचना तथा विषयको काँटछाँट गरी मिलाउने काम
उपकरण : साधन, औजार वा यन्त्र
साकार : आकार वा चित्रका रूपमा देखापर्नु
जटिल : अप्ठ्यारो, कठिन वा जेलिएको
प्रयोगविधि : प्रयोग गर्ने पद्धति वा तरीका
तथ्याङ्क : आँकडा, वस्तु व्यक्ति आदिको सत्य तथ्य हिसाब
मापन : नाप्ने काम
निर्देशन : निर्देशन गर्ने काम, आज्ञा वा अह्रोट
सुरसार : तरखर, कुनै कामको थालनी
जडान : जेड्ने काम, जोड्नु
व्यवसाय : पेशा, इलम
अनुवाद : एक भाषाबाट अर्को भाषामा उल्था गर्ने काम
सृजनशील : सृजना गर्ने क्षमता भएको, नयाँ कुरा रचना गर्ने किसिमको
क्रियाशीलता : काममा रुचिपूर्वक लाग्ने वानी क्रियामा संलग्न हुने प्रवृत्ति
परिचालन : सञ्चालन, चलाउने प्रक्रिया ।

अभ्यास

१. **तलका प्रश्नको उत्तर लेख**

- कम्प्युटर कस्तो मेसिनको रूपमा मानिन्छ ?
- आजभोलि मुख्य रूपमा कुन-कुन काम गर्न कम्प्युटरको प्रयोग गरिन्छ ?
- कम्प्युटरको आविष्कार कसरी भएको हो ?
- कम्प्युटरका मुख्य अङ्ग के-के हुन् र तिनीहरूका काम के-के हुन् ?
- कम्प्युटरबाट हुनसक्ने हानिहरू के-के हुन् ?

२. यस पाठका आधारमा आफ्नै शब्दमा कम्प्युटरको परिचय देऊ ।

३. **पाठका आधारमा खाली ठाउँ भर**

- कम्प्युटर ..... बाट चल्छ ।
- जेट विमानमा ..... जडान गरिएको हुन्छ ।
- कम्प्युटर मानिसकै ..... र ..... मा परिचालन हुने यन्त्र हो ।
- ..... लाई कम्प्युटर विज्ञानका पिताको रूपमा मानिन्छ ।
- कम्प्युटरको अर्थ ..... हो ।

४. **उदाहरण हेरी दिइएका प्राविधिक शब्दलाई वक्यमा प्रयोग गर**

उदाहरण : उपकरण - विमानहरूमा आधुनिक उपकरणहरू राखिएका हुन्छन् ।

अविष्कार, भूकम्प, मेसिन, मुद्रण, प्रयोगशाला ।

५. **शुद्ध गरेर लेख**

बिग्यान, सुचना, बिबिध, एन्त्र, सुखीरसम्पन्न, कारो बार ।

सिर्जनात्मक अभ्यास

१. "रेडियोको महत्त्व" शीर्षकमा एउटा प्रबन्ध लेखी शिक्षकलाई देखाऊ ।

२. कम्प्युटरको महत्त्वबारे साथीभाइ बीच छलफल गर ।

व्याकरण

कारक र विभक्ति

	कारक	विभक्ति चिह्न	वाक्य
१.	कर्ता	ले	हरिले पढ्यो । सविताले खाई । भाइले भन्छ ।
२.	कर्म	लाई	दिदीलाई बोलाऊ । रावणलाई मारे । साथीलाई ढाँट्छ ।
३.	करण	ले/द्वारा/बाट	(विद्यार्थी) कलमले लेख्छ । (म) मोटरबाट पोखरा जान्छु । (डाँकाहरूले) हतियारद्वारा प्रहार गरे ।

माथि कर्ता, कर्म र करण कारकका उदाहरण पढ्यौ । वाक्यमा जसले काम गर्छ त्यसलाई कर्ता, कर्ताद्वारा काम गरिंदा जसमा असर पर्छ त्यसलाई कर्म र कर्ताले काम गर्न सहयोग लिने साधनलाई करण कारक भन्दछन् । कारकहरूमा तिनीहरूका चिह्नका रूपमा जोडिने ले, लाई ..... आदिलाई विभक्ति भन्दछन् ।

तलका थप अभ्यास गर

१. **पढ र बुझ**

- राजु पसल गयो
- आस्था भात पकाउँछिन्

कर्ता र कर्मकारकमा विभक्ति नदेखिन पनि सक्छ ।

२. **तल दिइएका वाक्यहरूमा ठीक विभक्तिहरू जोडेर कपीमा सार**

- आशीष रूख रोप्यो ।
- विनम्र विनीता बोलाउँछ ।
- राम रावण हराए ।
- नेता दुईसय व्रत विपक्षी हराए ।
- अनुप हुलाक चिठी पठायो ।

३. **तल दिइएका कारक र विभक्तिका आधारमा वाक्य बनाऊ**

- ले, खेत, हली, जोत्छ हलो ।
- कृषक भिजाउँछ, ले खेत पानी ।
- एकीकरण, लाई, नेपाल, द्वारा, बाहुबल, ले पृथ्वीनारायण शाह, गरे ।
- राम, भाइ, ले, लाई, द्वारा, चिठ्ठी, बोलायो ।
- छोरो, ले, पेन्सिन, लेख्छ ।

४. **उदाहरणमा देखाएझैं तलका वाक्यहरूमा कर्ता, कर्म र करण कारकहरू छुट्याउँ**

उदाहरण :	बहिनीले कुचाले कसिङ्गर बढारिन् ।		
	कर्ता	कर्म	करण
	बहिनी	कसिङ्गर	कुचो

- जनकले समाचार सुन्यो ।
- सीता गीत गाउँछिन् ।
- हावाले पात हल्लाउँछ ।
- सूजीकार सियोले टोपी सिउँछ ।
- भावना हँसियाले घाँस काट्छिन् ।

५. कर्ता, कर्म र करण कारकमा जोडिने विभक्तिहरू कुन-कुन हुन् ?

सानो देशका ठूला समाजसेवी

"सादा जीवन उच्च विचार" को आदर्श तुलसीमेहर श्रेष्ठले आफ्नो जीवनको पलपलमा पालना गरेका थिए । भौतिक भोगविलास जीवनको लक्ष्य होइन । समाजको उन्नति र विकास सामाजिक कर्तव्य हो । सादा जीवन अँगाल्दै सबैको हित र धेरैको सुखका निम्ति केही गर्नैपर्छ भन्ने नेपालका महान् समाजसेवीमध्ये तुलसीमेहर श्रेष्ठ पनि एक थिए । सानो देश नेपालका ठूला समाजसेवी हुन्- तुलसीमेहर श्रेष्ठ । उनको जन्म वि.सं. १९५५ साल पौषमा ललितपुर जिल्लाको मेलाक्षे गाउँमा भएको थियो । गरीब परिवारमा जन्मिएर पनि तुलसीमेहरमा विचारको सम्पन्नता थियो ।

आधुनिक विश्व विकासका गतिमा निकै अगाडि बढिसके तापनि राणाहरूको जहाँनिया शासनले गर्दा नेपाल भने पछि नै परेको थियो । यहाँ राष्ट्रिय एकताको कमी, जातिवाद, छुवाछुत र वर्गविभाजन जस्ता कुराहरू छँदै थिए । समाजको यस्तो अवस्था देखेर तुलसीमेहरमा समाजको सेवा गर्ने भावना जाग्यो । उनी संगठित र विकसित समाज सृजना गर्ने कार्यमा संलग्न भए । समाजमा एकता कायम गरेर नै राष्ट्रिय एकता मजबुत बनाउन सकिन्छ भन्ने उद्देश्यले उनी जनचेतना जगाउने कार्यमा जुट्न थाले, तर राणाहरूका निम्ति त्यो कुरा सह्य भएन र तुलसीमेहर श्रेष्ठ आँखाको कसिङ्गर बन्न पुगे । परिमाणस्वरूप वि.सं. १९७५ सालमा राणा प्रधानमन्त्री श्री ३ चन्द्रशमशेरको आदेशले उनलाई ६ वर्षका लागि देश-निकाला गरियो । देश-निकालाको सजाय पाउँदा उनी ज्यादै दुःखी भए तर आफ्नो लक्ष्यबाट कत्ति पनि विचलित भएनन् ।

६ वर्षको समय तुलसीमेहरका लागि तपस्वी जीवनको समय साबित भयो । त्यस क्रममा उनी भारतमा महात्मा गान्धीका सम्पर्कमा पुगे । त्यसबेला भारतमा अंग्रेजको उपनिवेश कायम थियो । महात्मा गान्धी भारतलाई स्वतन्त्र बनाउने काममा लागेका थिए । शान्ति, अहिंसा, सेवा, स्वावलम्बन र अनुशासनजस्ता महत्त्वपूर्ण विशेषताका कारण गान्धीबाट तुलसीमेहर श्रेष्ठ निकै प्रभावित हुन पुगे ।

महात्मा गान्धीसँगको सम्पर्कले तुलसीमेहरमा समाज-सेवाप्रतिको भावना झन् बढेर गयो । भारतको स्वतन्त्रता-संग्राममा गान्धीलाई उनले केही सहयोग पनि पुऱ्याए । त्यतिखेर चर्खा आन्दोलनको महत्त्व बुझ्ने र चर्खा चलाएर धागो काल्ने तथा कपडा बुन्ने मौका पनि उनले त्यहीँ पाए ।

तुलसीमेहर वि.सं. १९८१ सालमा नेपाल फर्के र यहाँ गान्धीवादको प्रचारमा लागे । हुकुमी शासनमा त्यो काम त्यति सजिलो थिएन । त्यसैले नामका भोका श्री ३ चन्द्रशमशेरको मनोभावनालाई ध्यानमा राखी तुलसीमेहरले "श्री ३ चन्द्र-कामधेनु चर्खा प्रचारक महागुठी" नामबाट एक सामाजिक संस्थाको स्थापना गरे र त्यसमा केही सफलता पनि पाए । त्यस क्रममा उनले विदेशी कपडाको बहिष्कार र घरेलु उद्योगलाई महत्त्व दिई खाँडी कपडालाई प्रोत्साहन गरे । तर राणाहरूलाई यो कुरा पनि पचेन र श्री ३ भीमशमशेरले आर्य-समाजीको आरोप लगाएर उनलाई कारावासको सजाय दिए । नेपालमा चर्खा प्रचारमाथि पूर्ण प्रतिबन्ध लगाइयो ।

२००७ सालमा देशमा प्रजातन्त्र आयो । त्यसपछि तुलसीमेहर श्रेष्ठ पुनः समाज-सेवामा संलग्न भए । वि.सं. २००८ सालमा उनले "गान्धी स्मारक निधि" नामको अर्को सामाजिक संस्थाको पनि स्थापना गरे । त्यस संस्थाको उद्देश्य गाँस, वास, कपासको व्यवस्था मिलाउनु, रोग, भोक अशिक्षा हटाउनु र समाजको सर्वाङ्गीण विकास गर्नु थियो । यिनै कुरामा तुलसीमेहर जीवनपर्यन्त लागिरहे । उपत्यका बाहिर पनि उनले त्यस किसिमका संस्थाहरूको सञ्चालन गरे । उनको ख्याति बढ्दै गयो । भारत बाहेक अन्य मुलुकमा समेत नेपालका समाजसेवी भनेर उनी चिनिन थाले । वि.सं. २०३० सालमा श्री ३ चन्द्र कामधेनु चर्खा प्रचारक महागुठी र गान्धी स्मारक निधि नामक छुट्टा-छुट्टै सामाजिक संस्थालाई "नेपाल चर्खा प्रचारक गान्धी स्मारक महागुठी"को नामले एउटै सामाजिक संस्थाको रूपमा एकीकरण गर्ने काम तुलसीमेहरबाट भयो ।

तुलसीमेहर श्रेष्ठ शाकाहारी र स्वावलम्बी व्यक्ति थिए । उनी सधैं घरबुना खाँडीका कपडा लगाउँथे । उनको मृत्यु २०३५ साल असोज ११ गते वीर असपतालमा भयो । उनको विचार र व्यवहारको कदर गर्दै जीवित अवस्थामै भारत सरकारले तुलसीमेहरलाई अन्तर्राष्ट्रिय नेहरू पुरस्कारद्वारा सम्मानित गऱ्यो । अहिले उनका संझनामा तुलसीमेहर आश्रम, तुलसीमेहर युनेस्को क्लब, तुलसीमेहर सदन महागुठी र तुलसीमेहर समाज सेवा पुरस्कार आदिको स्थापना विभिन्न क्षेत्रबाट भएको पाइन्छ । तुलसीमेहरका आदर्शलाई हामीले पनि जीवनमा उतार्ने कोसिस गर्नुपर्छ ।

शब्द र अर्थ

वर्ग-विभाजन	:	जातिपाती र यस्तै अन्य आधारमा गरिने भेद
तपस्वी-जीवन	:	तपस्या गर्न लाग्ने जीवन, कष्टपूर्ण जीवन
उपनिवेश	:	अर्काको अधीनमा रहनु
अहिंसा	:	हिंसा नगर्ने काम, काटमार नहुनु
मनोभावना	:	मनको भावना, मनको कुरा
बहिष्कार	:	त्याग
खाँडी	:	गाउँ-घरमा बुनिने खस्रो कपडा
आर्य-समाजी	:	आर्य-समाजको अनुयायी, आर्य समाजको सिद्धान्त मान्ने
प्रतिबन्ध	:	रोक, निषेध
सर्वाङ्गीण	:	चौतर्फी, सबैतिरको
जीवन-पर्यन्त	:	बाँचुन्जेल, जीवन रहेसम्म
शाकाहारी	:	सागपात खाने, माछा-मासु नखाने वर्गको
घरबुना	:	घरमा बुनिएको
कारावास	:	जेल, झ्यालखाना,
स्वतन्त्रता-संग्राम	:	स्वतन्त्र बनाउने उद्देश्यले गरिने आन्दोलन वा संघर्ष

अभ्यास

१. **तलका प्रश्नको उत्तर देऊ**

- तुलसीमेहरले समाज-सेवा गर्ने प्रेरणा कसरी प्राप्त गरे ?
- राणाहरूका नजरमा तुलसीमेहर किन आँखाको कसिङ्गर बने ?
- महात्मा गान्धीसँग तुलसीमेहरको सम्पर्क कसरी हुन पुग्यो ?
- महात्मा गान्धीका के-कस्ता गुणहरूबाट तुलसीमेहर प्रभावित भए ?
- तुलसीमेहरले गरेका समाजसेवासम्बन्धी कामहरूको सूची बनाऊ ।
- तुलसीमेहरको जीवनी पढेर के कुरा सिक्न सकिन्छ ?
- तुलसीमेहरको संझनामा नेपालमा अहिले के-कस्ता संस्थाहरू स्थापित भएका छन् ?

२. **तात्पर्य स्पष्ट गर**

- सादा जीवन उच्च विचार
- तुलसीमेहर सानो देश नेपालका ठूला समाजसेवी हुन् ।

३. **खाली ठाउँ भर**

- तुलसीमेहरको जन्म ..... मा भएको थियो ।
- तुलसीमेहरले ..... नामबाट पहिलो सामाजिक संस्थाको स्थापना गरे ।
- भारत सरकारले तुलसीमेहरलाई ..... ले सम्मानित गऱ्यो ।
- तुलसीमेहर सधैं ..... का कपडा लगाउँथे ।
- भारतबाहेक अन्य मुलुकमा समेत ..... भनेर उनी चिनिन थाले ।

४. **सुन र लेख**

जहाँनिया शासन, सर्वाङ्गीण विकास, प्रजातन्त्र, तुलसीमेहर समाज-सेवा पुरस्कार, राष्ट्रिय एकता, छुवाछुत ।

५. **ठीक-बेठीक छुट्याऊ**

- भौतिक भोग-विलास जीवनको लक्ष्य होइन ।
- चन्द्रशमशेरले तुलसीमेहरलाई कारावासको सजाय दिएका थिए ।
- तुलसीमेहर भारतका जवाहरलाल नेहरूको जीवन-दर्शनबाट प्रभावित थिए ।
- तुलसीमेहरले महात्मा गान्धीलाई भारतको स्वतन्त्रता-संग्राममा सहयोग पुऱ्याएका थिए ।
- तुलसीमेहरले विदेशी कपडालाई बहिष्कार र घरबुना खाँडी कपडालाई प्रोत्साहन गरेका थिए ।

६. **वाक्यमा प्रयोग गर**

उन्नति, सजाय, अहिंसा, आरोप, आदर्श ।

सिर्जनात्मक अभ्यास

१. तिम्रा गाउँठाउँका एक समाजसेवीको परिचय दिँदै उनले गरेका समाजसेवासम्बन्धी कामको टिपोट गरी कक्षामा सुनाऊ ।

२. गाउँघरको उन्नतिका निम्ति के-कस्ता कामहरू गर्न सकिन्छ, आपसमा छलफल गर ।

व्याकरण

अव्यय: (ख) क्रियायोगी

रमेश त्यता गयो ।	स्थानवाचक
ऊ यहाँ आएको छैन ।	
बाहिर नबस ।	
प्रशान्त हिजो आयो ।	समयवाचक
घाम आज लागेनन् ।	
अनिल भोलि जान्छ ।	
ऊ टुप्लुक्क आयो ।	रीतिवाचक (क्रिया-विशेषण)
साँझ झमक्क पऱ्यो ।	
बाटामा सुस्तरी हिँड ।	

> क्रियापदसँग सम्बन्ध राखेर प्रयोग हुने अन्यय शब्दलाई क्रियायोगी भन्दछन् ।
> क्रियायोगी अव्ययमध्ये कतिले क्रियाको विशेषता पनि बुझाउँछन् ।

तलका थप अभ्यास गर

१. पढ र बुझ

- क्रियायोगी:- भित्र ,बाहिर, तल, माथि, अघि, पछि, त्यहाँ, त्यता, यता, उता ।
- समयवाचक क्रियायोगी:- हिजो, आज, भोलि, पर्सि, जब, तब, आदि ।
- रीतिवाचक क्रियायोगी:- राम्ररी, बिस्तारै, सरर, पिलपिल, बिछट्ट, त्यसरी, टुप्लुक्क, फरफर, कपाकप, सर्सर्ती, आलेटाले ।

२. तिमीले पढेका कुनै पनि पाठबाट १५ ओटा क्रियायोगी शब्द खोजेर कपीमा टिप ।

३. पाँच-पाँचओटा क्रियायोगी शब्द लेख

- स्थानवाचक -
- समयवाचक -
- रीतिवाचक -

४. वाक्यमा प्रयोग गर

गमक्क, अबेर, उता, पर्सि, हिजो ।

५. उदाहरणसहित क्रियायोगी अव्ययको परिचय देऊ ।

६. क्रियायोगी र नामयोगी छुट्याऊ

सँगा, भित्र, पट्टि, तिर, त्यता, त्यहाँ, यहाँ, सम्म, तर्फ, आज ।

"शहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ"

(एउटा सभाकक्ष, भित्रको वातावरण निकै रमझमपूर्ण र खचाखच छ। मन्चमा कुर्सी, टेबुल, बोल्ने ठाउँ - सबै दुरुस्त छन् । स्रोताका रूपमा विद्यार्थीहरू अनुशासित ढंगले आ-आफ्ना ठाउँमा बसेका छन् - वातावरण गम्भीर छ ।)

ठीक १२ बज्यो, प्रमुख अतिथिलाई स्वागत गर्दै प्रधानाध्यापक मन्चतिर बढ्छन्, उता नेपाली विषयका गुरु निरञ्जन श्रेष्ठ उद्घोषण सुरु गर्छन् र प्रमुख अतिथि, प्रधानाध्यापक तथा निर्णायकहरूलाई निर्धारित कुर्सीमा बस्न अनुरोध गर्छन् । प्रधानाध्यापकले सभापतिको आसन ग्रहण गर्छन् । त्यसै विद्यालयका एकजना नेपालीका, एकजना विज्ञान र एकजना सामाजिक शिक्षाका शिक्षकहरू निर्णायक बनाइएको कुरा जानकारी गराइन्छ ।

उद्घोषकले वादविवादको विषय र पक्ष-विपक्षमा बोल्ने विद्यार्थीहरूले पालना गर्नुपर्ने नियम पनि सुनाउँछन्, तीमध्ये मुख्य-मुख्य नियम यस प्रकार छन् -

(क) प्रत्येक वक्तालाई ५ मिनेटको समय दिइन्छ, ४ मिनेटमा पहिलो घण्टी बज्छ र निष्कर्षतिर लाग्नुपर्छ ।

(ख) व्यक्तिगत आक्षेप, गालीगलौज र अशिष्ट भाषाको प्रयोग गर्नुहुँदैन ।

(ग) आ-आफ्ना पक्षमा पुष्ट तर्कहरू दिएर विपक्षका तर्कको खण्डन गर्नुपर्छ ।

(घ) समयको ख्याल राम्ररी गर्नुपर्दछ, अनावश्यक कुरा गरेर समय खेर फाल्नु हुँदैन ।

समय-पालकमा पि.टि. शिक्षक दिनेश सुब्बा रहेका छन् ।)

उद्घोषक - शहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ' - विषयको पक्षमा आफ्ना तर्क प्रस्तुत गर्न सीमा भट्टचन आउँदै छिन् । (सीमा भट्टचन मञ्चतिर लाग्छिन्- सभाबाट जोडदार ताली बज्छ ।)

सीमा भट्टचन -

आदरणीय सभापतिज्यू, सम्मानित प्रमुख अतिथिज्यू, गुरु-वर्ग, निर्णायकज्यूहरू र प्यारा साथीहरू,

'शहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ' भन्ने विषयमा हुन लागिरहेको यस वादविवाद प्रतियोगितामा म पक्ष अर्थात् गाउँले जीवन सुखी हुन्छ भन्ने पक्षबाट आफ्ना तर्क प्रस्तुत गर्दैछु । शहरिया जीवनभन्दा गाउँले जीवन कता हो कता सुखी हुन्छ भन्ने कुरा जून र घामजस्तै छर्लङ्ग भएकाले त्यस पक्षमा तर्कहरू अघि सार्न पाउँदा कता-कता अपार आनन्दको अनुभव गर्न पुगेकी छु ।

शान्त, सफा र निश्छल अनि कर्मशील र स्वावलम्बी जीवनलाई हामी गाउँले जीवन भन्न सक्तछौं । त्यस विपरीत समस्यै समस्या, स्वार्थ र उदासीनतामा पिल्सिएको जीवन शहरिया जीवन हो । यी दुईको दाँजोमा कुनचाहिँ जीवन सुखी हुन्छ भन्ने कुरा ठम्याउनु नै यस विषयको मुख्य लक्ष्य देखिन्छ । फेरि, सुखको परिभाषा पनि के हो, त्यो त अनुभूतिमा मात्र सीमित छ तर मोटामोटी रूपमा सबैको हित हुने कुरामा लागिपर्दै जीवनका निम्ति आवश्यक वस्तु र सेवाहरू उपलब्ध गरी सागसिस्नो नै भए पनि आनन्दित मनले खान पाउनु वास्तविक सुख हो । यस्तो सुख वास्तवमै गाउँले जीवनमा मात्र संभव हुन्छ ।

शहरिया जीवन स्वार्थको भण्डार हो । अर्काको बेवास्ता गरी आफू मात्र सुविधा लिऊँ भन्ने प्रवृत्ति शहरिया जीवनको चिनारी हो र त्यस्तो जीवन कुनै हालतमा पनि सुखी

हुन सक्दैन । यसरी हेर्दा शहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ भन्ने कुरा स्वत: सिद्ध हुन्छ ।

हुन त मेरा विपक्षका साथीहरूले मोजमज्जायुक्त, रमझमपूर्ण, भौतिक सुविधा सम्पन्न शहरिया जीवन नै सुखी हुन्छ भन्ने तर्क गर्नुहोला, तर जीवनको मूल्य त्यतिमात्र होइन भन्ने कुरा उहाँहरूले बुझ्न सक्नुपर्दछ । संसारका ठूलठूला विचारक, विद्वान्, कवि-लेखक र भावुक प्रकृतिका मानिसहरूले शहरिया जीवनको प्रशंसा गरेका छैनन् बरु उल्टै "ब्याक टु नेचर" (प्रकृतितिर फर्क) भन्ने सन्देश दिएका छन्, के यस कुराले पनि प्राकृतिक पनले भरिएको गाउँले जीवन सुखी हुन्छ भन्ने कुरा प्रमाणित हुँदैन ?

(पहिलो घण्टी बज्छ, सीमा सतर्क हुन्छिन्)

तसर्थ, हामी विगत हेरौं कि, वर्तमान - शहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ । अझ नेपालजस्ता गाउँ नै गाउँले भरिएका देशमा त गाउँले जीवनको वास्तविक सुख बताउन पनि सकिन्न, त्यसका लागि शहरको सीमा नाघेर गाउँको जीवनमा घुलमिल गर्न सक्नुपर्छ । साँचो सुख तर्कले होइन, अनुभूतिले प्राप्त गर्न सकिन्छ । यी सम्पूर्ण कुराको एउटै निचोड निस्कन्छ - शहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ । (दोस्रो घण्टी बज्छ) यति भन्दै समय सकिएकाले म आफ्ना कुरा टुङ्ग्याउँछु । धन्यवाद ।

(सभाबाट ताली बज्छ)

उद्घोषक - अब 'शहरिया जीवन सुखी हुन्छ' भन्ने पक्षमा आफ्ना तर्क अघि सार्न श्याम रंजितलाई निम्त्याउँछु । (सभाबाट ताली बज्छ)

श्याम रञ्जित -

श्रद्धेय सभापतिज्यू, प्रमुख अतिथिज्यू, निर्णायकवर्ग, आदणीय गुरुजन तथा मेरा प्यारा साथीहरू !

आजको यस वाद-विवाद प्रतियोगितामा म विषयको विपक्ष अर्थात् गाउँले जीवनभन्दा शहरिया जीवन सुखी हुन्छ भन्ने पक्षमा आफ्ना विचारहरू प्रस्तुत गर्न तम्सिरहेको छु । सबैले

भोग्दै आएको शहरिया जीवनको सुखलाई मेरा विपक्षी मित्रहरूले दुःखमा बदलिदैमा त्यो स्वीच थिच्नासाथ बत्ती बलेजस्तै दुःखमा परिणत हुन्छ भन्ने कुरा म सोच्न पनि सक्दिन । बरु गाउँले जीवनका दुःखका कहालीलाग्दा दिनहरूबाट अतास्सिएर शहरी जीवनको चौतर्फी सुखमा भुल्न पाल्नुभएका मेरा सम्पूर्ण मित्रहरूको स्वागत गर्दै शहरिया जीवनको वास्तविक सुख-स्वर्गतर्फ यहाँहरूलाई डोऱ्याउन चाहन्छु ।

शहर मानिसको सभ्यताको प्रतीक हो । सम्पूर्ण ज्ञान र विज्ञानको सार भन्नु नै आजको विश्वका सुन्दर नगरी हुन् । सम्पूर्ण भौतिक सुविधासम्पन्न र चेतनाले भरिपूर्ण शहरको जीवनलाई शहरिया जीवन भनिएको हो र त्यहाँको जीवन नै सुखी हुन्छ भन्ने कुरा भनिरहनु पर्दैन ।

सुख, सुख भनेको के हो ? यसलाई जसरी पनि अर्थ्याउन सकिन्छ । कोही कल्पनाको सुखलाई सुख भन्छन्, कोही घर-व्यवहार छाडी खरानी घसेर हिँड्नुलाई सुख भन्दछन् त कोही अनुशासनको घेरा तोड्नुलाई सुख भन्दछन्, तर हामीले व्यावहारिक रूपमा बुझ्ने गरेको सुखचाहिँ मानिसलाई शारीरिक श्रमबाट मुक्त गराई भौतिक सर-साधन र सुविधाहरू उपलब्ध हुनु हो । पसिना काढेर खुइय्य गर्दै हिँड्नु पर्ने ठाउँमा सरर्र मोटरमा गुड्न पाइने, घरैभित्र धारा खोलेर पानीले नुहाउन पाइने, मन लागेको वस्तु किनेर खान-लाउन पाइने, औषधी उपचार गर्नुपर्दा टेलिफोनका भरमा घरैमा डाक्टर झिकाउन सकिने, रातको अन्धकारमा झलमल्ल घामझैं बिजुली बत्ती बल्ने, सुती-सुती टेलिभिजनबाट संसार हेर्न पाइने अनि लेखपढका निम्ति टोलैपिच्छे विद्यालय पाइने - के हामीले खोजेको सुख र सुविधा यही होइन ? ती सम्पूर्ण सुख-सुविधाहरू शहरिया जीवनमा मात्र सम्भव हुन्छ ।

अर्कातिर गाउँले जीवनलाई हेरौं- अज्ञानको अन्धकारमा रुमल्लिएर, थोत्रा-थाङ्ना र धुलो मैलोमा लटपटिएको, चेतनाशून्य, एकोहोरो कामको हुटहुटीमा रमाउने जीवन कुनै हालतमा पनि सुखी हुन सक्दैन र त्यसको एकमात्र प्रमाण आज गाउँ छाडेर मानिसहरू शहर तर्फ ओइरिने प्रवृत्तिले नै त्यहाँको जीवन कति दुःखलाग्दो, दयालाग्दो र उराठलाग्दो हुन्छ भन्ने कुरा प्रमाणित हुँदैन ? मेरा विपक्षी मित्रहरूले शहरिया जीवनलाई बुझ्दै नबुझी विभिन्न लान्छना लगाउनुभयो, त्यो देख्ता उहाँको अज्ञानताप्रति म खालि सहानुभूति मात्र व्यक्त गर्न सक्छु ।

स्कूल बस छुट्दा विद्यालय जानै छाडिदिने मेरा विपक्षी मित्रको गाउँले जीवन प्रतिको मोह केवल देखावटी मोह हो, सक्कली मोह त उहाँले गाउँले जीवनलाई बाइ-बाइ गरी शहर पसेर नै देखाइसक्नुभएको छ । यी सम्पूर्ण तथ्यहरूको सम्झना गर्ने हो भने, गाउँले जीवनभन्दा शहरिया जीवन कैयौं गुना बढी सुखी हुन्छ भन्ने कुरा निश्चित रूपले भन्न सकिन्छ । (पहिलो घण्टी बज्छ - श्याम झस्कन्छन्)

अन्त्यमा, जीवनलाई जसो गर्दा सजिलो हुन्छ हामी त्यसैलाई सुख भन्दछौं र हामीले चाहेजस्तो सुख शहरिया जीवनमा मात्र सम्भव हुन्छ । आजको युगको महत्त्वलाई नबुझेर 'साग र सिस्नु खाएको बेस आनन्दी मनले' भन्नु केवल भावुकताको कुरा मात्र हो- यथार्थ जीवनको सुख चाहिँ शहरिया जीवनको सुख हो । (दोस्रो घण्टी बज्छ) यति भन्दै आफ्नो समय सकिएकाले बिदा हुन्छु, धन्यवाद (सभाबाट जोडदार ताली बज्छ)

उद्घोषक - हामीले पक्ष र विपक्षका खँदिला तर्कहरू सुन्यौं । अब फेरि पक्षबाट आफ्ना तर्कहरू प्रस्तुत गर्न म मणिराम ढुङ्गानालाई निम्त्याउँछु । (सभाबाट जोडदार ताली बज्छ)

मणिराम ढुङ्गाना -

सभापतिज्यू, प्रमुख अतिथिज्यू, गुरु-वर्ग, निर्णायकज्यूहरू र प्यारा-प्यारा साथीहरू,

शहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ भन्ने विषयको वाद-विवाद प्रतियोगितामा म गाउँले जीवन सुखी हुन्छ भन्ने पक्षबाट आफ्ना तर्कहरू राख्दै छु । हामी भौतिक रूपले सम्पन्न हुनेबित्तिकै मानिस सुखी हुन्छ भनेर भन्न सक्दैनौं । वास्तवमा भित्रैदेखि नै सुख र सन्तोषको अनुभव गर्न नसक्ने मानिसलाई सुखी मान्न सकिदैन । त्यस्तो सुख गाउँले जीवनमा मात्र प्राप्त हुन सक्तछ ।

शहरिया जीवन एकलकाँटे हुन्छ तर गाउँले जीवन सामूहिक भलाइका निम्ति अग्रसर हुन्छ । शहरहरू त आजभोलि प्रदूषित हुन थालेका छन् र त्यसको असर मानव-मस्तिष्कमा समेत पर्न थालेको छ । शहरतिर मानिसलाई सजिलोसँग सास फेर्न पनि कठिन छ भने त्यहाँको जीवन कसरी सुखी हुन्छ ? "हेल्थ इज वेल्थ" भन्ने भनाइलाई हामी कदापि बिर्सन सक्दैनौं । (स्वास्थ नै धन हो)

नक्कली कुरामा रमाएर शहरिया जीवनलाई सुखी देख्नु- थुप्रो ठूलो देखेर सुनभन्दा फलाम उत्तम हो भन्नुजस्तै हास्यास्पद कुरा हो । अर्काको भरमा बाँच्ने र आगो बालेपछि सामल किन्न हिँड्ने शहरिया जीवन कुनै हालतमा पनि सुखी हुन सक्दैन । जहाँ मानिस मानिसका बीच आत्मीयता नै छैन त्यहाँ कहाँबाट सुख हुन्छ ? असन्तोष, आक्रोश, पीडा र निराशामा बाँचेको शहरिया जीवनमा सन्तोषं परमं सुखम् भन्ने कुरा कहाँ सम्भव छ र ? मेरा विपक्षी मित्रले विभिन्न सुविधाको बयान गर्दै शहरिया जीवनलाई सुखी ठान्नुभयो, तर ती सुविधाहरू कुनै कारणले एकदिन मात्र बन्द भइदिँदा शहरिया जीवनको सुख कहाँ पुग्छ ? एकछिन बत्ती नआउँदा र धारामा पानी नचुहुँदा शहरिया जीवनको सुख-स्वर्गमा रमाउन चाहने मेरा मित्रको सपना उडेर कता पुग्छ ? गाउँले जीवनलाई असभ्य, एकोहोरो भनेर निन्दा गर्ने मेरा मित्रले त्यस जीवनको स्वच्छता, इमानदारी र निष्कपट बानीलाई किन बिर्सनुभएको हो ? (पहिलो घण्टी बज्छ) यी कुराको विचार गर्दा शंहरिया जीवनभन्दा गाउँले जीवन धेरै सुखी हुन्छ । (दोस्रो घण्टी बज्छ) यति भन्दै मेरा कुरा टुङ्ग्याउँछु (ताली बज्छ) ।

(त्यसपछि उद्घोषकले क्रमशः निर्णायकहरूको निर्णय, प्रमुख अतिथिको मन्तव्य, पुरस्कार वितरण तथा सभापतिको वक्तव्यसहित सभा विसर्जन गर्न अनुरोध गर्छन् र ती काम सम्पन्न भएपछि वाद-विवाद प्रतियोगिता समाप्त हुन्छ ।)

शब्द र अर्थ

सभा-कक्ष	:	सभा गर्ने कोठा
उद्घोषण	:	विशेष कुराको घोषणा, कार्यक्रम सञ्चालन सम्बन्धी घोषणा
अशिष्ट	:	असभ्य, खराब आचरणको
समय-पालक	:	समय हेर्ने व्यक्ति
अपार	:	पार पाइनसकिने
निश्छल	:	छलकपट नभएको
कर्मशील	:	काममा व्यस्त रहने

स्वावलम्बी	:	आफ्नै बलबुतामा अडिने वा रहने
स्वतः सिद्ध	:	आफैं सिद्ध भएको
कहालीलाग्दो	:	डरलाग्दो, कहालिनुपर्ने
अतास्सिएर	:	आत्तिएर
नगरी	:	नगर, शहर
हुटहुटी	:	लागिपर्ने बानी; दायाँ-बायाँ नसोची आफ्नै सुरमा चल्ने प्रवृत्ति
एकलकाँटे	:	अरूको मतलब नराखी एक्लै बाँच्ने किसिमको
हास्यास्पद	:	हाँसो उठ्दो
निष्कपट	:	कपट नभएको, सरल वा सीधा
दिवा-स्वप्न	:	काल्पनिक सुख
आत्मीयता	:	आत्मादेखि नै आफ्नो भन्ने भावना

अभ्यास

१. **तलका प्रश्नहरूको उत्तर देऊ**

- वाद-विवाद प्रतियोगितामा पालन गर्नुपर्ने मुख्य-मुख्य नियमहरू के-के हुन् ?
- सीमा भट्टचनले व्यक्त गरेका मुख्य-मुख्य तर्कहरू के हुन् ?
- शहरिया जीवन सुखी हुन्छ भन्नेबारे पक्षका साथीले कस्ता तर्क दिएका छन् ?
- सन्तोषं परमं सुखम् - को आशय के हो ?
- शहरिया जीवनको प्रशंसा नगरिनाको कारण के हो ?

२. **'शहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ'** भन्ने वाद-विवाद प्रतियोगितामा व्यक्त गरिएका पक्ष-विपक्षका विचारमध्ये तिमी कुन विचारसँग सहमत छौ र सहमत हुनाको कारण के हो, आफ्नै तर्कसहित स्पष्ट गर ।

३. **भाव स्पष्ट गर**

- स्वास्थ्य नै धन हो ।
- शहर मानिसको सभ्यताको प्रतीक हो ।

४. तलका भनाइ कसले, किन भनेको हो ?

- नेपालजस्ता गाउँ नै गाउँले भरिएका देशमा त गाउँले जीवनको वास्तविक सुख बताउन पनि सकिन्न ।
- साग र सिस्नु खाएको बेस आनन्दी मनले भन्नु केवल भावनाको कुरा मात्र हो ।
- जहाँ मानिस मानिसका बीच आत्मीयता नै छैन त्यहाँ कहाँबाट सुख हुन्छ ?

५. शहरिया जीवनको सुखका सम्बन्धमा श्याम रंजितले व्यक्त गरेको दोस्रो अनुच्छेद पढेर कक्षामा सुनाऊ

६. उस्तै अर्थ दिने अर्को शब्द (पर्यायवाची शब्द) लेख

उदाहरण: गुरु - शिक्षक
सभापति - अध्यक्ष
अतिथि -
मित्र -
संसार -
उत्तम -
बयान -
पीडा -
प्रमुख -

७. शुद्धसँग लेख

पुस्टी, पछ्यमा, बिपक्ष्य, कर्म सील, बास्तबमा, आदरनिय, सहरियाजीवन, स्वास्थ, यथार्थ, येकजना ।

सिर्जनात्मक अभ्यास

१. "धनभन्दा विद्या ठूलो" भन्ने विषयमा कक्षाका साथीहरू पक्ष-विपक्षमा बाँडिएर वाद-विवाद गर ।

२. "बल ठूलो कि बुद्धि ठूलो ?" भन्ने विषयमा दुवै पक्षका खँदिला तर्कहरू राखी वाद-विवादको नमुना प्रस्तुत गर ।

व्याकरण

विराम चिन्ह

यो हाम्रो विद्यालय हो ।
६ कक्षामा धेरै विद्यार्थीहरू छन् । (।) पूर्णविराम चिन्ह

तिम्रो झोला कस्तो छ ?
तिमीलाई कस्तो रङ मन पर्छ ? (?) प्रश्न चिन्ह

राम, श्याम र गोपाल घर गए ।
राम आएछ, श्यामलाई थाहा भएन । (,) अल्प-विराम

अहो ! बाटामा कत्रो सर्प रहेछ !
श्याम तँ यसपल्ट प्रथम श्रेणीमा प्रथम भइछस् नि ! (!) उद्गार चिन्ह

- वाक्य पूरा भएपछि पूर्णविराम चिन्हको प्रयोग गर्नु पर्दछ । जस्तै - मनीषा फूल टिप्छिन् ।
- कुनै विषयको जानकारीका लागि प्रश्न गर्दा प्रश्न चिन्हको प्रयोग गरिन्छ । जस्तै- तिमीसँग कति रुपैयाँ छ ?
- पदहरू र वाक्यका बीचमा छोटो अडानका लागि प्रयोग गरिने चिन्ह अल्प-विराम चिन्ह हो । जस्तै- रमा, रामा र रमिता आइपुगे ।
- हर्ष, विस्मात, घृणा, आश्चर्य आदि मनको भाव बुझाउन र सम्बोधनमा उद्गार चिन्हको प्रयोग हुन्छ । जस्तै- छि ! त्यस्तो फोहोरी काम पनि गर्नुहुन्छ !

तलका थप अभ्यास गर

१. खाली ठाउँमा कोष्ठभित्रको ठीक चिन्ह राख

- हरि विद्यालय आएको छैन ..... (। , !)
- आम्मै .... कस्तो अचम्मको कुरा सुनायौ । (? , !)
- आज पानी पर्लाजस्तो थियो ..... पर्न भने सकेन । (। , ?)
- तिमीलाई मनपर्ने साथीको नाम के हो ..... (! , ? , ।)

२. जोडा मिलाऊ

प्रश्नवाचक चिन्ह	।
उद्गार चिन्ह	?
अल्प-विराम चिन्ह	!
पूर्ण-विराम चिन्ह	,

३. चिन्ह प्रयोग गर

आमा राम श्याम र हरि विद्यालय गएछन् के अझै भात पाकेको छैन

४. प्रश्नवाचक र उद्गार चिन्ह प्रयोग गरी पाँच-पाँचओटा वाक्य बनाऊ ।

५. परिचय देऊ

- पूर्णविराम चिन्ह =
- प्रश्नवाचक चिन्ह =
- अल्प-विराम चिन्ह =
- उद्गार चिन्ह =

६. अघिल्ला पाठहरूमा माथि बताइएका विभिन्न चिन्हहरूको प्रयोग भएको छ, ती पाठहरूबाट ती चिन्हहरू प्रयोग भएका पाँच-पाँच ओटा वाक्य कापीमा सार ।

नाटककार जर्ज बर्नार्ड शा

अङ्ग्रेजी नाटककार जर्ज बर्नार्ड शा सेक्सपियरपछिका महान् नाटककार मानिन्छन्। उनको जन्म सन् १८५६ जुलाइ २६ का दिन आयरलैण्डको डब्लिनमा भएको हो। आर्थिक अभावले गर्दा उनको बाल्यकाल सुखमय हुन सकेन। उनका पिता जर्जकार शा अदालतका सामान्य कर्मचारी थिए। जागिर छाडेपछि उनले सानोतिनो व्यापार पनि गरे तर आर्थिक अवस्था सुधिएन। बर्नार्ड शाकी आमा सफल गायिका थिइन्, उनले नै शालाई प्रारम्भिक शिक्षा दिएकी हुन्। सङ्गीतप्रतिको केही ज्ञान र अभिरुचिले उनलाई साहित्यिक क्षेत्रमा प्रवेश गर्ने प्रेरणा मिलेको हो।

जर्ज बर्नार्ड शाले पन्ध्र वर्षको उमेरसम्म डब्लिनको विद्यालयमा अध्ययन गरे र चार वर्ष जति त्यहीं एउटा प्राइवेट कम्पनीमा काम गरे। उनका आमा-बाबु र परिवारका अन्य सदस्यहरू सन् १८७२ मै लण्डनतर्फ बसाइँ सरिसकेका थिए। सन् १८७६ मा बर्नार्ड शा पनि उतैतर्फ लागे। त्यहाँ उनले सुरुमा सङ्गीत र नाटकसम्बन्धी विषयमा समालोचनात्मक लेखहरू लेख्न र छपाउन थाले तर त्यति सफलता पाउन सकेनन्। त्यसपछि उनले निबन्ध लेख्न सुरु गरे, यसमा भने केही सफलता मिल्यो। बर्नार्ड शाको बाल्यकाल जसरी दुःखमा बित्यो, त्यसरी नै निकै ठूलो हुन्जेलसम्म उनले आमाको कमाइमा बाँच्नु पर्‍यो। आर्थिक व्यवस्था मिलाउन निकै मिहेनत गर्नुपर्‍यो। उनी साहित्यिक क्षेत्रबाहेक आर्थिक, राजनीतिक, सामाजिक र धार्मिक क्षेत्रमा समेत गहिरो रुचि राख्थे। उनले कतिपय राजनीतिक संस्थाको सदस्यका रूपमा पनि काम गरेका थिए। खासगरी "प्रोग्रेस एण्ड पोभर्टी"का लेखक हेनरी जर्ज लण्डनमा आएका बेला त्यहाँ उनले अर्थ व्यवस्थासम्बन्धी एउटा महत्त्वपूर्ण भाषण दिएका

थिए । त्यही भाषणबाट प्रभावित भएर बर्नार्ड शाले समाजवादी दृष्टिकोण अँगाले । यसै प्रभावले गर्दा उनका साहित्यिक रचनामा समाजवादी दृष्टिकोण पाइन्छ र समाज पूँजीवादबाट समाजवादतिर परिवर्तन हुनुपर्दछ भन्ने उनको विचार देखिन्छ ।

जर्ज बर्नार्ड शा समाजको आर्थिक अवस्थामा सुधार हुनुपर्दछ भन्ने विचार राख्थे । गरीबको उत्थान गरेर नै गरिबी हटाउन सकिन्छ भन्ने उनको धारणा थियो ।

जर्ज बर्नार्ड शा विश्वकवि शेलीबाट निकै प्रभावित थिए । यसै आधारमा उनी शाकाहारी बने । रक्सी र धूम्रपानजस्ता कुलतबाट पनि उनी टाढा थिए । असल समाजको निर्माण गर्न असल कानुनको भन्दा असल व्यक्तिको बढी महत्त्व हुन्छ । असल व्यक्तिले असल कानुन बनाउँछ तर असल कानुनबाट असल समाजको निर्माण हुन्छ नै भनेर ठोकुवा गर्न सकिन्न भन्ने उनको विचार थियो ।

सन् १८८५ पछि जर्ज बर्नार्ड शा नाटक लेख्ने काममा मात्र बढी संलग्न भए । नाटक लेख्नुभन्दा पहिले उनले केही उपन्यास पनि लेखेका थिए तर त्यसमा पनि त्यति सफलता पाउन सकेनन् र उपन्यास लेखनबाट उनलाई सन्तुष्टि पनि मिलेन । अङ्गेजी साहित्यमा उनको प्रभाव बढेर गयो । नाटक लेख्न थालेपछि भने उनले निकै सफलता पाए । अङ्ग्रेजी भाषामा साना-ठूला गरेर पचासभन्दा बढी सङ्ख्यामा नाटकहरू लेखेर उनले अङ्ग्रेजी साहित्यको विकासमा ठूलो योगदान दिए । उनको पहिलो नाटक "विडोवर्स हाउस" हो । उनका "आर्म्स एण्ड द म्यान", "म्यान एण्ड सुपर म्यान" र "द अपल कार्ट" विश्व-प्रसिद्ध नाटक मानिन्छन् । उनका कति नाटकहरू विश्वका विभिन्न भाषामा अनुवाद पनि गरिएका छन् ।

उनका नाटकहरू मानव-हृदयलाई छुने खालका छन् । मानिसले भोगेका जटिल समस्यामा आधारित बर्नार्ड शाका नाटकमा भाव र अर्थको सामञ्जस्य र भाषाको मिठास पाइन्छ । उनको स्थान अङ्ग्रेजी साहित्यका आधुनिक नाटककारमध्ये अग्रपङ्क्तिमा सुरक्षित छ ।

बर्नार्ड शाले सन् १९३१ पछि तत्कालिन सोभियत रुस लगायत विश्वका केही मुलुकहरूको भ्रमण पनि गरे । महान् विचार र आत्मा भएका शा 'वसुधैव कुटुम्बकम्' को

सिद्धान्तमा विश्वास गर्थे र पशु-पक्षी पनि मानिस सरहका प्राणी हुन् ती कसैका भोजनका लागि सृष्टि भएका होइनन् भन्ने उनको विचार थियो । बर्नार्ड शाका यस्तै विचारपूर्ण साहित्यिक कृतिको कदर गरेर नै उनलाई सन् १९५० को साहित्यतर्फको नोबेल पुरस्कार द्वारा सम्मानित गरियो । अन्ततः सन् १९२५ मा ९५ वर्षको उमेरमा उनको निधन भयो । उनको जीवनी पढेर हामीहरू प्रतिभा र योग्यताका सामु अरू-अरू समस्याले केही लछार्न सक्दैनन् भन्ने कुरा स्पष्ट रूपमा बुझ्न सक्दछौं ।

शब्द र अर्थ

आधुनिक	:	आजभोलिको आधुनिक मान्यताको
नाटककार	:	नाटक लेख्ने व्यक्ति
समालोचनात्मक	:	कुनै रचनाको गुण र दोष केलाउने किसिमको
आत्म-सन्तुष्टि	:	आफूलाई भित्रबाट प्राप्त हुने सन्तोष
समाजवाद	:	समाजका गरीब मानिसको हित गर्नुपर्छ भन्ने सिद्धान्त
पूँजीवाद	:	समाजमा पूँजी भएका मानिसको महत्त्व बताउने सिद्धान्त
जटिल	:	अप्ठ्यारो
वसुधैव कुटुम्बकम्	:	पृथ्वी नै नाता वा परिवार हो भन्ने मान्यता
प्रारम्भिक	:	सुरुको प्रारम्भको
ठोकुवा	:	किटेर भन्ने किसिमको
विचारपूर्ण	:	असल विचारले युक्त
लछार्नु	:	विशेष प्रभाव पार्नु
अग्रपङ्क्ति	:	अघिल्लो हार वा ताँती

अभ्यास

१. तलका प्रश्नको उत्तर लेख

- बर्नार्ड शाको बाल्यकाल दुःखमय हुनाको कारण के थियो ?
- बर्नार्ड शामा साहित्यप्रतिको अभिरुचि कसरी जाग्यो ?
- बर्नार्ड शाका रचनामा समाजवादी दृष्टिकोण पाइनाको कारण के हो ?
- बर्नार्ड शाका प्रसिद्ध नाटकहरू कुन-कुन हुन् ?

- बर्नार्ड शाका नाटकमा के-कस्ता विशेषता पाइन्छन् ?
- पशुपन्छीका बारेमा बर्नार्ड शाको विचार कस्तो थियो ?
- साहित्यबाहेक अरू कुन-कुन क्षेत्रमा बर्नार्ड शा रुचि राख्दथे ?
- बर्नार्ड शाको जीवनी पढेर के-कस्तो प्रेरणा पाइन्छ ?

२. **पढ र बुझ**

- असल समाजको निर्माण गर्न असल कानूनको भन्दा असल व्यक्तिको बढी महत्त्व हुन्छ ।
- गरीबको उत्थान गरेर नै गरीबी हटाउन सकिन्छ भन्ने बर्नार्ड शाको विचार थियो ।
- महान् विचार र आत्मा भएका बर्नार्ड शा वसुधैव कुटुम्बकम्को सिद्धान्तमा विश्वास गर्थे ।

३. **कोष्ठकभित्रबाट ठीक शब्द छानी खाली ठाउँ भर**

- जर्ज बर्नार्ड शाको जन्म आयरलैण्डको ..... मा भएको हो । (लण्डन, डब्लिन, रुस)
- बर्नार्ड शा विश्वकवि ..... बाट निकै प्रभावित भएका थिए । (हेनरी जर्ज, जर्ज कारशा, शेली)
- बर्नार्ड शाले आफू निकै ठूलो हुन्जेलसम्म पनि ..... को कमाइमा बाँच्नुपर्‍यो । (आमा, बाबु, बहिनीहरू)
- बर्नार्ड शाको निधन सन् ..... मा भयो । (१९६१, १९५०, १९२५)
- बर्नार्ड शाले ..... को सदस्यका रूपमा पनि काम गरेका थिए । (धार्मिक संस्था, साहित्यिक संस्था, राजनीतिक संस्था)

४. **शुद्धसँग उच्चारण गर**

प्रारम्भिक, कुलत, उत्थान, दृष्टिकोण, विश्वास, सम्मानित, मार्मिकता ।

५. **वाक्यमा प्रयोग गर**

मिठास, गायिका, प्रतिभा, भाषण, विचारपूर्ण, निधन ।

सिर्जनात्मक अभ्यास

१. कुनै साहित्यकारका बारेमा आफूलाई थाहा भएका कुराहरू लेखेर शिक्षकलाई देखाऊ ।

२. सफल साहित्यकार हुन के-कस्ता गुणहरू आवश्यक हुन्छन्, साथीभाइहरूसगँ आपसमा छलफल गर ।

व्याकरण

ह्रस्व-दीर्घसम्बन्धी (क) सामान्य जानकारी

पढ र बुझ

१. **सुरुमा ह्रस्व हुने शब्द**

- सम्पूर्ण क्रियापद - लिनु, दिनु, सुत्नु, उठ्नु, किन्नु आदि ।
- नेपाली भाषाका धेरैजसो मौलिक शब्द- किताब, रूख, सिन्को, छिमेक, गुफा, खुट्टा, ढुकुर, तिउन, कुराकानी, किलो, कुलो आदि ।

२. **बीचमा ह्रस्व हुने शब्द**

- अन्त्यमा "इक" आउने शब्द, जस्तै- सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक आदि ।
- अन्त्यमा 'इत' आउने शब्द, जस्तै- लिखित, रचित, पठित शिक्षित आदि ।
- अन्त्यमा 'आइ' आउने शब्द, जस्तै- लेखाइ, पढाइ, बसाइ; हँसाइ आदि ।
- क्रियापद- झर्किन्छ, लम्किन्छ, चम्किलो, हल्लियो आदि ।

३. **अन्त्यमा ह्रस्व हुने शब्द**

- भाले जाति जनाउने नाम: बाबु, दाजु, भाइ, नाति, भिनाजु, गुरु, गोरु, साधु आदि ।
- अव्य तथा निपात शब्द - मनि, पनि, अधि, पछि, फेरि, भोलिनि, आदि ।
- परिमाण बुझाउने सर्वनामबाट बनेका विशेषण शब्द - यति, कति, त्यति, उति, आदि ।

- उकार अन्त्यमा आउने निर्जीवलाई जनाउने नाम- आलु, उखु, केराउ, गाउँ, स्याउ, तालु, मासु, हिउँ ।
- आरु, आलु, एलु लागेर बनेका शब्द- मायालु, दयालु, मैनालु, निम्तारु, सिकारु, घरेलु आदि ।

तलका थप अभ्यास गर

१. **तलका शब्द शुद्धसँग कापीमा सार**

लीनु, चूल्हो, ऐतिहाँसीक, दुखीत, रुवाई, फुपाजू, माथी, जती, चक्कू, बैंसालू ।

२ **तलका शब्दमा कुन शुद्ध र कुन अशुद्ध छन्, छुट्टाछुट्टै गरी कापीमा टिप**

चिर्नु, अगेनू, राजनैतिक, मर्यादित, सुनाई, पनाति, पर्सी, विषालू, थुम्थूम्याउनु ।

३. माथिको पाठबाट अन्त्यमा ह्रस्व 'इ' र 'उ' भएका शब्दहरू कापीमा टिप ।

४. अघिल्ला पाठहरूबाट ह्रस्व 'इ' र 'उ' भएका शब्दहरू टिपी तालिका बनाऊ ।

खेतीपातीका लागि कृषिमल

खेतीपाती गर्दा कुनै जग्गालाई मलिलो र कुनैलाई रुखो भनिन्छ, किन ? किनभने मलिलो जग्गामा माटो, पानी र मल सबै कुरा मिलेको भएर बढी उब्जनी हुन्छ तर रुखोमा हुँदैन । माटो र पानीबारे हामीलाई केही थाहै छ तर मल अर्थात् कृषिमलका विषयमा केही कुराहरू जान्नु आवश्यक हुन्छ ।

कृषिमल मुख्य दुई प्रकारका हुन्छन् - (१) प्राङ्गारिक मल र (२) रासायनिक मल । माटाको उर्वराशक्तिअनुसार यी दुवै थरी मलको प्रयोग गर्ने गरिन्छ । उर्वाराशक्ति भनेको माटोमा बोटबिरुवाका लागि चाहिने खाद्य-पदार्थ उपलब्ध गराउने तत्त्व हो । माटोमा त्यो तत्त्व कायम राख्न कृषिमलको प्रयोग गरिन्छ ।

प्राङ्गारिक मल भन्नाले गोठको मल, कम्पोस्ट मल, हरियो मल र पीना-मल आदि भन्ने बुझिन्छ । गोठको मल गाई-भैंसीको गोबर तथा सोतर कुहाएर बनाइन्छ । बोटबिरुवाका पातपतिङ्गर, जरा र अरू खेर जाने पदार्थहरू कुहाएर बनाइने मललाई कम्पोस्ट मल भन्दछन् । कोसेबाली अथवा धैंचा, सनाइ आदिलाई खेतबारीमा लगाएर त्यसलाई त्यही खेतबारीमा गाड्ने विधिलाई हरियोमलको प्रयोग भन्दछन्, तोरी बदामजस्ता वस्तुबाट तेल

निकालिसकेपछि बाँकी रहेको खस्रो पदार्थलाई पनि प्राङ्गारिक मलको रूपमा प्रयोग गर्न सकिन्छ, त्यसलाई पीना-मल भन्ने गरिन्छ । प्राङ्गारिक मलको प्रयोग गर्नाले बोटबिरुवालाई आवश्यक पर्ने नाइट्रोजन, फसफरस र पोटास केही मात्रामा उपलब्ध गराउन सकिन्छ ।

रासायनिक मल विभिन्न रसायनद्वारा तयार गरिएको हुन्छ । बोटबिरुवालाई खाद्य पदार्थ छिटो र बढी मात्रामा उपलब्ध गराउनुपर्‍यो भने रासायनिक मलको प्रयोग गरिन्छ । रासायनिक मल पनि विभिन्न किसिमका हुनसक्छन्, जसमध्ये, 'एमोनियम सल्फेट' वा 'युरिया' नामक रासायनिक मलले बोटबिरुवालाई नाइट्रोजन र कम्लेसोल नामक रासायनिक मलले नाइट्रोजन तथा फस्फरस उपलब्ध गराउँछ । पोटास पनि बालीनालीका लागि आवश्यकं हुन्छ । नाइट्रोजन, फस्फरस र पोटासबारे हामीले केही कुराहरू थाहा पाइराख्नु राम्रो हुन्छ ।

बोटबिरुवाको प्रोटिन बन्न नाइट्रोजन आवश्यक हुन्छ । नाइट्रोजनले बोटबिरुवा गाढा हरियो रङ्गको हुन्छ, बाली समयमै पाक्छ र उब्जनी पनि बढी हुन्छ । अनाजका गेडा पुष्ट पार्नमा यसले मदत गर्छ । गाढा हरियोपन ल्याउने भएकाले सागपातको खेतीमा यो विशेष उपयोगी मानिन्छ ।

नाइट्रोजनको कमी हुँदा बाली पहेँलिन्छ, बोटबिरुवा सँप्रदैनन् र बाली छिटो पाक्ने र उब्जनी घट्ने हुन्छ । अनाजको दाना पुष्ट नभई सिकुटिएको र हल्का हुन्छ । फलफूलका बोटको पात छिटो झर्ने र फलको रङ्ग पनि अस्वाभाविक किसिमको हुन्छ ।

नाइट्रोजन बढी हुँदा बालीलाई बेफाइदा गर्छ । पाई र परालको भाग बढी भई उब्जनी कम हुन्छ । बाली ढिलो पाक्छ । बालीनालीको डाँठ कमजोर भई ढल्ने सम्भावना रहन्छ । फलफूल र तरकारी धेरै दिन अड्दैन माटो कडा भई उत्पादनमा असर पार्छ ।

फस्फरसले बोटबिरुवाका जरा बन्ने र बढ्ने प्रक्रियामा मदत गर्छ । पराल र पातको भन्दा अनाजको मात्रा बढाउँछ । बालीनालीको डाँठलाई बलियो पार्छ र बाली छिटो पाक्ने हुन्छ । फलफूल र तरकारी धेरै समय अड्ने पार्छ । विभिन्न रोग र कीराबाट बोटबिरुवालाई बचाउन मदत गर्छ । कोसेबाली सपार्न यो बढी काम लाग्छ । फस्फरसको अभावमा बाली पाक्न ढिला भई उब्जनी पनि घट्ने हुन्छ ।

उखु र आलु खेतीमा पोटासको ज्यादै महत्त्व हुन्छ । उखुमा चिनी र आलुमा 'स्टार्च' बनाउने काम पोटासले नै गर्दछ । बोटबिरुवाको हरियाली बचाउन र नाइट्रोजन बढी भई हुने असर कम गर्न पोटासको आवश्यकता पर्छ । वातावरणको नराम्रो प्रभाव र रोग तथा कीटाणुबाट बच्न पनि यसले ठूलो मदत गर्छ । खास गरी सुर्ती, आलु, रुवो, उखु, तरकारी र फलफूलको गुणात्मक स्तर बढाउन पोटासको प्रयोग गर्नेगरिन्छ ।

पोटासको अभावले बालीमा पहेंलोपन बढी देखिन्छ । फलफूलका बोटको पात पहेंलो वा डढेको जस्तो हुन्छ । बोटबिरुवाको टुप्पा मर्ने कारण पनि पोटासको अभावले गर्दा हो । पोटासको प्रयोग बढी भइहाल्यो भने पनि उति खराब गरेको पाइन्न । यसरी नाइट्रोजन, फस्फरस र पोटास तीनै तत्त्व बोटबिरुवाका खाद्यपदार्थ हुन् भन्ने कुरा बुझ्न सकिन्छ ।

कृषिमलको प्रयोग नगरी उत्पादन बढाउन सकिन्न, तर त्यसको प्रयोग गर्दा केही कुरामा विचार पनि पुऱ्याउनुपर्छ । खेतबारीको माटो सबै ठाउँको एकै किसिमको हुँदैन । तसर्थ, कुन ठाउँका लागि कस्तो मल प्रयोग गर्नुपर्छ भन्ने कुरा जान्न सकेसम्म खेतबारीको माटो परीक्षण गराउनु बेस हुन्छ । त्यो सम्भव नभए, आफ्ना जिल्लाका जे.टी., जे.टी.ए. हरूसँग सल्लाह गर्नु राम्रो हुन्छ र त्यो पनि सम्भव नभए पायक पर्ने कृषि कार्यालयमा सम्पर्क राखी जानकारी लिनु राम्रो हुन्छ ।

खास गरी रासायनिक मलको प्रयोग सावधानीपूर्वक गर्नुपर्दछ । सबभन्दा पहिले त यी सबै थरी मल विषालु भएकाले घरमा राख्दासमेत केटाकेटहिरूले नभेट्ने ठाउँमा राख्नुपर्छ । रासायनिक मललाई ओसिलो ठाउँमा राख्नुहुन्न र प्रयोग गर्नुभन्दा पहिले पानीमा भिजाउनुहुन्न । यसको प्रयोग गर्दा बोटबिरुवाको पात र जरालाई छुवाउनु हुन्न, त्यसो गर्दा छुवाइएको भाग डढ्छ । मलको प्रयोग गरिसकेपछि पटक-पटक पानी दिनुपर्छ नत्र त्यसको नराम्रो असर पर्छ । यी सबै कुरा मिलाएर कृषि, फलफूल वा तरकारी खेती गर्न सकियो भने उत्पादन बढ्छ र देशको आर्थिक उन्नतिमा मदत पुग्छ । साथै, व्यवहार चलाउन सजिलो पनि हुन्छ । यस्ता उपयोगी कुराहरू हामीले घर-गाउँका किसान दाजु-भाइहरूसम्म पुऱ्याउन सक्नुपर्दछ ।

शब्द र अर्थ

रूखो	:	उब्जनी नहुने वा कम हुने भूमि
कृषिमल	:	बालीनालीमा प्रयोग गरिने मल
सोतर	:	थलो ओभानो बनाउन गाई-भैंसीलाई ओछ्याउने सेउला वा पात
कोसेबाली	:	कोसा फल्ने बाली
घेन्चा	:	मलको रूपमा प्रयोग गरिने एक प्रकारको घाँस
सनाइ	:	सुके पनि हरियै रहने एक प्रकारको पात मलको रूपमा प्रयोग गरिने एक प्रकारको झार
प्राङ्गारिक मल	:	पातपतिङ्गर खाडलमा कुहाएर गाउँघरमै तयार गरिएको मल घरेलु मल ।
प्रोटिन	:	प्राणी तथा बोटबिरुवाको सुपोषणका निम्ति आवश्यक पर्ने पोषण तत्त्व
पुष्ट	:	पोटिलो
हरियाली	:	हरियोपना
नाइट्रोजन	:	जमिनलाई उर्बर बनाउन र बालीनाली सपार्नका लागि खेतबारीमा प्रयोग गरिने रासायनिक मल ।
स्टार्च	:	आलुको कार्बोहाइड्रेडयुक्त सेतो भाग
खाद्यपदार्थ	:	खाइने चीजबीज, खानाका रूपमा प्रयोग गरिने पदार्थ
सिकुटिएको	:	चाउरिएको, सुकेको
हल्का	:	हलुको
माटो-परीक्षण	:	माटाको जाँच
ओसिलो	:	अलि-अलि चिसो सेपिलो
विषालु	:	विष मिसिएको

अभ्यास

१. **तलका प्रश्नको उत्तर देऊ**

- माटाको उर्वराशक्ति भन्नाले के बुझिन्छ ?
- प्राङ्गारिक मल कसरी बनाइन्छ ?
- मुख्य-मुख्य रासायनिक मलहरू कुन-कुन हुन् ?
- नाइट्रोजनको कमीले बालीनालीलाई कस्तो असर पर्छ ?

- रासायनिक मलको प्रयौग गर्नुभन्दा पहिले ध्यान दिनुपर्ने कुराहरू के-के हुन् ?
- पोटासको प्रयोगले हुने मुख्य-मुख्य फाइदा के हुन् ?
- फसफरसकोप्रयोग किन गरिन्छ ?

२. 'कृषि उत्पादन बढाउन कृषि मलको आवश्यकता हुन्छ' यस भनाइको आफ्नै शब्दमा बयान गर ।

३. **बुझ र लेख**

- कृषिमल मुख्य दुई प्रकारका हुन्छन् -

  (१) (२)

- बोटबिरुवाका तीनओटा खाद्यपदार्थको नाम -

  (१) (२) (३)

४. **शुद्धसँग उच्चारण गर**

रासायनिक, प्राङ्गारिक, नाइट्रोजन, उर्वराशक्ति, पातपतिङ्गर

५. **अर्थ लेख**

बोटबिरुवा, उब्जनी, सागपात, किसान, हरियो मल

६. **तल लेखिएका कुन भनाइ ठीक र कुन भनाइ बेठीक छन्, छुट्याऊ**

- नाइट्रोजन बढी भयो भने पात र परालको भाग बढी हुन्छ ।
- उखुमा 'चिनी' र आलुमा 'स्टार्च' बनाउने काम फस्फरसले गर्छ ।
- कृषिमलको प्रयोग गर्नुभन्दा पहिले माटो परीक्षण नगरे पनि हुन्छ ।
- रासायनिक मलहरू विषालु किसिमका हुन्छन् ।
- रासायनिक मल हाल्दा जरा र पातलाई छुवाउनुपर्छ ।
- पोटासको अभाव हुँदा फलफूलका बोटको पात पहेंलो वा डढेको जस्तो हुन्छ ।

सिर्जनात्मक अभ्यास

१. विभिन्न किसिमका मलहरूको प्रयोग गर्दा हुने फाइदा र बेफाइदाबारे साथीभाइहरूसँग छलफल गर ।

२. तिम्रा गाउँ-ठाउँमा प्रयोग गरिने मलहरूको नाम लेखी शिक्षकलाई देखाऊ ।

३. मल प्रयोग गरिएका र नगरिएका बालीनाली तथा बोटबिरुवाको अवलोकन गरी तिनमा पाइने भिन्नता कपीमा टिपोट गर ।

व्याकरण

ह्रस्व-दीर्घसम्बन्धी (ख) सामान्य जानकारी

पढ र बुझ

१. सुरुमा दीर्घ हुने शब्द

- संस्कृतबाट नेपालीमा प्रयोग हुन आएका शब्दमा संस्कृतकै नियमअनुसार- ईश्वर, गीता, वीर, शील, शून्य, सूर्य, भूगोल, तीर्थ, धीर आदि ।
- ज्यादै नै भन्ने भावमा प्रयोग हुने विशेषण शब्द :- मीठो, तीतो, चीसो आदि ।
- सर्वनाम शब्द :- ऊ, ती, यी आदि ।

२. बीचमा दीर्घ हुने शब्द

- सर्वनाम शब्द- हजुर, मौसुफ आदि ।
- विध्यर्थक क्रियापद- जाऊन्, दिऊन्, गरून्, बसून् आदि ।
- सङ्ख्या जनाउने शब्द- चालीस, सैंतीस, चौंतीस आदि ।
- अन्त्यमा ईय आउने शब्द- आत्मीय, जातीय, माननीय आदि ।

३. अन्त्यमा दीर्घ हुने शब्द

- पोथी जाति जनाउने नाम- दिदी, सासू, गाई, भैंसी, बुहारी, दमिनी आदि ।
- सर्वनाम शब्द- तिमी, हामी, उनी, यिनी, तपाईं, आफू आदि ।
- पेसा, दर्जा, जात, थर जनाउने शब्द- खेती, व्यापारी, मन्त्री, सिपाही, क्षेत्री, दमाई, भट्टराई, कार्की, लोहनी, मैनाली आदि ।
- आदर र स्नेह जनाउने शब्द- श्री, सुश्री, दाज्यू, मन्त्रीज्यू, पिताजी, सानू, बाबू आदि ।
- निर्जीवलाई जनाउने ईकारान्त शब्द- फर्सी, टोपी, कौसी, सलाई, डाली, पानी आदि ।

तलका थप अभ्यास गर

१. तल दिएका शब्द शुद्धसँग कापीमा सार
सुर्य, आदरणिय, तिमि, कामि, श्रि, राडि, तेतिस ।

२. तल दिएका शब्द कुन शुद्ध र कुन अशुद्ध छन् छुट्टा-छुट्टै गरी कापीमा टिप
शिल, ऊ, पाथि, मितज्यू, सिकर्मि, आमाजु, ईश्वरीय

३. माथिको पाठबाट बीचमा दीर्घ 'ई' र 'ऊ' भएका शब्द कापीमा टिप ।

४. आफूले पढेका पाठहरूका आधारमा छुट्टाछुट्टै तालिका बनाई ह्रस्व-दीर्घसम्बन्धी अभ्यास बढाऊ ।

ह्रस्व 'इ' हुने शब्दहरू	दीर्घ 'ई' हुने शब्दहरू
ह्रस्व 'उ' हुने शब्दहरू	**दीर्घ 'ऊ' हुने शब्दहरू**

जनक शिक्षा सामग्री केन्द्र लि. (एजुकेशन प्रेस) मा मुद्रित ।